वर्ष : १२ | अंक : ७

# अर्थ र रोजगार

ARTHA RA ROJGAR

२०७९ माघ | 2023 Jan.-Feb.

राष्ट्रिय मासिक



गीतसंगीतकै हितमा
काम गर्छु : थापा



मूल्य रु.४०/-, भारु. ३०/-, मलेसियन रिंगेट ५/-, युएई दिराम ५/-, कतारी रियाल ५/-, ओमानि रियाल ०.५/-, बहराइन बिडी ०.५/-, युएस ४ $/-

प्रेम आचार्यको आत्मदाह

## बेथितिमाथि प्रश्नै प्रश्न




**पौष मसान्त २०७९ सम्म**

| | | |
|---|---|---|
| कुल निक्षेप<br>रु. २८२ अर्ब | कुल कर्जा<br>रु. २३५ अर्ब | जनशक्ति<br>४०२४ |
| शाखा<br>२६५ | ए.टि.एम.<br>२६६ | ग्राहक<br>४० लाख |
| | मोबाइल बैंकिङ्ग ग्राहक<br>१५ लाख | |

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड र तपाई माझको ५८ औं वर्ष देखिको सम्बन्ध झन-झन प्रगाढ हुदै गइरहेको सु-अवसरमा ग्राहकवर्ग, नियमनकारी निकाय, शेयरधनी, कर्मचारी एवं शुभेच्छुकहरूमा हार्दिक आभार प्रकट गर्दछौं । साथै, आगामी दिनहरूमा समय अनुसार आधुनिक एवं विश्वसनीय बैंकिङ्ग सेवा प्रदान गर्ने प्रतिबद्धता व्यक्त गर्दछौं ।

राष्ट्रिय वाणिज्य बैंक लि.
RASTRIYA BANIJYA BANK LTD.
...तपाईको आफ्नै बैंक
ने.रा.बैंकबाट 'क' वर्गको इजाजतपत्रप्राप्त संस्था

RBB/DigiPro/2023

राष्ट्रिय वाणिज्य बैंक लि. केन्द्रीय कार्यालय, सिंहदरबारप्लाजा, काठमाण्डौ
फोनः ९७७-१-४२५-२५९५ । फ्याक्सः ९७७-१-४२५-२९३१ । rbb.info@rbb.com.np । www.rbb.com.np


छिटो, सजिलो, विश्वासिलो यस्तो
हातमै पैसा दिए जस्तो
रकम पठाउन तथा पाउनका
लागि भरपर्दो माध्यम
Toll Free : 16600-144444
www.prabhumoneytransfer.com.np
PRABHU®
Money Transfer
प्रभुको इच्छा


चुनौति जहाँपनि छ, अप्ठ्यारो जहिले पनि
आउनसक्छ तर लगनशिल भएर कोशिस
गरिरहे विश्वास र सम्बन्ध सधैं रहिरहन्छ ।
सम्सारा रेमिट जस्तै ।
SAMSARA
REMIT
Toll Free No.
16600171819
www.samsararemit.com

# यसभित्र




८



आवरण

प्रेम आचार्य आत्मदाह :
**बेथितिमाथि प्रश्नै प्रश्न**

वैदेशिक रोजगारबाट फर्किएर देशमै उद्यमशिल बन्न प्रयत्न गरेका इलामका प्रेम आचार्यले मुलुकमा विद्यमान बेथिती र परिस्थितीका कारण चरम निराशामा पुगेर सडकमा नै आत्मदाह गरेसँगै तरङ्ग उत्पन्न भएको छ। स्वदेशमा साना तथा मझौला व्यापार व्यवसाय र उद्यम गरिरहेकाहरूको वास्तविक अवस्था आचार्यको भोगाईसँग मेल खान्छ। उनको आत्मदाह एउटा व्यक्तिको अन्त्य मात्र नभएर हजारौ युवाहरू भित्र गुम्सिएर रहेको कारुणिक चित्कार बन्न पुगेको छ। यससम्बन्धी आवरण रिपोर्ट :




१३ श्रम सम्झौता नविकरण गर्ने सहमति, भिसा सेन्टर र स्वास्थ्य संस्थाको अवलोकन



१५ नेपाल वैदेशिक रोजगार व्यवसायी संघको २९ औं साधारणसभा



२३ आफु पढेको विद्यालयमा एनआरएनए अध्यक्ष कुँवर सम्मानित

३२
चौतारी
को छ **गाउँमा ?**
युवराज नयाँघरे





३४
अनुभूति
उसले **के भनेको** यस्तो ?
शम्भु सुस्केरा



१९
जनजीवन
अनागरिक
**साग आमा**

## सम्पादकीय

# कतारबाट नेपालले कहिले सिक्ने ?

*विश्व मानचित्रमा सानो देश कतारले केही महिना अगाडि करिव एक महिना लगाएर फिफा विश्वकप फुटबल सफलतापूर्वक सम्पन्न गरेर विश्वलाई नै चकित बनायो। विश्वको ध्यान कतारमा तानेर मध्यपूर्वमा नै पहिलो पटक विश्वकप खेलाएर उदाहरण प्रस्तुत गऱ्यो। सानो देश कतारले गरेको विकास र पाएको चामत्कारिक फड्कोबाट नेपालले पनि सिक्ने बेला आएको छ।*

*सन् २००६ को एसियन खेलकुद सफलताको साथ सम्पन्न गरेपछि सन् २०१० मा विश्वकप आयोजना गर्ने अधिकार प्राप्त गर्दा कतारसँग एक मात्र अन्तर्राष्ट्रिय  स्टेडियम थियो। तर इच्छाशक्ति, आत्मविश्वास, तनमन र धनले निरन्तर लागिपरेमा जस्तो सुकै कठिन कार्यलाई सहज बनाउन सकिन्छ भन्ने उदाहरण कतारले प्रस्तुत गऱ्यो। विश्वकप आयोजनाको लागि कतारले १२ बर्षमा ७ वटा नयाँ अत्याधुनिक स्टेडियम मात्रै बनाएन चालकरहित रेल सेवा संचालन, नयाँ अत्याधुनिक हमाद अन्तर्राष्ट्रिय बिमानस्थल तथा कतारका सडकहरूको बिस्तार र बिकास गरेर सुन्दर बस्ती बिकास गरी कतारलाई आधुनिक शहरको रुपमा परिणत गर्न सक्षम भयो।*

*विश्वमा एकै पटक कहिं नदेखिएको जल, जमिन र आकाशको नाकावन्दी छिमेकी देशबाट कतारले यही समयमा भोगेको थियो। विश्वभरी सन्त्रास फैलाउने कोरोना कहरले सबैलाई कायल बनाएको बेलामा पनि कतारले आफ्नो लक्षित उद्देश्य हासिल गर्न सफल भयो। कतारले खेलकुदमार्फत राष्ट्रको बिकास निर्माणमा झन्डै तीन दशक लामो श्रम प्रकृयाबाट निकै ठुलो उपलब्धी हाँसिल गरेको छ।*

*कतार विश्वकप सफल बनाउनका लागि नेपालीको सहभागिता र योगदान पनि उल्लेख्य रहेको छ। झण्डै ३ लाख नेपाली कतारी भूमिमा काम गर्दछन्। कतारको हरेक काममा ब्ल्युकलर जब होस या ह्वाइट कलर जबमा नेपालीहरू प्रत्यक्ष अप्रत्यक्ष रुपमा जोडिएका छन। कतार विश्वकप सफल भएसँगै भिजन २०३० अन्तर्गतको लक्षित योजनामा अगाडि बढिसकेको छ। अबको बर्षमा कतारले पुनर्निर्माण भन्दा पनि खेलकुदको देश, शिक्षाको देश, मेला तथा सेमिनारको देश, समुन्द्रको बिचमा रहेको शान्त र सुन्दर पर्यटकहरुको प्रमुख गन्तब्यको देशको रुपमा स्थापित गराउने लक्ष्य लिएको छ।*

*कतारले नीतिगत र दिर्घकालीन योजनाका माध्यमबाट स्थानीय जनता र अन्तर्राष्ट्रिय साझेदारीमा द्रुत विकास गर्न सकिने रहेछ भन्ने बुझाएको छ। आफ्नो काम तथा जिम्मेवारी पूरा गर्ने प्रतिबद्धता राष्ट्रिय स्वार्थ केन्द्रमा राखेर गर्ने हो भने नेपालजस्तो सम्भावना नै सम्भावना भएको देशलाई विश्वकै अझ सुन्दर र विकसित बनाउन सकिन्छ भन्ने विश्वास कतारबाट सिक्न सकिन्छ।*

*देश विकासमा 'स्ट्रङ र डेडिकेटेड लिडरशीप' आवश्यक हुन्छ भन्ने सन्देश कतारले दिएको छ। दिगो लक्ष्य लिएर हिड्यो भने पक्कै सफल होइन्छ भन्ने उदाहरण कतारले देखाएको छ। डेडिकेटेड र कमिटेड भएर लागने हो भने नेपाल बनाउनलाई पनि धेरै समय लाग्दैन। दक्ष जनशक्तिहरू नेपालमै प्रशस्त छन्, मात्र भिजन र यसप्रति प्रतिवद्ध सरकार चाहिएको छ।*


**रोजगार मिडिया प्रा.लि.**

जि.प्र.का. काठमाडौं द. नं. १३७/०६७/०६८

अर्थ र रोजगार
राष्ट्रिय मासिक
AARTHA RA ROJGAR

• वर्ष १२ • अंक ७ • २०७९ माघ

**सल्लाहकार**
युवराज नयाँघरे
जगदीश खरेल
शंकर खनाल

**सम्पादक**
उद्धव भट्टराई

**कार्यकारी सम्पादक**
सुमन गिरी

**सह-सम्पादक**
उत्तम भट्टराई

**प्रमुख व्यवस्थापक**
फणिन्द्र दाहाल

**व्यवस्थापक**
पर्वत विश्वकर्मा

**संवाददाता**
सरोज श्रेष्ठ
कृष्ण पाण्डे
मोहन सुवेदी

**ओमान संयोजक**
दिपक श्रेष्ठ
(९६८९६०५३४६९)

**कतार प्रतिनिधि**
खेम भट्टराई
(९७४५६०९५७८)

**कला संयोजक**
हेमन्तराज गौतम

**प्रतिनिधि**
राजु थापा (क्यानडा)
जनक गिरी (जापान)
हरिकृष्ण अधिकारी (इजरायल)
यामबहादुर पुरकोटी (युएई)

**कानुनी सल्लाहकार**
देवराज कटुवाल

**डिजाइन**
महेश कार्की

**मुद्रक**
नयाँ नेपाल प्रेस प्रा.लि.,
असन, काठमाडौं
फोन : ९८५११७९९९६

**कार्यालय**
रोजगार मिडिया प्रा.लि.
ज्ञानेश्वर, काठमाडौं
पो.ब. नं. १२०१८,
फोन : ०१-४५३१०४३
९८४९१४५५३४,९८५१००१३२५
इ-मेलः artharojgar@gmail.com
www.rojgarmanch.com



# पाठक पत्र



## धेरै अवसर लिनबाट चुक्यौं

कतार विश्वकप २०२३ सफल हुनुमा नेपालीको पनि ठुलो भूमिका रहेको छ। विश्वकप आयोजनाको अधिकार पाएसँगै यसको संरचना र पूर्वाधार निर्माणमा धेरै नेपालीहरूले रोजगारीको अवसर पाए। तर, विश्वकपकै दौरानमा पनि अवसरको प्रशस्त संभावना हुँदाहुँदै ती अवसर लिनबाट भने हामी चुक्यौं। आगामी दिनमा यस्ता कम्जोरी नदोहोरिने गरी नेपाल सरकारले स्पष्ट नीति बनाउन जरुरी छ।

*- राजन कार्की, कतार*

वैदेशिक रोजगारीमा जान झन्झटिलो प्रक्रिया हुँदा नेपालले पाएको अवसर पनि सदुपयोग गर्न नसकेको कतारका लागि नेपाली राजदूत डा. नरेशबिक्रम ढकालले नै बताएका छन। विश्वकप दौरानमा मात्र होइन राम्रा र आकर्षक मुलुकमा पनि यस्ता झन्झटिला प्रक्रियाले नेपालीले पाएका अवसर सदुपयोग गर्न सकिएको छैन। सरकारले यसतर्फ बेलैमा ध्यान दिए आगामी दिनमा अवसर गुम्ने थिएनकी।

*- उर्मिला गोले, युएई*

## कार्यविधि लागू पनि होस्




वैदेशिक रोजगारको क्षेत्रमा रहेका श्रमिकहरूलाई सामाजिक सुरक्षा कोषको दायरामा समेटने गरी कार्यविधि सार्वजनिक गरिएको समाचार पढदा खुसी लाग्यो। अब यसलाई कसरी विदेशमा रहेका नेपालीको पहुँचमा पुऱ्याउने र कार्यान्वयन गर्ने भन्ने विषयमा सामाजिक सुरक्षा कोष गम्भिर भएर लाग्नुपर्छ। होइन भने कार्यविधि ल्याउनु मात्र कुनै उपलब्धी मान्न सकिँदैन।

- प्रताप बजगाई, मलेसिया

## स्वदेशमा केही देख्दैनन् युवाहरू



अर्थ र रोजगार पत्रिकाको पुस अंकमा युवराज नयाँघरे सरको 'थोरै कमाई !' लेख गहिरिएर पढे। बास्तवमै स्वदेशमा गरिखाने अनगिन्ती काम भएपनि अहिलेको युवा पुस्ताले त्यसमा मन बसाएको देखिदैन। एकै पटक ठुलो कमाइको आशा राख्नेहरूलाई लेखमा उल्लेख गरिए जस्तै इजरायल बसेर आएकी नमिता पात्रलाई पार्लर, टपरी बुन्ने पेशा, माला बनाउने पेशा, अचार बनाउने पेशा जस्ता पेशामा मन नगएजस्तै कहाँ आखा लाग्छ र ?

*- विन्दु चापागाईं, काठमाडौं*

## लुकेको वास्तविकता

अहिले पनि समाजमा गाँस, वास र कपासको खोजिमा भौतारिइरहेका धेरै नेपाली छन्। रोग र भोकसँग लडिरहेका उत्तिनै छन्। उनीहरूले अब त राजनैतिक दलका नेता र राज्यसँग आफ्ना समस्या समाधान गरिदेलान भन्ने आशा नै मारिसके। शम्भु सुस्केराको लेखमा उल्लेख भएझै हरेक चुनावमा नेताहरूले दिने आश्वासनले वाक्क भएकी एक मतदाताले भोट माग्न गएका उम्मेदवारलाई फर्काएको जवाफ यसैको उदाहरण हो।

*- सुरज काफ्ले, हेटौंडा*



### गजल

**पर्शुराम चौधरी 'सुमन'**

जुन र ताराले आकाश राम्रो
प्रेमको मीठो आभास राम्रो।

के छ ? बिचार ए मेरि कान्छी
बिवाहलाई बैशाख मास राम्रो।

अमृत भन्दा पनि मलाई त
उनको ओठको मिठास राम्रो।

पुर्णिमामा जुन र बासुरीमा धुन
अनि बरमालामा दुबो घास राम्रो।

पिउन चाहन्छु म, त्यो नशा प्रेमको
हाय ! ती नयनरुपी गिलास राम्रो।

आऊ एक भई लेखौ, तिम्रो-मेरो
अनि ? अनि हाम्रो इतिहास राम्रो।

त्यो दरवार ? भन्दा त सुमनलाई
उनको हृदय भित्रको बास राम्रो॥

(बराहक्षेत्र-५, सुनसरी)




## प्रेम आचार्यको आत्मदाह

# बेथितिमाथि प्रश्नै प्रश्न

• अर्थ र रोजगार

नयाँ बानेश्वरस्थित संघीय संसद भवन अगाडि आफैलाई आगो लगाएर आत्मदाहको प्रयास गरेका इलामका ३७ वर्षिय प्रेम प्रसाद आचार्यको घटनाको भोलिपल्ट उपचारकै क्रममा मृत्यु भयो। प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' संसद भवनबाट निस्कने बित्तिकै सडकमा आफुमाथि पेट्रोल खनाएर आगो लगाएका आचार्यको घटनाको प्रत्यक्षदर्शी स्वयं प्रधानमन्त्री नै बन्न पुगे।

वैदेशिक रोजगारबाट फर्किएर देशमै उद्यमशिल बन्न अनेक प्रयत्न गरेका आचार्य मुलुकमा विद्यमान बेथिति र परिस्थितीका कारण चरम निराशामा पुगेका थिए। आफ्नै प्रयत्नले अनेकौ व्यवसायको प्रयास गरेका उनी वैदेशिक रोजगारीमा पनि गए। तर, देशमै केही गर्ने अठोट बोकेका उनी विदेशमा पनि टिक्न सकेनन। स्वदेश फर्किएर उद्यममा लागेका उनी पटक पटकको असफलताले अन्ततः कठोर निर्णयको अवस्थामा पुगे।

आत्मदाह गर्नु अघि सामाजिक सञ्जाल फेसबुकमा लामो स्टाटस लेखेका आचार्यले देशको अवस्था, आर्थिक भार र अन्य विभिन्न पक्षबारे लेखेका छन्। आफुले जिवनभर खाएको हण्डर जस्ताको तस्तै स्टाटसमा लेखेका उनले आत्मदाह गर्नुको कारणसहित आफुजस्तै स्वदेशमै केहि गर्न खोज्नेहरूका लागि त्यस्तो परिस्थितीको सिर्जना नहोस् भनेर सुझावसमेत दिएका छन।

आचार्यको आत्मदाह र उनको स्टाटसले अहिले देशमा मात्र नभएर संसारभर रहेका नेपालीमाझ तरङ्ग उत्पन्न गराएको छ। स्वदेशमा साना तथा मझौला व्यापार व्यवसाय र उद्यम गरिरहेकाहरूको वास्तविक अवस्था आचार्यको भोगाईसँग ठयाक्कै मिल्दो छ। यसर्थ उनको आत्मदाह एउटा व्यक्तिको अन्त्य मात्र नभएर हजारौ युवाहरू भित्र गुम्सिएर रहेको कारुणिक चित्कार बन्न पुगेको छ।

सरकारका मन्त्री, विभिन्न राजनीतिक दलका नेता, कलाकार, बुद्धिजिवी, आम नागरिक एवं प्रवासमा रहेका नेपालीहरूले आचार्यले आत्मदाह गर्नुमा राज्य दोषी रहेको टिप्पणी गरेका छन्।

आचार्यले उठाएका धेरै विषय मननयोग्य रहेको र यसलाई सुधार्न सकिने अवस्था रहेकाले सबैले यस विषयमा मन्थन गर्नुपर्ने अर्थविद् डा. स्वर्णिम बाग्ले बताउँछन। उनी भन्छन् -'यसलाई पोलीशी रिफर्म मै ढाल्नुपर्‍यो, प्रेम आचार्यको घटना एउटा म्यानिफेस्टो नै हुन सक्छ। उनको त ज्यान गैहाल्यो, यसबाट पाठ सिकेर अब हामीले आर्थिक सुधारको श्रृखलानै सुरु गर्नुपर्छ।'

### उद्यमी व्यवसायीहरूमा चरम निराशा

देशभर आचार्यको आत्मदाहको चर्चा चलिरहदा उनको मृत्यु भएको भोलिपल्ट विराटनगरमा फेरी एक व्यवसायीले व्यवसाय संचालन गर्दाको ऋण तिर्न नसकेपछि आत्महत्या गरेका छन्। मोरङको विराटनगर महानगरपालिका ३ पोखरियाका ५७ वर्षीय मोहन न्यौपानेले बैंक र सहकारीको ऋणको

अर्थिक भार तिर्न नसकेको सुसाइड नोट लेख्दै आफ्नै घरमा झुण्डिएर आत्महत्या गरेका हुन् ।

विराटनगरकै शनी रोडमा शिखर इलेक्ट्रिक पसलका सञ्चालक उनी मोरङ इलेक्ट्रिक संघका पूर्वअध्यक्ष समेत हुन् । उनले लेखेको सुसाइड नोटमा व्यवसायका लागि सांग्रिला बैंकबाट १ करोड ४५ लाख ऋण लिएको खुलेको छ । उक्त ऋणको बैंक किस्ता ५ लाख गरी १ करोड ५० लाख र अर्को एक सहकारीमा १० लाख ऋण रहेको उल्लेख छ ।

गत भदौ २१ गते कोरोना कहरपछि व्यवसाय तहसनहस हुँदा र व्यवसाय गर्न लिएको ऋणको बोझ थाम्न नसकेर काठमाडौंको न्यूरोडमा रहेको रञ्जना ट्रेड सेन्टरको चौथो तलामा स्वेत वराह इन्टरप्राइजेज पसल संचालन गरिरहेका शुदर्शन घिमिरेले आत्महत्याको बाटो रोजे । काभ्रेको नाला घर भएका घिमिरेले बैंकले ऋणको ब्याज तिर्न ताकेता गरिरहेको गुनासो गर्दै साथीभाईसँग सहायताका लागि याचना गरेका थिए । तर कतैबाट सहयोग पाउन नसकेपछि घर गएका उनी घर नजिकैको जंगलमा मृत भेटिए ।

पछिल्लो समय उद्यमी व्यवसायीहरू चरम निराशामा रहेको यी श्रृखलाबद्ध घटनाहरूबाट बुझ्न सकिन्छ । उद्यम-व्यवसायका लागि उचित नीति नहुँदा, जताततै झण्झटिलो प्रक्रिया, बिचौलियाको बिगविगी, बैंक तथा वित्तिय संस्थाको अनियन्त्रित व्याजदर बृद्धिलगायतका कारण विशेषगरी साना तथा मझौला उद्यमीहरू चर्को मारमा परिरहेका छन् ।

काठमाडौं उपत्यकाका व्यापारी व्यवसायीहरूले आचार्यले जस्तै अन्य व्यवसायीले आत्महत्या गर्नुपर्ने अवस्था नहोस भन्दै काठमाडौंको माइतीघर मण्डलामा भेला भएर प्रदर्शन गरेका छन । राज्यले व्यवसायीहरूप्रति हेर्ने दृष्टिकोण तत्काल परिवर्तन गर्नुपर्ने, बैंकले बढाएको अस्वभाविक ब्याजदरको अन्त्य हुनुपर्ने, व्यवसायीक वातावरण कायम गर्नुपर्ने लगायतका मागहरू राखेर व्यवसायीहरू विरोधमा उत्रिएका हुन् ।

नेपाल राष्ट्रिय व्यवसायी महासंघका अध्यक्ष कुमार कार्की भन्छन्-'देशमा केही गरौ भन्ने व्यवसायीहरू चरम निराशामा रहेका छन्, राज्यले व्यवसायीका मर्का नबुझ्ने हो भने अझ धेरै दुर्घटना घट्ने छन् ।'

नेपाल हिमालय सीमापार बाणिज्य संघका अध्यक्ष अशोक श्रेष्ठ साना तथा मझौला व्यवसायीहरूलाई बैंकहरूले अस्वभाविकरुपमा ब्याजदर बढाउदा समस्या दिनप्रतिदिन थपिइरहेको बताउँछन् । बैंकहरूको यस्तो व्यवहारका कारण धेरै व्यवसायीहरूमा निराशा छाएको र कैयौले आत्महत्याको बाटो रोज्न बाध्य भएको अध्यक्ष श्रेष्ठको भनाई छ ।

देशको आर्थिक मेरुदण्डको रुपमा रहेका उद्योगी व्यवसायीहरूप्रति राज्यले गर्दै आएको अवहेलना र बैंक तथा वित्तीय संस्थाहरूले लिने चर्को ब्याजदरलगायतका कारण व्यवसायीहरू आत्महत्या गर्न बाध्य हुनुपरेको र यसको अन्त्य गर्नका लागि राज्य कटिबद्ध भएर लाग्नुपर्ने व्यवसायीहरूको माग छ ।

### ■ पछिल्लो ५ वर्षमा **आत्महत्या गर्नेको संख्या**

| | |
|---|---|
| आ.व. ०७४/०७५ | ५३१७ जना |
| आ.व. ०७५/०७६ | ५७५४ जना |
| आ.व. ०७६/०७७ | ६२४१ जना |
| आ.व. ०७७/०७८ | ७११७ जना |
| आ.व. ०७८/०७९ | ६७९२ जना |

*चालु आर्थिक वर्ष ०७९/०८० को ५ महिना (मंसिर मसान्त) सम्म २ हजार ४ सय ८० जनाले आत्महत्या गरेको प्रहरीको तथ्यांकले देखाएको छ ।*

### सरकारको लाचारिपन

कुनै पनि नागरिक आत्महत्या गर्ने अवस्थामा पुग्नु वा बाध्य हुनु भनेको सरकारको लाचारीपन हो । झन संसद भवन अगाडी प्रधानमन्त्रीकै सामुन्नेमा आत्मदाह प्रयासको घटनाले सबत्र लज्जित बनाएको छ । यो घटनाले नेपालमा मात्र नभएर विश्वमा नेपालीको अवस्थालाई उदाङ्गो बनाएको छ ।

प्रेमप्रसाद आचार्यले संघीय संसद् भवन अगाडि दिउँसो आफैंलाई आगो लगाएर आत्मदाह गर्ने प्रयास गरेको घट्नाले राज्य लज्जित भएको भन्दै कांग्रेस नेता डा . शेखर कोईराला भन्छन् -'हामी अझै युवाले गरेको आत्मदाह र त्यस पछाडिको कारणबारे वहस गरेर अब त्यस्तो परिस्थिति दोहोरिन नदिने वातावरणको श्रृजना गर्ने कि सत्ताको अंकगणित मै अल्झिरहने ?'

तत्कालिन उपप्रधान एवं गृहमन्त्री रवि लामिछानेले सामाजिक सञ्जाल फेसबुकमा आफैंलाई आगो लगाएर जलाउने प्रेमप्रसाद आचार्यको निर्णयमा आफूहरू दोषी रहेको स्वीकारेका छन । उनले आचार्यको परिवारसँग भेटेर घटनाको बारेमा बुझ्दै आचार्यले उठाएको सवालहरूबारे छानविन गर्ने आश्वासनसमेत दिएका थिए ।

लामिछानेले सामाजिक सञ्जालमा लेखेका छन् -'मलाई थाहा छ, आत्मदाहको निर्णय हिजोदेखिको निराशा र पिडाको परिणाम हो । दुख त मलाई यसमा लागेको छ कि हामी जस्ता नयाँहरूको आगमनलेसमेत तपाईमा उत्साह थप्न सकेन, आशा जगाउन सकेन, आत्मदाहको निर्णय फेर्न सकेन । यसमा हामी दोषी छौं, म दोषी छु । प्रेम आचार्यजी, नयाँ राजनीतिक दल र नेताको रुपमा तपाईमा आशा जगाउन सकेनौं, हामीलाई माफ गर्नु होला । तपाईंको आत्माले चिर शान्ति पाओस्, परिवारलाई यो पिडा सहने शक्ति मिलोस् ।'

पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराईले उद्यमी युवाको आत्महत्या प्रकरण निकै मार्मिक रहेको बताउँदै यसलाई गम्भीरतापूर्वक लिनुपर्ने बताएका छन् । 'सबैले बेलैमा गम्भीरतापूर्वक लिऔँ र उपचार खोजौं । अन्यथा युवाहरू विदेश पलायन हुने वा देशभित्रै आत्महत्या गर्ने प्रवृत्ति बढ्दै गएमा देश ठूलो संकटमा फस्नेछ । आरोप-प्रत्यारोप हैन, आत्मसमीक्षा गरौं र सबैले आ-आफ्नो ठाउँबाट भूमिका निर्वाह गरौं !'

पूर्वगृहसचिव तथा ट्रान्सपरेन्सी इन्टरनेश्नलका पूर्वअध्यक्ष खेमराज रेग्मी मुलुकमा रहेको बेथिति, अराजकता र कानुनविहिन राज्यको अवस्था प्रेम प्रसाद आचार्यको आत्मदाह घटनाले उजागर गरेको बताउँछन । 'राज्यको बेथितिले गर्दा मान्छेमा जुन निराशा आयो, त्यसैको परिणाम इलामका





प्रेमप्रसाद आचार्यले आत्मदाह गर्नुपरेको हो' उनी भन्छन् ।

नेपाली कांग्रेसका महामन्त्री गगन थापाले यो कुनै व्यक्तिको असफलता मात्र नभएर राज्य संयन्त्र र समग्र सिष्टमको असफलता भएको बताएका छन् । उनी भन्छन -'आचार्यले उठाएका विषय र प्रसंगलाई सम्बोधन गर्न निरन्तर लागिरहने अठोट गर्न सकियो भनेमात्र यस्तो निराशा र विष्मय कोही नागरिकले भोग्नु पर्ने थिएन कि !'

काठमाडौ महानगरपालिकाका मेयर बालेन शाहले पनि यो आत्मदाह राज्यको चरम असफलताको संकेत भएको बताएका छन । 'उनको व्यवसायमा, उनको निराशामा, उनको सहयोगको याचनामा, उनको सुरक्षामा, उनको उद्दारमा, उनले भोगेको हरेक चरणमा राज्य असफल भएको छ । राज्यका हरेक तप्का, निकाय र अंगहरू असफल भएका छन्' शाहले आफ्नो फेसबुक वालमा लेखेका छन् ।

गृह मन्त्रालयले सहसचिव नारायणप्रसाद रिसालको संयोजकत्वमा आचार्य आत्मदाह प्रकरण छानविन गर्न ६ सदस्यीय छानबिन समिति गठन गरेको छ । अर्थमन्त्रालयका उपसचिव, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयका उपसचिव, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका उपसचिव, नेपाल प्रहरीबाट प्रहरी उपरीक्षक र राष्ट्रिय अनुसन्धान विभागका उप-अनुसन्धान निर्देशक सदस्य रहने गरि समिति गठन भएको हो ।

आत्मदाहको प्रयास गरेका आचार्यले सामाजिक सञ्जालमा उठाएका सबै विषयमा यथाशीघ्र छानबिन गरी प्रतिवेदन तयार पार्न र त्यससम्बन्धमा सरकारले के के गर्नुपर्ने हो सुझाव तयार पार्ने कार्यादेश समितिलाई दिइएको छ ।

तर हरेक जस्तो घटनामा छानविन समिति बन्ने त्यसले प्रतिवेदन बनाउने र थन्क्याउने काम मात्र भएको सरोकारवालाहरू बताउँछन । 'अलिकति रेस्पोन्सहरू कर्मकाण्डी जस्तो देखियो । हवाइजहाज दुर्घटना भयो भनेपनि छानविन, आगलागि हुँदा पनि छानविन, अहिले यो विशिष्ट परिस्थितीको घटना भयो यसमा पनि छानविन । सबैलाई एउटै डालोमा हालेर हेरियो । जुन पृथकपना छ यो घटनाको यसमा मानवीय संवेदना देखिनुपर्थ्यो जस्तो लाग्छ' अर्थविद डा. स्वर्णिम वाग्ले भन्छन ।

### आत्मदाहले उठाएको बहस

पछिल्लो केहि वर्षयता नेपालमा आत्महत्याको दर उच्च देखिएको छ । विशेषगरी भुकम्प, नाकाबन्दी तथा कोरोना कहरबाट सिर्जित परिस्थितीका कारण पनि मानसिक स्वास्थ्य समस्या बढन पुग्दा यो अवस्था सिर्जना भएको हो । विशेषगरी युवावर्ग तथा केहि गर्न खोज्नेहरूले अनावश्यक हण्डर र दुःख भोग्नुपर्दा मानसिक स्वास्थ्य समस्या बढ्न पुगेको स्वास्थ्यविदहरूको भनाई छ ।

आत्महत्या मुलतः मानसिक समस्याका कारण हुने भएपनि यसका पछाडि पारिवारिक समस्या, आर्थिक समस्या, सामाजिक समस्या

## आचार्यले उठाएका मुद्दाबाट आर्थिक सुधारको श्रृंखला सुरु गर्नुपर्छ



डा. स्वर्णिम वाग्ले, अर्थविद्

प्रेमप्रसाद आचार्यको यो घटनाले सन् २०१० मा ट्युनिसियामा एउटा सडक व्यापारीले प्रशासनको हेपाहा प्रवृत्ति खेप्न नसकेर आत्मदाह गरेपछि जुन अरब क्रान्ति भयो त्यो याद गरायो । त्यसपछि तानाशाही शासन भएका अरबका धेरै देशमा स्वतन्त्रताको लहर चल्यो । नेपाली समाज, नेपालको राज्य संयन्त्रको असंवेदनाले गर्दा त्यस्तै क्रान्ति शुरु होलाकी भन्ने लागेको थियो ।

प्रेम आचार्यको स्टाटस मैले ३ पटकसम्म अध्ययन गरे । त्यसको मानविय पाटो त छदैछ, गरिखाने हुटहुटी भएको एउटा युवाले भोग्नुपरेका संघर्षहरूका बारेमा गहिराइमा उहाँले उल्लेख गर्नुभएको छ । उहाँले तमाम विषयहरू छुनुभएको छ । मैले यसलाई प्राज्ञिक दृष्टिकोणले र नीतिगत सुधारमा पनि उपयोगी हुने देखेर आइआइडीएस भन्ने संस्थामा साथीहरूसँग शेयर गरे । यसलाई पोलीशी रिफर्म मै ढाल्नुपर्‍यो, प्रेम आचार्यको घटना एउटा म्यानिफेस्टो नै हुन सक्छ । उनको त ज्यान गैहाल्यो, यसले अब आर्थिक सुधारको श्रृखलानै सुरु गर्नुपर्छ भन्ने बिचार पलायो ।

२० वर्षको उमेरदेखि उहाँले जुन संघर्ष गर्नुभयो, यसले नेपालको १५-२० वर्षको ऐना देखाएको छ । हामी खाली सरकारलाई मात्र गाली गर्छौ, सरकार मात्र होइन राजनीतिकर्मीहरूको अक्षमता त एकातिर छदैछ, सरकारमा पनि एउटा ठुलो हिस्सा कर्मचारीतन्त्रको छ । त्यहाँ उठाइएका विषयहरूले यो सरकारभन्दा पनि माथिको दायरामा गएको छ, राज्यकै दायरा यसले छोएको छ । यसैले सरकारबाट राज्यमा त गयौ, राज्यभन्दा पनि फराकिलो दायरा समाज छ, समाजभन्दा पनि फराकिलो दायरा राष्ट्रिय-अन्तर्राष्ट्रिय क्षेत्र छ ।

हामी कस्तो भताभुङ्ग अवस्थामा अहिले रहेका रहेछौ यो घटनाले प्रष्ट पारेको छ । करका कुराहरू, नीतिगत कुराहरू धेरै छन । तर, सरकार मात्र होइन समाजमा कहलिएका व्यक्तिहरू, नयाँ राजनीतिक अभ्यास गर्न खोजेका पात्रहरू, ठूला ठूला प्रतिष्ठित घरानाहरू यसमा मुछिएका छन् । होलाकी उनीहरू व्यक्तिगत रुपमा त्यहाँ नमुछिएपनि उनीहरूका कारिन्दाहरू, उनीहरूको नाम जोडिएका व्यापारिक प्रतिष्ठानहरूमा काम गर्ने मानिसहरुले गरेका व्यवहारहरू, हाकाहाकी कमिशनदेखि लिएर लुट्ने, ठग्ने, समयमा पैसा नदिने जस्ता कुराहरू जोडिएका छन् ।

प्रेमजीको आत्मदाहपछि सरकारको रेस्पोन्स कर्मकाण्डी जस्तो देखियो । हवाइजहाज दुर्घटना भयो भनेपनि छानविन, आगलागि हुँदा पनि छानविन, अहिले यो विशिष्ट परिस्थितीको घटनामा पनि छानविन । सायद नेपालको इतिहासमै यस्तो घटना भएको याद छैन । भनेपछि सबैलाई एउटै डालोमा हालेर हेरियो । जुन पृथकपना छ यो घटनाको यसमा मानवीय संवेदना देखिनुपर्थ्यो, त्यस्तो सरकार पक्षबाट देखिएन ।

प्रेरणादायी र सफल उदाहरण भएका छिटफुट घटनाहरू पनि छन, त्यो चाहि अपवाद जस्तो भयो । समग्रमा केहि गर्न खोज्नेहरू चर्को संघर्षमा नै छन भन्ने प्रष्ट भएको छ । समाजशास्त्रीय, अर्थशास्त्रीय, नीति निर्देशकै कुराहरूको पनि आचार्यले बिउ रोपिदिएका छन् । यसमा मन्थन आवश्यक छ । प्राज्ञिक तवरले नीति निर्माण गर्नेहरूले त्यसलाई गम्भिरतापूर्वक लिनुपर्ने देखिन्छ ।

किस्ता तिर्न नसक्दा बैंकले गाडि नै खोसेर लगिदिएको कुरा, कर्जाका कुरा, ब्याजदरका कुरा, इन्स्युरेन्सका कुरा, विदेश

लाने मेनपावरका कुरा वहाँले गर्नुभएको छ। ठुला घरानाबाट खेपेको व्यवहार र उधारोको कल्चरबारे वहाँको ठूलो पीडा हामीले पढ्यौ। साना व्यापारीले क्यासमा खरिद गरेर ठूला व्यापारीहरूको स्टोर भरिदिनुपर्ने विडम्बना उहाँले पोख्नुभएको छ। स्वदेशी उद्यम फस्टाउन राज्यबाट प्राप्त हुने सहुलियत तथा अनुदानहरू कसरी दुरुपयोग भएका छन भन्ने उहाँले स्पष्ट पारिदिनुभएको छ।

सरकार सरकारजस्तो छैन, पार्टीहरू पार्टीजस्ता भएनन् गिरोहजस्ता भएका छन्। नीजि क्षेत्र नाफा कमाउने ध्याउन्नमा मात्र देखिन्छ। हुन त स्वदेशमा रोजगारी सृजना गर्ने, राज्यलाई कर तिर्ने र राज्यबाट सहजकर्ताको भूमिका खोजेजस्तो देखिए पनि बास्तविक उद्यमशिलता नीजि क्षेत्रमा पनि देखिएन। राज्य तथा राजनितिज्ञहरूलाई नीतिगत कब्जा गरेर कसरी लुटिहाल्ने र आफ्नो व्यवस्था गरिहाल्ने भन्नेतिर उनिहरूको ध्यान गएको देखिन्छ।

हामीले म्याक्रो इकोनोमीका कुरा गर्दा त्यहाँ भित्र ३ करोड मानिसको सम्वन्ध छ भन्ने विर्सन्छौ। यो घटनाले अर्थशास्त्र भनेको निरश तथ्यांक या अंकको खेल मात्र होइन भन्ने देखाउछ। रेमिट्यान्सबाट यति आयो रे, यति निर्यात भयो रे, राजश्व यति उठ्यो रे भनिरहदा त्यो अंकका पछाडिको मानविय वेदनाहरू र पीडाहरू यो घटनाले छर्लङ्ग पारेको छ।

हुन त कुनै पनि काम गर्दा हठात निर्णयहरू गर्नु हुँदैन र अलिकति सुविचारितढंगले आफ्ना कदमहरू चाल्नुपर्छ भन्ने यसबाट शिक्षा पनि लिन सकिन्छ। फलानोले त्यो काम गरेको छ म पनि त्यही हामफाल्छु भन्दै आफ्नो आय र आफ्नो सामर्थ्य भन्दा ठुला जोखिम मोल्न खोज्नु हुँदैन। यसमा सचेतनाका पनि कुरा आउछन्।

समाजमा अलिकति जिम्मेवारी लिइसकेका व्यक्तिहरूको ध्येय र उद्देश्य के हुनुपर्छ भने यहाँ व्यापार व्यवसायको वातावरण र नीतिगत सुधारको माहोल यस्तो बनोस कि मानिसहरू अहिले कमाइरहेको भन्दा आधा तलबमै अमेरिका, न्युजल्याण्ड, अष्ट्रेलियामा भन्दा नेपालमै केहि गर्न चाहन्छु भनोस, हो त्यो वातावरण चाहि हामीले बनाइदिन सक्नुपर्छ।

आचार्यले उठाएका समस्याहरूलाई सुर्धान सकिन्छ। यो हाम्रो कन्ट्रोल बाहिरको दैवीप्रकोप जस्तो विषय होइन। सबै लाग्ने हो र इच्छाशक्ति जगाउने हो भने समस्यामा सुधार ल्याउन सकिन्छ। उनले उठाएका धेरै मुद्धाहरू सान्दर्भिक छन, त्यसमा थप छलफल गरौ। आगामी जेठ १५ मा बजेट आउदैछ त्यसमा उनले उठाएका केहि विषयको सम्बोधन हुनैपर्छ। अर्थतन्त्र सुधारका लागि आचार्यले उठाएका विषयले अब नीति निर्माणको तहमा ठाँउ पाउनुपर्छ।

*(जगदिश खरेलले हट सिटमा धध लिएको अन्तर्वार्ताको सम्पादित अंश)*

तथा व्यक्तिगत समस्याहरू जोडिएका हुन्छन। विशेषगरी कोभिड महामारी सुरुभएयता आर्थिक समस्याका कारण धेरै युवाहरू तथा उद्यमी व्यवसायीहरू मानसिक स्वास्थ्य समस्याको शिकार बनेका छन् भने कैयौ आत्महत्याका घटना घटिसकेका छन।

आत्महत्या समस्याको समाधान होइन। तर नेपाल प्रहरीका अनुसार देशभर दैनिक सरदर १७ जनाले आत्महत्या गर्ने गरेका छन। प्रायः आत्महत्याका घटनामा सामान्य कारण खुल्ने गरेपनि आचार्यले संघर्षको सुरुवातदेखि जिवनको अन्त्यसम्मको सम्पूर्ण इतिबृत्ति सार्वजनिक गरे। जसका कारण पनि आचार्यको घटनाले नयाँ बहस छेडेको छ र एउटा जबर्जस्त प्रश्न राज्यका सामु तेर्स्याएको छ -यो देशमा गरिखानेका लागि किन ठाउँ छैन ?

आफ्नै देशमा उद्यमी बन्ने प्रयत्नमा हरेक मोडमा भोगेका अनगिन्ति पीडा, सम्बन्धित निकायबाट पाएको असहयोग, निराशा र राज्यको नागरिकप्रतिको गैरजिम्मेवारपनले सिर्जित अवस्था हो यो घटना भन्ने प्रष्ट हुन्छ। सरसर्ती हेर्दा आत्मदाहको कारण उनी आफैंजस्तो देखिए पनि हाम्रो सिस्टमको उपज हो यो घटना भन्न सकिन्छ।

आचार्यले उठाएका सवालहरू र उनले भोगेका यावत् समस्याका कारण हाम्रो देशको भ्रष्ट राजनीति, निकम्मा कर्मचारीतन्त्र, बजार माफिया र बिचौलियाका साथै समग्रमा हाम्रो विद्यमान सामाजिक संरचना नै दोषी छ। यसमा कसैको दुई मत नहोला। यो राज्य संयन्त्र र सिस्टमको असफलताको एउटा भयावह एवं दारुण दृश्य हो भन्न सकिन्छ।

> आचार्यले उठाएका सवालहरू र उनले भोगेका यावत् समस्याका कारण हाम्रो देशको भ्रष्ट राजनीति, निकम्मा कर्मचारीतन्त्र, बजार माफिया र बिचौलियाका साथै समग्रमा हाम्रो विद्यमान सामाजिक संरचना नै दोषी छ ।

### विदेशबाट फर्कन खोज्नेलाई झड्का

आचार्य घटनाले वैदेशिक रोजगारीको विट मारेर स्वदेश फर्कन इच्छुक धेरै नेपालीहरूलाई तरंग पैदा गरिदिएको छ। भैरहेको रोजगारी छाडेर स्वदेश फर्किदा केहि गर्न नसकिने पो होकी भन्ने उनीहरूको आशंकालाई स्वदेशमै अनगिन्ती प्रयास गर्दा थाकेका आचार्यको आत्मदाहले थप झड्का लागेको छ।

युरोपमा रहेका नेपाली पत्रकार केजिन राई आफ्नो फेसबुकमा लेख्छन्-'कतारमा श्रम गरेर मुलुक मै केही गर्छु भन्ने राष्ट्रबादी चिन्तनले ओतप्रोत रहेर फर्केका प्रेमजी पीडा, हरेक ठाउको हन्डर र ठक्करबाट बिबश भएर आत्मादाहको निर्णयमा पुग्नु दुःखद कुरा हो। प्रवासबाट नेपाल फर्कन चाहने र तयारीमा बसेका हामी जस्ताको मन यो घटनाले झस्काएको छ।'

त्यसैगरी जापानमा कार्यरत ददिवल खड्का लेख्छन् -'विदेशमा भाडा माझ्न वा जे पनि गर, ४५ डिग्रीमा काम गर, तर नेपाल नजाउ, नेपाल दलाल, चोर र राजनीतिलाई पेशा बनाउनेको लागि मात्र हो, मेहनेत गर्न खोजे प्रेमप्रसाद जस्तै हुने हो।'

कतारमा कार्यरत प्रताप ढुंगानाले भनेका छन् -'स्वदेश फर्कन चाहने हजारौ नेपालीको चाहानामा प्रेमजीको आत्मदाहले झस्काएको छ, स्वदेशमा ढुक्क भएर सीप र पूँजी लगानीको वातावरण बनाउन सरकारसँग माग गर्दछु।'

विभिन्न व्यवसायमा असफलता भोग्नुपरेपछि विकल्पको खोजिमा आचार्य वैदेशिक रोजगारीका लागि कतार गएका थिए। विदेशिएको केहि समयमै उनी सेल्स एण्ड मार्केटिङ म्यानेजर पनि बने। ५ हजार रियाल तलबसहित आकर्षक सेवासुविधा पाएका उनले सन् २०१४ देखि २०१७ सम्म कतारमा काम गरे। स्वदेशमा लागेको ऋण तिरेर अलिअलि कमाई हुन थालेपछि आचार्यमा फेरी स्वदेशमै केहि गर्ने अठोट पलायो।

उनले कतार बस्दा अन्य देशबाट आएको ताजा फलफुल, तरकारी, मासु एबम विविध खाद्य सामाग्री विक्रिवितरण भएको देखेका थिए। यसरी नै सुरक्षित प्याकिङ गरेर आफ्नै थलोका मौलिक खानेकुराहरू बजारमा बेच्न किन नसकिएला र भन्दै उनले जन्मथलो इलाममा सुर्योदय एग्रो इन्डष्टिज् एण्ड फार्म हाउस प्रा.लि. संचालन गरे।

आफ्नो गल्ती यहीनेर भएको उल्लेख गर्दै आचार्यले स्टाटसमा लेखेका छन -'मैले सोचे पैसालाई जग्गामा फ्रिज गर्ने होइन चलायमान बनाउने, उद्योग खोल्ने, पैसा कमाउने र सबैको उदाहरण बन्ने हो। बरु बचेको पैसाले जग्गा किनेको भए यतिखेर ५ डबल हुने रहेछ।'

स्वदेशमा उद्यमशिल बन्ने प्रयास गर्दा अनगिन्ती हण्डर भोगेका आचार्यले पुनः वैदेशिक रोजगारीमा जान पनि प्रयत्न गरे। तर सोचेजस्तो काम नपाएकाले उनी जान सकेनन।

'धेरै युवाहरूलाई विदेश नजाउ देशमै केही गर भनी प्रोत्साहित गरे, गाउँ फर्कौ महाअभियान नै चलाए, तर अन्त्यमा किन यो देशमा काम गर्न छाडेर विदेश नै ताक्छन युवाहरू भन्ने पाठ आफ्नै व्यवसायिक असफलताबाट सिके, यो देशको भ्रष्ट नीतिबाट सिके, दलालहरूले चलाएको

देशको अर्थतन्त्रबाट सिके, एकाधिकार बजारबाट सिके, नातावाद, पक्षपात आदिबाट सिके तर यहाँसम्म आइपुग्दा आफ्नो सबै सके, उठ्नै नसक्ने गरि लडे । मैले जसजस्लाई यो देशमै केही गर बिदेश नजाउ भनेको छु, म त्यो आग्रह फिर्ता लिन चाहन्छु, मलाई माफ गर्नुहोला । यो देशमा केही गर्न नसकिने रहेछ । यो देश भ्रष्ट रहेछ । पाइला पाइलामा अन्याय र विभेद रहेछ' आचार्यले आत्मदाह अघि आफ्नो स्टाटसमा लेखेका छन् ।

### उद्यमशिल बन्न खोज्दाको सास्ती

स्वदेशमा उद्यमशिल हुन चाहने युवाहरूले खाएको हण्डरका प्रतिनिधि पात्र बनेका छन् प्रेम आचार्य । सुर्योदय एग्रो फार्ममार्फत उनले इलाम घ्यु, इलाम गुन्द्रुक, इलाम अकबरे अचार, तामाको अचार आदि उत्पादनहरू बनाएर बेच्न थाले । सुरुमा गाडी भाडामा लिएर झापाको बिर्तामोड, दमक, इटहरी, धरान, बिराट्नगरमा बिक्रि सुरु गरेका उनले साना ठुला किराना पसलदेखि ठुलाठुला डिपार्टमेन्ट स्टोर्सहरूमा सामान पुऱ्याउन थाले । विदेशी बजारसम्म पनि उनका उत्पादन जान थाले ।

तर आफुले नगद लगानी गरेर बजारमा उधारो बेच्नुपर्दा आचार्य विस्तारै समस्याको दलदलमा फस्न थाले । सुरु गरेको काम छाडौ बजारमा उधारो फसेको छ, नछाडौ पार लाग्ने कुनै उपाय नै छैन । यसपछि उनी पुनः ऋणको चक्करमा लाग्नु पऱ्यो । त्यही बेला बैकहरूले ऋण बन्द गरिदिदा ३६ प्रतिशत व्याजमा व्यक्तिगत ऋण लिनसमेत बाध्य भएको आचार्यले खुलाएका छन् ।

कृषिजन्य बस्तुको कारोबारमा सरकारबाट अनुदान पाइने सुनेर प्रदेश १ सरकार कृषि तथा भूमी ब्यवस्था मन्त्रालयमा उनले ४ पटकसम्म अनुदानका लागि आवेदन दिए । अनुदानको आश्वासन पनि पाए । तर, नेता तथा उनीहरूका आसेपासेले बर्षैपिच्छे अनुदान पाइरहदा उनले कहिल्यै पाउन सकेनन । सरकारले विभिन्न नाममा ल्याएका अनुदान कार्यक्रम तथा वैदेशिक रोजगारीबाट फर्किएकालाई पुर्नस्थापित गर्नका लागि ल्याइएका कार्यक्रम यसरी नै दुरुपयोग भैरहदा लक्षित वर्ग कहिल्यै त्यो पहुँचमा पुग्न नसक्ने यर्थाथ यही घटनाबाट पनि प्रष्ट हुन्छ ।

खुद्रा बिक्रीबाट मात्र केहि पार नलाग्ने देखेर उनले डिलरशिप सुरु गरे । डिलरशिप भएपछि नेपालका नाम चलेका ठुला-ठुला डिपार्टमेन्ट, मार्ट, उद्योगहरूमा आफ्ना उत्पादन सप्लाई गर्न थाले । तर उधारो र दुःखको सिलसिला झन बढी भोग्न बाध्य भए । उनले आफ्नो स्टाटसमा नामै लिएर ठुला व्यापारी र उद्यमीबाट भोग्नुपरेको पीडा छर्लङ्ग पोखेका छन् ।

'एउटा गाउमा बसेर, उद्योग चलाएर भाटभटेनी, नेपाल ग्रामोध्योग, गोल्यान एग्रो, डाबर नेपाल, बिगमार्ट, साथीमार्ट जस्ता देशकै नाम चलेका औद्योगिक/ब्यापारिक घरानालाई तथा मार्टहरूलाई आफ्नो ग्राहक बनाइ सामान बेचियो तर, मर्नेगरी घाटा खाइयो । यसको प्रमुख कारण उधारो बजार र ठुला बिक्रेताहरूको हेपाहा प्रवृत्ति नै हो' आचार्यले स्टाटसमा उल्लेख गरेका छन् ।

सरकारबाट भोग्नुपरेको सास्ती पनि उनले यसरी पोखेका छन 'फ्याक्ट्रीले सीधै सामान बेच्न नपाउने, अडिटमा कतै रेकर्ड नहुने भिसिटिएस प्रणाली लागू गर्नुपर्ने रे, त्यो नहुँदा ५ हजारसम्म तिरेको छु प्रहरीलाई । इलामको सब्जी काठमाडौ बेच्न लिएर आउदा पनि भिसिटिएस रे ! अनि बाटोमा चेकिङमा बसेका प्रहरीलाई सब्जी बाड्दै आउनुपर्ने नदिए आफै गाडिमा चडेर झिक्ने । कति लुट्छौ हो ? जताततै लुट्ने मात्र । भाडाका गाडिले पनि लुट्ने, प्रहरीले पनि लुट्ने, सरकारले पनि करको नाममा लुट्ने, बजारका खुद्रा व्यापारीले पनि लुट्ने । अनि जग्गा जमिन नबेचेर के गर्नु त ?

स्वदेशमा उद्यम धन्दा गर्दा सरकारी प्रणालीबाट भोग्नुपर्ने सास्ती पनि उनले सबिस्तार पोखेका छन् । 'व्यापार घाटामा हुँदा पनि घाटा देखाए बैंकले ऋण नदिने, बाध्य भएर नाफा देखाउदा नाफाको २५ प्रतिशत कर तिर्नुपर्ने, खर्च देखाउन आफु र श्रीमतिले तलब खाएको देखाउदा १ प्रतिशत टिडिएस तिर्नुपर्ने, महिनैपिच्छे कारोबारको १३ प्रतिशत भ्याट बुझाउनुपर्ने, त्यो बिलम्ब भए २४ प्रतिशत व्याज तिर्नुपर्ने' आचार्यले लेखेका छन 'यति मात्र हो र ? हरेक वर्ष कम्पनी रजिष्ट्रारमा, घरेलुमा, नगरपालिकामा कम्पनी रिन्यू शुल्क गरेर तेहोरो पैसा बुझाउनुपर्ने । अनि बार्षिक अडिट शुल्क आदि । अनि कसरी थाम्छ एउटा गाँउमा रहेको कम्पनीले यी सबै शुल्क र भार ?'

### 'साना तथा मझौला उद्यमीका समस्या सम्बोधन अत्यावश्यक'

इलामका व्यवसायी प्रेम प्रसाद आचार्यले मूलतः व्यवसायिक कठिनाइका कारण आत्मदाह गर्नुपरेको भन्दै नेपाल उद्योग वाणिज्य महासंघले व्यवसायिक समस्याका कारण व्यवसायीहरू देह त्याग गर्नुपर्ने अवस्थामा पुग्नु निकै दुःखदायी रहेको बताएको छ ।

तरलता अभावका कारण सिर्जित समस्या, अस्थीर ब्याजदर, बजारमा उधारो नउठ्ने समस्या, बजार अभाव, प्रविधिको कमी, नीतिगत अस्पष्टता र सरकारी निकायको वेवास्ताका कारण लाखौ लघु, घरेलु, साना एवं मझौला उद्यमी आहत भएका महासंघको भनाइ छ ।

सरकार र केन्द्रीय बैंकबाट यस्ता मागको सुनुवाई हुन नसक्दा दुःखद् घटनाहरू बढ्दै गइरहेको भन्दै महासंघले लघु, घरेलु, साना एवं मझौला उद्यमीका समस्या तत्काल सम्बोधन गर्न नेपाल सरकार, नेपाल राष्ट्र बैंक र अन्य सरोकारवालाहरूसँग माग गरेको छ ।

### नेपाल र नेपाली डायस्पोरामा मानसिक स्वास्थ्यको समस्या विकराल बन्दै : स्वास्थ्य विज्ञ

नेपाल र नेपाली डायस्पोरामा मानसिक स्वास्थ्यको समस्या विकराल बन्दै गएकोमा स्वास्थ्य विज्ञहरूले चिन्ता व्यक्त गरेका छन् ।

गैरआवासीय नेपाली संघ (एनआरएनए) को महिला विभाग अन्तर्गतको महिला स्वास्थ्य तथा शिक्षा कार्यदलले आयोजना गरेको 'स्वास्थ्य सचेतना र सल्लाह' कार्यक्रममा स्वास्थ्य विज्ञहरूले पछिल्लो समय मानसिक स्वास्थ्य समस्या र त्यसका कारण आत्महत्या जस्ता गम्भीर घटनाहरू बढिरहेको भन्दै चिन्ता व्यक्त गरेका हुन् । उनीहरूले समस्या सम्बोधनका लागि सबै पक्ष गम्भीर भएर अघि बढ्नुपर्ने आवश्यकता औंल्याएका छन् ।

कार्यदलकी अध्यक्ष एवं कार्यक्रम संयोजक डा. एलिनी पोखरेल सुवेदीका अनुसार विश्वभर छरिएर रहेका गैरआवासीय नेपालीहरूलाई स्वास्थ्य सेवा दिने उद्देश्यले सो कार्यक्रमको थालनी गरिएको हो । भर्चुअल माध्यमबाट पहिलो चरणको कार्यक्रम एसिया प्यासिफिक क्षेत्रबाट सुरु गरिएको हो । पोल्याण्डमा कार्यरत कार्यक्रम संयोजक पोखरेलले आगामी दिनमा नेपालका सातै प्रदेशदेखि विश्वभरका सातै क्षेत्रमा कार्यक्रम पुऱ्याउने लक्ष्य रहेको बताइन ।

कार्यक्रममा त्रिभुवन विश्व विद्यालयका प्रोफेसर डा. सरोज प्रसाद ओझा (मनोचिकित्सक) ले मानसिक स्वास्थ्यका बारेमा अध्ययनपत्र प्रस्तुत गर्दै नेपालसहित विदेशमा रहेका नेपालीहरू मानसिक स्वास्थ्य समस्याको जोखिममा धकेलिने क्रम बढ्दो रुपमा रहेको बताए । नेपालमा मानसिक स्वास्थ्यका कारण आत्महत्याका घटना बढ्दो क्रममा रहेकोले यस सम्बन्धमा गम्भीर हुनुपर्ने उनले बताए । नेपालमा मात्रै नभई डायस्पोरामा रहेका नेपालीमा पनि मानसिक स्वास्थ्य समस्या विकराल बन्दै गएको भन्दै उनले सरोकारवाला सबै मिलेर उक्त स्वास्थ्य जोखिम न्यूनीकरणका लागि काम गर्नुपर्ने बताए ।

उनले भने, 'अधिकांशले मानसिक स्वास्थ्य समस्याका विषयमा खुलेर कुरा गर्न रुचाउँदैनन्, करीब ९० प्रतिशतले मानसिक स्वास्थ्य परामर्श नै पाउँदैनन् किनकी उनीहरूले आफ्नो समस्या खुलेर व्यक्त गर्दैनन् वा गर्नका लागि उचित स्थान वा मौका नै पाउँदैनन्, मानसिक स्वास्थ्य बिना कुनै मान्छे स्वस्थ हुन सक्दैन तर यो बुझाउन सकिएको छैन ।' उनका अनुसार, ८० प्रतिशत आत्महत्या मानसिक स्वास्थ्यका कारण हुने गरेको पाइएको छ । २५ प्रतिशत नेपालीमा मानसिक स्वास्थ्य समस्या हुने र समस्याग्रस्तमध्ये ९० प्रतिशत मानसिक स्वास्थ्य सेवाको पहुँच बाहिर हुने गरेको डा. ओझाले बताए । मनोपरामर्श, खानपान र शारीरिक व्यायाम, योग, ध्यान लगायतका गतिविधिमा लाग्न प्रोत्साहन गर्न सके समस्या केही हदसम्म समाधान हुने उनको भनाई थियो ।

कार्यक्रममा गैरआवासीय नेपाली संघका कार्यकारी अध्यक्ष रबिना थापा, अध्यक्ष डा. बद्री केसी, अध्यक्ष कुल आचार्य, महिला उपाध्यक्ष यास्मिन बेगन, पूर्व महिला संयोजक रजनी प्रधान लगायतले आ-आफ्नो धारणा राख्दै कार्यक्रमलाई नेपालसहित नेपाली भएको सबै देशमा पुऱ्याउन सुझाव दिएका थिए ।



मलेसियाका गृहमन्त्रीको नेपाल भ्रमण

# श्रम सम्झौता नविकरण गर्ने सहमति, भिसा सेन्टर र स्वास्थ्य संस्थाको अवलोकन

मलेसियाका गृहमन्त्री फुद्दिन नासुसन इजमाइलले ३ दिने नेपाल भ्रमण गरेर नेपाल-मलेसिया सम्बन्धलाई थप बलियो बनाएर फर्किएका छन् । नेपालीको प्रमुख रोजगार गन्तब्य मलेसियाले नेपाली कामदारको उच्च माग गरिरहेको अवस्थामा गृहमन्त्री इजमाइलको नेपाल भ्रमण सार्थक मानिएको छ ।

नेपालमा रहेको बेला गृहमन्त्री इजमाइलले प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' र श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री डिपी अर्याललाई भेटेर दुई पक्षिय छलफल गरेका छन् । सरकारी भेटवार्तापछि नेपाल र मलेसियाबीच नेपाली श्रमिकको हक अधिकार रक्षाका लागि श्रम सम्झौता नविकरण गर्ने सहमति भएको छ ।

श्रम सम्झौता नविकरणका लागि दुवै पक्षका सम्बन्धित निकायले आपसी सहकार्य र छलफल गरी तत्काल सम्झौता नविकरण गर्ने सहमति भएको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ । नेपाल र मलेसियाबीच २०७५ कात्तिकमा श्रम समझदारी भएको थियो । उक्त भेटर्वार्तामा दुवै देशबीच उच्च राजनीतिक तथा प्रशासनिक तहमा भेटघाट तथा सम्वाद बढाउँदै व्यापार, लगानी, पर्यटन, आर्थिक विकासलगायत क्षेत्रमा मिलेर काम गर्ने विषयमा छलफल भएको जनाइएको छ ।

सो अवसरमा प्रधानमन्त्री दाहालले मलेसियामा रहेका नेपाली कामदारको हित, सुरक्षा र कल्याणको विषय सुनिश्चित गर्नुपर्नेमा जोड दिएका थिए । 'मलेसिया सरकारले नेपाली श्रमिकलाई प्रदान गर्दै आएको वातावरणका लागि सरकारकातर्फबाट धन्यवाद दिन चाहन्छु', उनले भने, 'यदि यो विषयमा केही समस्या भएमा कानूनी तथा संस्थागत सुधार गर्दै मलेसिया सरकारले नेपाली श्रमिकको हित, कल्याण र सुरक्षालाई सुनिश्चित गर्नेछ भन्ने विश्वास लिएका छौँ । यो विषयमा मलेसिया सरकारसँग सहकार्य गर्न हामी सदैव तत्पर छौँ ।'

भेटमा प्रधानमन्त्री दाहालले मलेसिया सरकारकातर्फबाट श्रमिकको न्यूनतम ज्याला एक हजार दुई सय रिङ्गेटबाट वृद्धि गरेर एक हजार पाँच सय बनाएकोमा धन्यवाद दिएका थिए । यसका साथै उनले फ्रि भिसा र फ्रि टिकटको व्यवस्थालाई अझै कडाइका साथ लागू गर्ने प्रतिबद्धता व्यक्त गरे ।

प्रधानमन्त्री दाहालले मलेसियामा नेपाली श्रमिक इमान्दार र परिश्रमीका रूपमा सुपरिचित भएको उल्लेख गर्दै भविष्यमा नेपाली श्रमिकको संख्या वृद्धि गर्न मलेसिया सरकारलाई आग्रह गरेका छन् । उनले मलेसियामा नेपाली श्रमिक र श्रम क्षेत्रलाई खुला, पारदर्शी, विश्वासिलो, प्रभावकारी र व्यवस्थित बनाउने विषयमा मलेसिया सरकारको सहयोग आवश्यक रहेकोमा समेत जोड दिएका छन् ।

भेटमा गृहमन्त्री इजमाइलले विदेशी श्रमिकलाई भित्र्याउने प्रक्रिया र त्यहाँ रहँदा कामदारको कल्याण र सुरक्षाका विषयमा मलेसियाली सरकार गम्भीर रहेको बताए । उनले मलेसियाको पाँच वटा आर्थिक क्षेत्रमा कामदारको आवश्यकता रहेको जानकारी दिँदै कामदारको कल्याणका लागि नीतिगत तथा कानूनी ढाँचामा सुधार गर्ने प्रतिबद्धता व्यक्त गरे । उनले नेपाली श्रमिकको प्रशंसा गर्दै कामदारलाई सहज हुने गरी अन्य नीतिगत सुधारसमेतका लागि मलेसियाले गृहकार्य गर्ने बताए ।

यसअघि गृहमन्त्री नासुसन इस्मालीले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री डोलप्रसाद अर्यालबीच नेपाली कामदारको सुरक्षा, सेवासुविधा तथा अवसरको बारेमा छलफल भएको थियो । नेपालीको प्रमुख रोजगार गन्तव्य देश मलेसियाका गृहमन्त्री इजमाइलको नेतृत्वमा रहेको मलेसियन उच्चस्तरीय भ्रमण टोलिसँग नेपालका श्रममन्त्री अर्यालको नेतृत्वमा करिव डेड घण्टा छलफल भएको हो । नेपाल र मलेसियाबीचको काठमाडौंमा भएको यो उच्चस्तरीय श्रम बैठक हो ।

छलफलका क्रममा नेपाल मलेसिया श्रम सम्झौता नविकरण, नेपाली कामदारको अधिकार, सुरक्षा, अवसर विषय प्रमुख बनेको श्रम मन्त्रालयले जानकारी दिएको छ । बैठकमा नेपालको तर्फबाट गृह सचिव विनोदप्रकाश सिंह, परराष्ट्र









सहसचिव लोकबहादुर थापा, निमित्त श्रमसचिव डण्डुराज घिमिरे, सहसचिव रामचन्द्र ढकाल, वैदेशिक रोजगार विभागका प्रमुख उमाकान्त आचार्य लगायतको टोली सहभागी रहेको थियो। मलेसियाको तर्फबाट नेपालका लागि मलेसियाली राजदूत मोहमद फाजिल अबु हसन र मानव संशाधन मन्त्रालयका प्रतिनिधिहरू रहेका थिए।

मलेसियाले तुरुन्तै पाँच लाख कामदार लैजाने नीति लिएपछि मलेसियाका गृहमन्त्री छलफलका लागि काठमाडौं आएका हुन। छलफलमा नेपालले तत्काल श्रम सम्झौता नविकरण गर्नुपर्ने, नेपाली कामदारको पारिश्रमिक बृद्धि र थप अधिकारसहित दक्ष र अर्धदक्ष कामदारको अवसर उपलब्ध गराउन माग गरिएको जनाइएको छ। मन्त्री अर्यालले नेपालीलाई अदक्ष कामदारभन्दा केही सीप सिकाएर पठाउन आवश्यक भएकाले मलेसियाले त्यसतर्फ ध्यान दिन जरुरी रहेको बताए।

छलफलमा मलेसियाका गृहमन्त्री इजमाइलले नेपाली कामदार सबैको रोजाईमा पर्ने हुँदा उनीहरूको अधिकार र अवसरका लागि मलेसिया सरकारले कुनै कसर बाँकी नराख्ने बताएका थिए। मलेसियाले घरेलु कामदार पनि पठाउन नेपाललाई आग्रह गरेको छ। मन्त्री इजमाइलले अन्य देशको तुलनामा नेपालीहरू जेलमा ज्यादै कम रहेको र गैरकानूनीरुपमा रहेकाहरूलाई एक पटक कानूनी मान्यताका लागि अवसर दिएको जानकारी दिए।

नेपाल र मलेसियाबीच श्रम सम्झौता भएपछि गत वैशाखमा मात्रै नेपालका तर्फबाट मन्त्रीस्तरीय भ्रमण भएको थियो। त्यो भ्रमण कूटनीतिक भेटमा मात्रै सीमित भएकोले अहिलेको भेटवार्तालाई महत्वका साथ हेरिएको छ। कोभिड महामारीको समयमा रोकिएको विदेशी कामदार भर्ना प्रक्रिया मलेसियाले गत अप्रिलमा सुरु गरेको थियो। त्यसयता झन्डै दुई लाख नेपाली मलेसिया गइसकेका छन्।

## मलेसिया भिसा सेन्टर र मेडिकल सेन्टरको अवलोकन

नेपाल भ्रमणमा रहेका बेला मलेसियाका गृहमन्त्री फुद्दिन नासुसन इजमाइलले काठमाडौंस्थित मलेसिया भिसा सेन्टर र मेडिकल सेन्टरको अवलोकन गरेका छन्।

गृहमन्त्री इजमाइलले नारायणहिटी उत्तरढोका मेट्रो पार्कमा रहेको हेलो ट्राभल्सले संचालन गरिरहेको मलेसिया भिसा सेन्टरमा करिब एक घण्टा बिताएका थिए। सो अवसरमा उनले भिसा प्रोसेसिङ प्रक्रियाबारे अभिरुचीपूर्वक अवलोकन गरेका थिए।

मलेसियाली गृहमन्त्री सैफुद्दिन उक्त भिसा सेन्टर पुग्दा सञ्चालक रामप्रसाद श्रेष्ठलगायतले स्वागत गर्दै नेपाली टोपी लगाइदिएका थिए।

त्यसपछि मलेसियाली गृहमन्त्री इजमाइलले गैह्रीधारामा रहेको इन्द्र ट्राभल एण्ड टुर्सले संचालन गरेको मलेसिया भिसा सेन्टरको अवलोकन गरेका थिए। अनलाइन प्रणालीबाट काम गरिरहेको उक्त भिसा सेन्टरको सेवालाई गृहमन्त्रीले उत्सुकतापूर्वक अवलोकन गरेको संचालक एमएस काप्रीले जानकारी दिए।

'मन्त्रीज्युले झण्डै ४५ मिनेट हाम्रो काम गर्ने शैली र सेवाका बारेमा उत्सुकतापूर्वक चासो राख्नु भयो' संचालक काप्रीले बताए। मलेसिया जाने जो कोहीले हेल्लो ट्राभल्स र इन्द्र ट्राभल्सबाट मात्र भिसा प्रोसेस गर्न नेपालस्थित मलेसियाली दूतावासले तोकेको छ।

त्यसैगरी मलेसियाका गृहमन्त्री इजमाइलले नेपाल स्वास्थ्य व्यवसायी महासंघका अध्यक्ष अध्यक्ष कैलाश खड्काको स्वास्थ्य संस्था अनमोल मेडिकल सेन्टरको अनुगमन गरेका छन्। मलेसिया जाने कामदारको बायोमेट्रिक स्वास्थ्य परीक्षण गर्ने स्वास्थ्य संस्थाको अनुगमन गर्ने क्रममा सिनामंगलमा खड्काले संचालन गरेको अनमोल मेडिकलको निरीक्षण गरेका हुन्। मलेसिया जाने कामदारले मलेसियाले तोकेका ३६ वटा संस्थाबाट मात्र मेडिकल जाँच गर्नु पर्ने हुन्छ। त्यसमध्येको अनमोल एक हो।

मलेसिया सरकारको विदेशी कामदार केन्द्रीय व्यवस्थापन प्रणाली (एफडब्लुसिएमएस)सँग जोडिएको प्रणाली उक्त ३६ वटा स्वास्थ्य संस्थाले प्रयोग गर्दछन्। मलेसियाका गृहमन्त्री इजमाइलले गुणस्तरीय स्वास्थ्य परीक्षणमा मलेसिया सरकारको जोड रहेको बताउँदै गृह मन्त्रालयले आवश्यकता अनुसार स्वास्थ्य परीक्षण केन्द्रको अनुगमन गर्न टोली पठाउने बताएका छन्।

नेपाल स्वास्थ्य व्यवसायी महासंघका अध्यक्ष कैलास खड्काले गृहमन्त्री इजमाइललाई अनमोल सेन्टरमा स्वागत गर्दै कामदारको गुणस्तरीय स्वास्थ्य परीक्षण गर्न मलेसियाका स्वास्थ्य मापदण्डलाई पूर्ण रुपमा पालना गरेको बताए।



**मलेसियाका गृहमन्त्री चन्द्रागिरी भ्रमणका क्रममा।**



नेपाल वैदेशिक रोजगार व्यवसायी संघको २९ औं साधारणसभा

# वैदेशिक रोजगारमा गएका **श्रमिक र व्यवसायी**लाई सरकारले विशेष महत्वका साथ हेर्छ : प्रधानमन्त्री

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले वैदेशिक रोजगारमा गएका श्रमिक र व्यवसायीहरूलाई सरकारले विशेष महत्वका साथ हेर्ने बताएका छन् ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघको २९ औ साधारणसभाको उदघाटन गर्दै प्रधानमन्त्री प्रचण्डले वैदेशिक रोजगारमा गएका श्रमिक र व्यवसायीहरूलाई सरकारले विशेष महत्वका साथ हेर्दै वैदेशिक रोजगार व्यवसायको क्षेत्र पारदर्शी र सम्मानित बनाउनका लागि आफुले कुनै कसर बाकी नराख्ने बताएका हुन ।

'विदेशमा गएका श्रमिकहरूको रगत पसिनाबाट देश चल्नुपर्ने अवस्था छ, त्यसकारण पनि हामीले वैदेशिक रोजगारमा गएका श्रमिकहरूलाई उच्च प्राथमिकता दिदै व्यवसायीहरूको काम र व्यवसायलाई पनि विशेषरुपले हेर्नुपर्छ भन्ने महसुस् गरेका छौ' उनले भने ।

प्रधानमन्त्री प्रचण्डले वैदेशिक रोजगारीको क्षेत्रमा थुप्रै समस्या रहेको भन्दै यसको न्यूनिकरणका लागि व्यवसायीले पनि सहयोग गर्नुपर्ने आवश्यक्ता औल्याए । उनले भने, 'वैदेशिक रोजगार व्यवसायको क्षेत्रमा थुप्रै समस्या रहेका छन, यो व्यवसाय संवेदनशील पनि छ । यसलाई व्यवस्थित र मर्यादित बनाउनैपर्छ । यसभित्र थुप्रै विकृति र विसङ्गति छन्, त्यसको अन्त्य गर्नुपर्छ । मेरो विश्वास छ, सरकारको प्रयासमा तपाइँहरूको पनि साथ हुनेछ ।'

वैदेशिक रोजगार ऐन संशोधन गर्नुपर्ने आवश्यक्ता आफुले पनि महसुस गरेको बताउदै प्रधानमन्त्री प्रचण्डले भने -'मन्त्रालयमा यस विषयमा विस्तृत जानकारी लिएर ऐन संसोधनको प्रकृया अघि बढाउनेछु ।'

साधारणसभामा बोल्दै श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री डोलप्रसाद अर्याललले वर्तमान अवस्थामा वैदेशिक रोजगारी रोक्न सम्भव नभएको बताउदै यसलाई सुरक्षित, व्यवस्थित तथा पारस्परिक लाभको क्षेत्र बनाउनुपर्नेमा जोड दिएका छन ।

उनले भने, -'विश्व व्यापारीकरणको वर्तमान समयमा वैदेशिक रोजगारी रोक्न असम्भव भए पनि यसलाई सुरक्षित मर्यादित व्यवस्थित तथा पारस्परिक लाभको क्षेत्र बनाउने प्रयास गर्न आवश्यक छ ।'

मन्त्री अर्याललले वैदेशिक रोजगारीलाई बाध्यात्मक नभएर स्वेच्छिक बनाउने वर्तमान सरकारको लक्ष्य रहेको उल्लेख गर्दै सीपयुक्त र



दक्ष जनशक्तिलाई वैदेशिक रोजगारीमा पठाउने गरी काम गर्ने बताए । उनले भने -'विदेश जाँदा वा नेपालमै रोजगारी खोज्दा होस् सम्बन्धित क्षेत्रको सीप हासिल गर्नु आवश्यक छ ।' वैदेशिक रोजगार व्यवसायीहरूलाई पनि विधिसंगत रूपमा व्यवसाय चलाउन आग्रह गर्दै उनले यसो गर्दा सरकारले वैदेशिक रोजगार व्यवसायलाई सम्मानजनक व्यवहार गर्ने बताए ।

श्रम सचिव एकनारायण अर्यालले मुलुकको अर्थतन्त्र धानिरहेका वैदेशिक रोजगार व्यवसायीहरूप्रति राज्यले खासै ध्यान दिन नसकेको महसुस गरेर नै श्रम मन्त्रालयले वैदेशिक रोजगार व्यवसाय सहज गराउन काम गरिरहेको बताए ।

वैदेशिक रोजगार ऐनको कारण व्यवसायी तथा श्रमिकहरूले दुःख र हैरानी व्योहोर्न बाध्य भैरहेको सचिव अर्यालको भनाई छ । 'कामदार पठाउन झन्झटिलो प्रक्रिया र कानुनका कारण ६ महिनासम्म लाग्ने अवस्था छ' सचिव अर्यालले भने 'हामीले गन्तव्य सिफ्ट गर्ने भनिरहदा युरोपका विभिन्न देशहरूबाट प्राप्त मागको डिमाण्ड प्रमाणिकरण गर्न नसक्दा खेर गैरहेको छ ।'

सचिव अर्यालले वैदेशिक रोजगार ऐन २०६४ र नियमावली क्याविनेटमा लाने तयारी गरिएको जानकारी दिदै भने -'ऐनमा देखिएका कमीकम्जोरीहरूलाई हामीले तुरुन्तै सुधार गर्नुपर्ने अवस्था छ, योसँग सम्वन्धित धेरै कानुनहरू पनि संसोधन गर्नुपर्नेछ ।'

वैदेशिक रोजगार व्यवसायी भित्र देखिएका कमीकम्जोरीहरू सुर्धान पनि सुझाव दिदै सचिव अर्यालले अव आउने कार्यसमितिले वैदेशिक रोजगारीका नाममा बाहिर भैरहेका विकृति



निरुत्साहित गर्न लाग्नुपर्ने र यसमा मन्त्रालयले साथ दिने बताए । सचिव अर्यालले वैदेशिक रोजगारीमा गएका श्रमिकहरू सबैलाई सामाजिक सुरक्षाकोषमा आबद्ध गर्न कार्यविधि पारित भैसकेकाले यसको तयारी अन्तिम चरणमा पुगेको पनि बताए ।

संघको साधारणसभामा संघका पूर्वअध्यक्ष प्रेम बहादुर कटुवालले स्वागत मन्तव्य राखेका थिए भने संघका संयोजक विमल ढकालले साधारणसभाको उदघाटन सत्रमा सहभागी सबैलाई आभार प्रकट गर्दै साधारणसभाको उदघाटन सत्र समापन गरेका थिए ।

**भण्डारीको अध्यक्षतामा नयाँ कार्यसमिति निर्वाचित**

नेपाल वैदेशिक रोजगार व्यवसायी संघको अध्यक्षमा राजेन्द्र भण्डारी बिजयी भएका छन । साधारणसभा पश्चात भएको निर्वाचनमा प्रत्याशीहरू भुवनसिं गुरुङ, कुमुद खनाल र इश्वर जिसीलाई पराजित गर्दै भण्डारी बिजयी भएका हुन् । यस्तै प्रथम उपाध्यक्षमा डिक बहादुर खत्री (कुमार), द्धितिय उपाध्यक्षमा सञ्जु गुरुङ, तृतिय उपाध्यक्षमा रोशन कटुवाल, महासचिवमा मेघनाथ भुर्तेल, सचिवमा कर्णराज कटुवाल र कोषाध्यक्षमा सरिता घले बिजयी भए ।

सदस्यहरूमा कैलास पाठक, चन्द्र बहादुर लिम्बु, तोरन कार्की, वैकुण्ठ प्रसाद पौडेल (वैभव), राजेन्द्र बस्नेत, देउमान नेम्वाङ, आनन्द कोइराला, देवमाया थापा, नारायण भुसाल र बिक्रम श्रेष्ठ बिजयी भएका छन ।

नवनिर्वाचित कार्यसमितिलाई संघको बत्तीसपुतलीस्थित कार्यालयमा निवर्तमान संयोजक विमल ढकालले माइन्युट हस्तान्तरण गर्दै कार्यभार सुम्पेका छन् ।

---

# निजी क्षेत्रका हरेक एजेण्डामा महासंघको सदैव साथ रहनेछ : ढकाल

नेपाल उद्योग वाणिज्य महासंघका वरिष्ठ उपाध्यक्ष चन्द्रप्रसाद ढकालले महासंघ स्थानीय उद्यमी व्यवसायीको हितमा काम गर्न सदैव तत्पर रहेको बताएका छन् ।

इटहरी उद्योग वाणिज्य संघको २३औं र २४औं वार्षिक साधारणसभालाई सम्बोधन गर्दै वरिष्ठ उपाध्यक्ष ढकालले महासंघले निजी क्षेत्रको एजेण्डालाई लिएर अगाडि बढ्ने र निजी क्षेत्रका हरेक एजेण्डामा जिल्ला/नगर उद्योग व्यवसायी संघहरूसँग महासंघ साथसाथै रहने प्रतिवद्धता समेत व्यक्त गरे ।

'केही समयपछि नेपाल उद्योग वाणिज्य महासंघको अध्यक्ष हुँदैछु । म के प्रतिवद्धता व्यक्त गर्न चाहन्छु भने तपाईहरूले उठाउने हरेक एजेण्डामा महासंघको साथ र समर्थन रहने छ । म व्यक्तिगत रुपमा पनि तपाईहरूसँगै हुनेछु । जिल्ला/नगरका व्यवसायी साथीहरूले कुनै पनि सम्भावित योजना ल्याउनुभयो भने त्यसलाई



राष्ट्रिय/अन्तर्राष्ट्रिय रुपमा अगाडि बढाउने जिम्मा हाम्रो हुनेछ,' उनले भने ।

ग्लोबल आइएमई बैंकका अध्यक्ष समेत रहेका ढकालले कर्जाको व्याजदर कुनै एउटा बैंक तथा वित्तीय संस्था वा नियमनकारी निकायको मात्र नियन्त्रमा नहुने बताए । 'कर्जाको व्याजदर कुनै बैंक, वित्तीय संस्था वा नियमनकारी निकायको मात्र नियन्त्रणमा हुँदैन । यसमा विभिन्न आन्तरिक तथा बाह्य विषय वस्तुहरूको प्रभाव रहन्छ । केही समय पहिलेको दुई/तीन प्रतिशतको निक्षेपको व्याजदर अहिले १०/११ प्रतिशत पुगेको छ । त्यसैले कर्जाको व्याजदर स्वतः बढेको हो,' उनले बताए ।

उनले आफूलाई बैंकले दिने प्रतिफलभन्दा अन्य व्यवसायमार्फत आउने प्रतिफल बढी भएको हुँदा बैंक व्याजदर घट्दा आफूलाई पनि राहत पुग्ने बताए । 'म कुनै एउटा बैंकको सञ्चालक समितिको अध्यक्ष हो । तर बैंकको शेयरको तुलनामा अन्य व्यवसायमा मेरो लगानी बढी छ । त्यसैले बैंकले दिने प्रतिफल भन्दा अन्य व्यवसायबाट आउने प्रतिफल धेरै बढी हुन्छ । व्याजदर घट्दा मलाई पनि राहत हुन्छ,' उनले भने ।

उनले राज्यको प्राथमिकता र आम जनतालाई सेवा पुग्ने व्यवसाय जसले नाफा सृजना गर्न सक्छ त्यस्तो व्यवसाय सधै सफल हुने बताए । उनले आफूहरूले सातवटा प्रदेशमा सातवटा देखिने काम गर्ने उद्देश्यले काम गर्न खोजेको समेत स्पष्ट पारे ।

# राहदानी सेवा द्रुत बनाउन **कार्ययोजना बनाइँदै**



राहदानी विभागले सेवाग्राहीको भिड घटाउन कार्ययोजना बनाएर कार्यान्वयन गर्ने तयारी गरेको छ। राहदानी लिनका लागि विभागमा सेवाग्राहीको हुने भीड अझै हट्न नसकेका कारण भिड घटाउन कार्ययोजना बनाउने तयारी गरिएको विभागले जनाएको छ।

विभागमा सधैँ सेवाग्राहीको भिड बढ्दै जान थालेका कारण यसलाई घटाउन कार्ययोजना बनाएर कार्यान्वयन गर्ने तयारी भइरहेको विभागका निर्देशक तथा प्रवक्ता दुरुपदा सापकोटाले बताइन। उनले भनिन, 'सेवाग्राहीको घण्टौं लामो लाइन तथा भिड घटाउन कार्ययोजना बनाएर कार्यान्वयन गर्ने तयारी गरेका छौं तर कस्तो किसिमको कार्ययोजना बनाउने त्यस विषयमा गृहकार्य हुँदैछ।'

कार्ययोजनाको खाका छलफलकै क्रममा रहेको र यो जिम्मेवार सबै निकायबाट पारित भएपछि कार्यान्वयन हुने प्रवक्ता सापकोटाको भनाइ छ। राहदानी विभागमा अबका दुई-तीन महिनामा देखिने गरी सुधार हुने उनको दाबी छ। राहदानी विभागमा हुने समस्या र सेवाग्राहीको गुनासो सम्बोधन गर्न पहल भइरहेको प्रवक्ता सापकोटाले बताइन।

विभागको सफ्टवेयरमा आउने समस्यादेखि अन्य विविध कारणले सेवाग्राही घण्टौं लाइनमा बस्नुपर्ने बाध्यता अझै कायमै रहेको सेवाग्राहीको गुनासो छ। यसअघि प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' र गृहमन्त्री रवि लामिछानेले भीड व्यवस्थित गर्न निर्देशन दिएका थिए। राहदानी विभाग बाहिर राहदानी बनाउनेको भीड अहिले पनि उस्तै रहेको बताइएको छ।

अनलाइनमा आवेदन दिन तथा कार्यालयमा गएर फोटो खिच्ने र बायोमेट्रिक गर्ने समय पाउनै मुस्किल हुने तथा त्यसैमाथि साइट नचल्ने, जसोतसो साइट खुलिहाले पनि आवेदन पेस गर्न नसकिने समस्या हुने गरेको सेवाग्राहीको गुनासो छ।

---

# वैदेशिक रोजगारीमा जाँदा **अब विमानस्थलमा छुट्टै लाइन बस्नु नपर्ने**



वैदेशिक रोजगारीमा जाने नेपालीहरूले अबदेखि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा छुट्टै लाइन बस्नु नपर्ने भएको छ। श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले वैदेशिक रोजगारीमा जानेहरूलाई लक्षित गरेर विमानस्थलको अध्यागमनमा राखिएको छुट्टै डेस्क गृह मन्त्रालयसँगको समन्वयमा हटाइएको जानकारी दिएको छ।

मन्त्रालयमा पत्रकार सम्मेलन गर्दै मन्त्री डोलप्रसाद अर्यालले अबदेखि विद्यार्थी भिसा, पर्यटन भिसा, व्यवसायिक भिसा र वैदेशिक रोजगारीको भिसामा जानेको लाइन एउटै हुने बताएका हुन्। वैदेशिक रोजगारीमा जानेहरूका लागि छुट्याइएको विभेदकारी डेस्क हटाएको बताएका हुन्। उनले भने- 'वैदेशिक रोजगारीमा जानेलाई लक्षित गरेर राखिएको छुट्टै डेस्कले विदेशमा रोजगारीका लागि जाने नेपालीको आत्मबलमा ठेस पुगेको महसुस भएकाले एउटै लाइन हुनेगरी अध्यागमन चेकजाचको प्रक्रिया थालनी भैसकेको छ।'

मन्त्री अर्यालले श्रम मन्त्रालयमा रहेको कल सेन्टर नेपालभित्र र बाहिर रहने श्रमिकसँग सम्बन्धित भएकाले समस्या एकद्वार प्रणालीबाट समाधान गर्ने उद्देश्यले २४ घण्टा श्रम सहायता केन्द्रको रुपमा रुपान्तरण गरेको बताए। उनले श्रमिकका गुनासो र समस्या सुन्नको लागि ६ महिनाभित्र श्रमदान मोबाइल एप र श्रम सम्बन्धी सम्पूर्ण कार्यको टाइम कार्ड लागू गरिने बताए।

श्रम सम्बन्धमा आएका गुनासा ६ महिना भित्र समाधान गर्ने गरी मन्त्रालयले कार्ययोजना बनाएको बताउदै मन्त्री अर्यालले भने -'६ महिनामा पनि समस्या समाधान नभए कारणसहित कर्मचारीसँग जानकारी लिनेछौ।'

यस्तै मन्त्री अर्यालले श्रम मन्त्रालयको सिफारिसमा र गृह मन्त्रालयसँगको सहकार्यमा अशक्त तथा फरक क्षमता भएका व्यक्तिका लागि सिंहदरबार प्रवेशमा सहज बनाएको बताए। उनले सबै नेपाली नागरिकलाई सिंहदरबार प्रवेश गर्न पाउने नैसर्गिक अधिकार भएकाले सोही अधिकार प्राप्तिको लागि अशक्त तथा फरक क्षमता भएका व्यक्तिका लागि सिंहदरबार प्रवेशमा सहज बनाएको दाबी गरे।

# 'अर्थतन्त्रको नीति र संरचना परिवर्तन गर्ने दिशामा सरकार अग्रसर भएको छ'




अर्थतन्त्रको समस्या सिर्जना गर्ने नीति र संरचनालाई नै परिवर्तन गर्ने दिशामा सरकार अग्रसर भएको उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले बताएका छन् । आर्थिक मिडिया सञ्चालक संघ (इमान)ले राजधानीमा आयोजना गरेको 'अर्थतन्त्रको अवस्था र अबको निकास' विषयक अन्तर्क्रिया कार्यक्रमलाई सम्बोधन गर्दै अर्थमन्त्री पौडेलले मुलुकको अर्थतन्त्रमा देखिएको समस्या समाधान गर्न सरकारले थप कदम चाल्न लागेको जानकारी दिएका हुन् ।

'अर्थतन्त्रको समग्र चित्रको रूपान्तरणका लागि सरकार र विभिन्न निकायले गरेका अध्ययन, सुझाव र सिफारिसलाई विश्लेषण गरेर नीतिगत तथा संरचनागत परिवर्तन गर्ने छौँ,' उनले भने, 'काम नलाग्ने भनिएका नीति, अनावश्यक भनिएका संरचना कसरी हटाउने र त्यसलाई कसरी नतिजामुखी बनाउने भन्नेमा सरकार गम्भीर अध्ययनमा लागेको छ ।'

पछिल्लो समय वित्तीय समस्याका कारण निजी क्षेत्र समस्यामा परेको भन्दै उनले त्यसलाई पनि आपसी छलफलबाट समाधान निकाल्ने बताए । 'निजी क्षेत्रलाई आतङ्कित बनाएर तर्साएर जाने अवस्था छैन,' उनले भने, 'सौहार्दपूर्ण वातावरणमा कानुनको पूर्ण कार्यान्वयन अहिलेको आवश्यकता हो भन्नेमा सबै सरकारी अधिकारी र निजी क्षेत्रले बुझ्नुपर्छ ।'

नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले वित्तीय तथा आर्थिक समस्या समाधान र सन्तुलनका लागि संरचनागत सुधार अपरिहार्य रहेको औँल्याएका थिए । 'हाम्रो अर्थतन्त्र आयात, त्यसैमा आधारित उपभोग तथा राजस्व र त्यो आयातका लागि रेमिट्यान्सको रकमको उपयोगको चक्रभित्र अड्किँदै आएको छ,' उनले भने, 'अब यो चक्र तोड्न दीर्घकालीन तथा रणनीतिक योजना बनाएर अगाडि बढ्नुपर्छ ।'

अर्थतन्त्रको सुधार र सुरक्षाका लागि कठोर भए पनि आवश्यक देखिएका कदम विगतमा चालिएकाले अहिले केही वित्तीय सन्तुलनको अवस्था सिर्जना भएको गभर्नर अधिकारीले बताए । बैंकहरूले पनि अहिले निजी क्षेत्रलाई त्रसित र दबाबपूर्ण अवस्था सिर्जना नगरी हदैसम्मको लचकता अपनाउन उनले सुझाव दिए ।

नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष शेखर गोल्छाले आयातमाथिको उच्च निर्भरताले ऋण परिचालनको रकमबाट अर्थतन्त्रको आकार विस्तार गर्न नसकेको औँल्याए । विगतमा बाह्य कारणले अर्थतन्त्र समस्यामा पर्ने गरे पनि अहिले आन्तरिक कारणले नै समस्या देखिएको भन्दै उनले समाधानमा सरोकारवाला सबै अत्यन्तै गम्भीर बन्नुपर्ने अवस्था आएको बताए ।

कार्यक्रममा कार्यपत्र प्रस्तुत गर्दै नबिल बैङ्कका नायब कार्यकारी अधिकृत मनोज ज्ञवालीले कुल ग्राहस्थ्य उत्पादन (जीडीपी) र ऋणको अनुपात ९६ प्रतिशतसम्म पुग्नु अर्थतन्त्रका लागि खतरनाक अवस्था रहेको औँल्याएका थिए । उनले पनि अब अर्थतन्त्रको संरचनात्मक रूपान्तरण नै अत्यावश्यक रहेको औँल्याएका थिए ।

### सञ्चारमाध्यमलाई उद्योगको मान्यता दिन प्रधानमन्त्रीसमक्ष आग्रह

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' समक्ष आर्थिक मिडिया सञ्चालक संघ (इमान)ले सञ्चारमाध्यमलाई सेवामूलक उद्योगको मान्यता दिन मागसहित सुझावपत्र हस्तान्तरण गरेको छ ।

सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा भेटेर संघका अध्यक्ष रोयल आचार्यसहितको प्रतिनिधिमण्डले सो ध्यानाकर्षणपत्र बुझाएको हो । इमानले बैंक तथा वित्तीय संस्थाका सूचना तथा सार्वजनिक खरिद ऐनअनुसारका सूचना अनलाइन सञ्चारमाध्यममा पनि प्रकाशन गर्न मिल्ने गरी कानून संशोधन गर्न माग गरेको छ ।

संघले सञ्चारमाध्यमलाई उद्योगको मान्यता दिन, धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज, नेपाल टेलिकम, राष्ट्रिय वाणिज्य बैंकलगायत सरकारको स्वामित्व भएका संस्थामा रहेको अव्यवस्थित विज्ञापन वितरण प्रणालीलाई व्यवस्थित बनाउन आग्रह गरेको छ ।

साथै आउँदो बजेटमार्फत आर्थिक मिडियालाई आयकरमा विशेष छुटको व्यवस्था गर्न अर्थ मन्त्रालयलाई आवश्यक सुझाव तथा निर्देशन दिन आग्रह गरिएको इमानका उपाध्यक्ष माधप्रसाद तिवारीले जानकारी दिए । सो अवसरमा प्रधानमन्त्री दाहालले सुझावलाई सकारात्मकरूपमा लिई कार्यान्वयनका लागि पहल गर्ने आश्वासन दिएका थिए ।







# अनागरिक साग आमा

• बिन्दु अधिकारी ढकाल

अहिले नेपालको आर्थिक वृद्धि दुई दशमलव चार प्रतिशतले ऋणात्मक हुन गएको अवस्था छ। यो नतिजाले नेपालको अर्थतन्त्र कति नाजुक छ भन्ने प्रष्ट पार्छ। सरकारले विकास निमार्णमा देखाएको लाचारी, भ्रष्टाचार, सुशासनको अभाव, राजनीतिक अस्थिरता, साधन र स्रोतलाई योजनाबद्ध विकासमा भन्दा पहुँच हुनेले स्वार्थ सिद्ध गर्न गरिने खर्चले हाम्रो देशको आर्थिक विकास लक्ष्य अनुसार अगाडि बढ्न नसकेको विश्लेषकहरूको मत छ।

नेपालमा कहिले भूईचालो जान्छ त कहिले बाढी पहिरोले बगाउँछ। यी त भए प्राकृतिक विपतका कुरा। 'जहाँ गाह्रो त्यहाँ साह्रो' भने जस्तो भारत सरकारले गरेको नाकाबन्दीले पनि हाम्रो अर्थतन्त्रमा नकारात्मक असर परेको देखिन्छ। त्यस्तै, विश्वभर फैलिएको कोरोना (कोभिड-१९)ले गर्दा खेप्नु परेको बन्दाबन्दीले त झन् विश्वकै अर्थतन्त्रलाई चौपट बनायो।

नासिएको कुरालाई एकैछिन थन्क्याएर सुधारात्मक अर्थतन्त्रकोबारेमा भन्नु पर्दा सरकारी र निजी क्षेत्र दुवैमा व्यापक लगानीको आवश्यकता छ। सरकारले चाहयो भने गर्न नसक्ने पनि होइन। अहिले एकै दिनमा उठ्ने राजस्वले दुई-तीनवटा उद्योग खोल्न सक्ने क्षमता छ। हो, राजस्वको यो तागत युवा पलायन रोक्ने सिटामोल पो हुन सक्थ्यो कि ?

मान्छे जन्मेपछि गाँस, बास र कपास अनिवार्य आवश्यकता हुन्। नेपाल कृषि प्रधान देश भए पनि यस क्षेत्रको योगदान निरन्तर घटेर गएको छ। खाद्यान्न आयात बढ्दो छ। वास्तवमा नेपाली अर्थतन्त्र सानोदेखि ठुलो ओहदासम्मको रोजगारी गरेर प्राप्त हुने पारिश्रमिकले दैनिक जिविकोपार्जन गर्न धेरै नै कठिनाई छ। यस्तो अवस्थामा सडक व्यापारीको अर्थतन्त्र अर्थात उनीहरूको जीवनशैली कस्तो व्यतित भइरहेको छ त ? खोजी गर्न आवश्यक छ।

एक सडक ब्यापारी दुर्गा खड्काको जीवन संघर्षलाई हेर्दा नै पुग्छ। दोलखा जिल्लाको सदरमुकाम चरिकोटमा जन्मिएकी दुर्गा खड्काको जीवनको आरोह अवरोह निकै कहाली लाग्दो छ। दुर्गाको सात वर्षमा बिहे भयो। १५ वर्षकी हुँदा दुई छोरा जन्मिसकेका थिए। अठार वर्षमा छोरी जन्मिइन्। दैवको लीला एउटा छोरो एघार वर्षको भएर बित्यो। अर्को छोराले पनि १३ बर्षमा संसार छोड्यो। उनी छोरीको मुख हेरेर बाँच्दै थिइन्। छोरी पनि दश वर्षकी हुँदा हराइन्। छोरीको खोजी गर्दा पनि कतै फेला पार्न सकिनन्। त्यसपछि उनलाई घर बस्न मन लागेन र काठमाडौं आइन्।

वि.सं. २००४ सालमा जन्मिएकी दुर्गाको यसबेलासम्म पनि नागरिकता बनेको छैन। जसले गर्दा ज्येष्ठ नागरिक भत्ता लिन मात्र होइन एउटा नेपाली भएर बाँच्न पनि पाएकी छैनन्। त्यसताका यातायात नहुँदा घर छाडेर हिँडेको हप्ता दिनमा उनी काठमाडौं आइपुगेकी थिइन्। राजधानी शहरमा बितेका पलबारे दुर्गा भन्छिन्- 'इन्द्रचोकमा सानीआमा भेटिइन्, मेरी आमाकी सौता, बुवा स्वर्गीय भइसकेपछि उनले अर्कै पुरुषसँग बिहे गरेकी भए पनि म २/३ वर्ष सानीआमासँगै बसेँ'।

दुर्गाले त्यही बेलादेखि सडकमा बसेर व्यापार गर्न थालिन्। जीवनमा पढ्न पाएको भए केही गर्न सकिन्थ्यो कि भन्ने दुर्गालाई नलागेको होइन। तर, पेटले तँ नखाइ बाँच नभन्दो रहेछ। कालो अक्षर भैंसी बराबर। अतः जसोतसो कमायो खायो। दुर्गाले कहिले तरकारी बेचिन् त कहिले मकै पोलेर बेचिन्। काठमाडौंका विभिन्न ठाउँ चाहर्दै केही वर्षदेखि उनी कोटेश्वरको सडक पेटीमा ब्यापार गरिरहेकी छिन्।

यतिखेर महानगरपालिकाले सडक व्यापारीको दोहोलो काडेको छ। यसरी सास्ती झेल्नुभन्दा त सटर लिएर बसौं कि भन्ने पनि लाग्छ तर, कोठाभाडा तिर्नै हम्मे भएको अवस्थामा सटर भाडासमेतको आँट गर्न नसकेको दुर्गाको भनाई छ। दुर्गा आफ्नो दुखेसो पोख्छिन् -'हो, आखिर फगत एक्लो जिन्दगी न कसैलाई पाल्नु छ। न कसैलाई हुर्काउनु नै। म मरेको दिन अन्त्येष्टिलगायत काजक्रिया कसले गर्ला ? यो कुरा सोचेर ल्याउदा भने पिरलो लाग्छ। कठै ! भन्ने नहुँदा घरिघरि त आफ्नै मुटु पनि दुख्दो रैछ।'

दुर्गाले साग बेचेर दिनमा सयदेखि डेढ सयसम्म नाफा कमाउँछिन्। धेरै भए दुई सय। सागको सिजनमा पाँच सयको खरिदमा पनि नाफा हुन्छ। उही साग तर महंगो सिजनमा दुई हजारको खरिद गर्दा परेको दाम उठाउन पनि हम्मे हुन्छ। उनी भन्छिन्- 'खरिद मूल्यमा मुठाको पाँच रुपियाँ पनि फाइदा नकमाए महिनाको ५ हजार कोठा भाडा कसरी तिर्नु ? दुःखले आर्जेको पैसा यसो बैकमा राख्न खाता छैन। खोलौं न त भन्दा नागरिकता चाहिन्छ रे। जुन कुरा आफूसँग छदै छैन।'

दुर्गाजस्ता सडक व्यापारीलाई सरकारले सहारा दिने त परै जाओस् गरिरिरहेको कर्ममा समेत लाठी बजार्छ। उनी जस्ता कर्ममा रमाउनेहरूलाई छुट्टै व्यवस्था गरेर काम गरिखान दिने वातावरण सरकारले कहिले बनाइदिने ? सहाराविहिन दुर्गा कोरोना कालमा तीन महिना कोठाबाट बाहिर निस्कन समेत सकिनन्। काठमाडौं महानगरपालिका- ३२ ले राहत स्वरुप चामल, दाल, तेल प्रदान गरेको हुनाले सो रासन पानी खाएर बाँचिन्। 'होइन भने यो साग बुढी यसरी पुनः कसरी भेटिन्थी र' पाएको र खाएको कुरा झूटो बोल्नु हुदैन भन्दै उनले कुराको बिट मारिन्। उतरार्धतिर लागेकी साग आमाले अहिलेसम्म कुनै प्रकारको औषधी सेवन गर्नु परेको छैन। न त कुनै डरलाग्दो बिमार लागेर थलिएको रेकर्ड नै छ। दैनिक सडकको बास अनुहारमा बुढ्यौलीका धर्का भने जरुर देख्न थालिएको छ।

साग आमा त एक प्रतिनिधि पात्र मात्रै हुन्। यहाँ यस्ता कति नागरिक होलान् जो अनागरिककै रुपमा बाँचिरहेका छन्। श्रम गर्न पनि सीप चाहिन्छ। दक्षता, क्षमता र अनुभवको आधारमा काम पाउने हो भने पाखुरीको बल र परिश्रम गर्ने साग आमाको जीवन खोइ ? साग आमाको अर्थतन्त्रको मुल्य कति ? प्रश्न धेरै छन्। वरको सिन्को पर नसारीकनै केही भएन भन्ने हाम्रा अभिभावकले आफ्ना सन्ततीलाई पलायनको दिशातर्फ धकेलिहाल्ने थिएनन् कि ?



# प्रधानमन्त्रीसहित नवनियुक्त मन्त्रीहरूसँग
# एनआरएनए प्रतिनिधिमण्डलको भेटवार्ता

गैरआवासीय नेपाली संघ (एनआरएनए)को प्रतिनिधीमण्डलले प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'सहितका नवनियुक्त मन्त्रीहरूसँग भेटवार्ता गरेर बधाई ज्ञापनसहित विभिन्न विषयमा छलफल गरेको छ।

एनआरएनए प्रतिनिधीमण्डले प्रधानमन्त्री दाहालसहित उपप्रधान तथा अर्थमन्त्री विष्णु पौडेल, स्वास्थ्यमन्त्री पदम गिरी, परराष्ट्रमन्त्री डा. विमला राई पौडेललाई भेटेर गैरआवासीय नेपालीका मुद्धाका विषयमा छलफल गर्नुका साथै छुट्टाछुट्टै ज्ञापनपत्र हस्तान्तरण गरेको छ।

प्रधानमन्त्री दाहालसँगको भेटका क्रममा संघकी कार्यकारी अध्यक्ष रबिना थापाले हालसम्म संघले गरिआएको काम र सरकारको तर्फबाट सम्बोधन गर्नुपर्ने नीतिगत र कानुनी सुधारबारे धारणा राख्दै संघको तर्फबाट ज्ञापनपत्र हस्तान्तरण गरिन।

उक्त भेटघाटमा एनआरएनएका अध्यक्ष बद्री केसीले नेपाल सरकारसहितको लगानी रहेको १० अर्बको लगानी कोष 'एनआरएन नेपाल डेभलपमेन्ट फण्ड'लाई अघि बढाउन देखा परेका कानूनी र व्यवहारिक कठिनाईबारे जानकारी गराउँदै ती कठिनाईलाई तत्काल सम्बोधन गर्न आग्रह गरेका थिए। विदेशमा रहेका बहुसंख्यक नेपालीलाई सामाजिक सुरक्षा कोषमा जोड्नुपर्ने, विदेशमा कामका शिलशिलामा अंगभंग भएका नेपालीलाई स्वदेश फिर्ता गर्नुका साथै उनीहरूका परिवारलाई आर्थिक सहायतासहित पुर्नएकीकरण लगायतका विषयमा नेपाल सरकारले पहलकदमी लिनुपर्ने माग अध्यक्ष केसीले संघका तर्फबाट राखेका थिए।

उक्त भेटघाटमा एनआरएनएका अध्यक्ष कुल आचार्यले संघले उठाएको गैरआवासीय नेपाली नागरिकताको मुद्दालाई तत्काल सम्बोधन गर्न अनुरोध गरेका थिए। अध्यक्ष आचार्यले दुबै संसदबाट पास भएको नागरिकता बिधेयक यो सरकारले छिटो भन्दा छिटो लागू गर्नेमा बिश्वस्त रहेको बताए।

उक्त भेटघाटमा एनआरएनएका अध्यक्षहरूको जवाफमा प्रधानमन्त्री प्रचण्डले विदेशमा रहेका लाखौ नेपालीहरूको मन जित्ने गरि काम गर्ने प्रतिबद्धता व्यक्त गरे। प्रधानमन्त्री प्रचण्डले नेपालमा विद्यमान कतिपय कानूनी प्रावधानले सिर्जना गरेका अप्ठ्यारालाई नेपाल सरकारले क्रमशः सच्याउँदै आएको र अबको दिनमा पनि कानूनी उल्झनलाई पन्छाउने प्रयास आफ्नो तर्फबाट जारी रहने बताए।

विदेशमा रहेका नेपालीहरूले नेपाल र नेपालीको पहिचान विश्वमाझ पुऱ्याउन ठूलो भूमिका निर्वाह गरेको भन्दै गैरआवासीय नेपालीप्रति प्रधानमन्त्री प्रचण्डले आभार व्यक्त गरे। राजनीतिक, आर्थिक, सांस्कृतिक र सामाजिक रुपमा विश्वभर नेपाललाई चिनाउन नेपालीहरू थप संवेदनशील र जिम्मेवार बन्दै गएकोप्रति प्रधानमन्त्रीले खुशी व्यक्त गरेका छन।

भेटका अवसरमा संघका पूर्वअध्यक्ष एवं संरक्षक भवन भट्ट, संघका संस्थापक अन्तर्राष्ट्रिय संयोजक भीम उदास, संघका उपाध्यक्ष आर.के शर्मा, सचिव खगेन्द्र न्यौपाने, महिला सचिव राधिका गुरुङ, सहकोषाध्यक्ष नारायण सुवेदी, युवा संयोजक अब्दुल वासिद, संघका पूर्व सल्लाहकार टि.बि. कार्की, मध्यपूर्व क्षेत्रीय उपसंयोजक अमित चाम्लिङ राई, एनसीसी रसियाका अध्यक्ष शिवमणि भुर्तेल, आजिवन सदस्य (युएसए) नारायण थापा, सञ्चारकर्मीहरू लगायतको उपस्थिति रहेको थियो।

### 'एनआरएनको लगानी भित्र्याउन छुट्टै संयन्त्र बनाएर छलफल गरौं'

गैरआवासीय नेपाली संघ (एनआरएनए)का अध्यक्षत्रयसहितको प्रतिनिधिमण्डलले उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद



पौडेललाई भेटेर लामो समयदेखि संघले उठाउँदै आएका माग सम्बोधनका लागि आग्रह गर्दै ज्ञापनपत्र हस्तान्तरण गरेको छ ।

सो अवसरमा संघका कार्यकारी अध्यक्ष रबिना थापाले विदेशमा रहेका लाखौं नेपालीहरू नेपालमा लगानीका लागि उत्साहित भएपनि विभिन्न कानूनी र नीतिगत कठिनाईका कारण समस्या परेकोले त्यस्ता कठिनाई हटाउन संघकोतर्फबाट अर्थमन्त्री पौडेललाई आग्रह गरिन् ।

यस्तै, संघका अध्यक्ष डा. बद्री केसीले गैरआवासीय नेपालीहरूको लगानी अभिवृद्धि गर्नको लागि नेपाली नागरिक सरह लगानीको व्यवस्था गर्नुपर्ने, १० अर्ब बराबरको एन.आर.एन नेपाल डेभलपमेण्ट फण्ड लि. कम्पनी कार्यान्वयनमा ल्याउनको लागि धितोपत्र सम्बन्धी नियम, लगानीको स्वीकृती विधि, लगानीको लेखाङ्कन विधि, लगानीको प्रतिफल फिर्ता विधि तथा धितोपत्रको कारोबार विधि लगायतको निर्माण तथा संशोधन गरी तुरुन्त काम अगाडी बढाउन अर्थमन्त्रीसमक्ष आग्रह गरे ।

अध्यक्ष केसीले गैरआवासीय नेपाली ऐन लगायत गैरआवासीय नेपालीसँग प्रत्यक्ष सरोकार राख्ने विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन (FIQ\A) र त्यससम्बन्धि नियमावली तथा आदेशमा संशोधनसहित लगानी सम्बन्धमा विद्यमान न्युनत्तम २ करोडको मापदण्ड हटाउन पहल गरिदिन पनि अर्थमन्त्रीसमक्ष आग्रह गरे । यस्तै, वैदेशिक रोजगारीबाट आउने विप्रेषणलाई वैधानिक च्यानलमार्फत ल्याउन प्रोत्साहन गर्न २ प्रतिशतसम्म प्रिमियम नेपाल सरकारले उपलब्ध गराउने गरि व्यवस्था गर्न अध्यक्ष केसीले आग्रह गरे ।

यस्तै अर्का अध्यक्ष कुल आचार्यले डलर खाता सञ्चालनमा देखा परेका प्राविधिक समस्या समाधान गर्न, 'एनआरएन नेपाल डेभलप्मेन्ट फण्ड'लाई अघि बढाउन देखा परेका कानूनी र व्यवहारिक कठिनाई समाधानका लागि अन्तरमन्त्रालयगत समन्वय गरेर समस्या सम्बोधन गरिदिन संघका तर्फबाट अर्थमन्त्री समक्ष आग्रह गरे । बहुसंख्यक नेपालीलाई नेपालसँग जोड्न र मुलुकलाई आर्थिक रुपमा समृद्ध बनाउन पूजीसहित उनीहरूको ज्ञान, सीप र क्षमता भित्र्याउन नेपाल सरकारले पहल गर्नुपर्नेमा उनले जोड दिए ।

जवाफमा अर्थमन्त्री पौडेलले गैरआवासीय नेपाली संघका प्रतिनिधिसहितको एउटा छुट्टै संयन्त्र बनाएर यथाशक्य छिटो समस्या समाधानका लागि पहल गर्ने प्रतिबद्धता व्यक्त गरे । अर्थमन्त्री पौडेलले भने, 'तपाईहरूका माग वा समस्या जे-जति पनि छन्, ती सबैलाई सम्बोधन गर्न सरकार प्रतिबद्ध छ, तर त्यसका लागि एउटै टेबलमा बसेर संवाद हुनु जरुरी छ, सबै मन्त्रालयका प्रतिनिधिसहित तपाईहरूका प्रतिनिधिलाई पनि एकै ठाउँमा राखेर छलफल गरौ र समस्या समाधानका लागि पहल गरौ, त्यसको लागि म आफै समन्वय र सहकार्य गर्न तयार छु ।'

गैरआवासीय नेपालीले नेपालमा गरिरहेको लगानीप्रति नेपाल सरकार जानकार रहेको भन्दै आगामी दिनमा पनि लगानीका लागि मार्ग प्रशस्त गर्न आफू प्रतिबद्ध रहेको अर्थमन्त्री पौडेलले बताए । उनले भने, 'नेपाल सरकार आफैं रहेको 'एनआरएन नेपाल डेभलप्मेन्ट फण्ड' अघि बढीसकेको छ, त्यसलाई सरकारले गरेको ग्यारेन्टीको रुपमा लिन सकिन्छ, जसले विदेशमा रहेका नेपालीलाई पनि लगानीका लागि प्रोत्साहन गर्नेमा सरकार विश्वस्त छ ।'

# नेपाली नियोग नभएको देशमा मानार्थ प्रतिनिधि नियुक्त गर्न सुझाव



गैरआवासीय नेपाली संघका अध्यक्षत्रयसहितको प्रतिनिधिमण्डलले परराष्ट्रमन्त्री डा विमला राई पौडेललाई भेटेर विदेशमा नेपालीहरूको उपस्थिति रहेका मुलुकमा नेपाली दूतावास तथा नियोग स्थापनाका लागि पहल गरिदिन आग्रह गरेका छन ।

अध्यक्षत्रयले दूतावास वा नियोग नहुँदा त्यहाँ रहेका नेपालीले भोग्नुपरेका समस्याहरूबारे जानकारी गराउँदै मन्त्री पौडेललाई समस्या समाधानका लागि आग्रह गरेका हुन । नियोग वा दूतावास नभएका तथा नेपालीहरूको बढी घनत्व भएका देशमा संघको सुझावमा मानार्थ प्रतिनिधि नियुक्त गर्न अध्यक्षत्रयले मन्त्री पौडेललाई सुझाव दिएका छन् ।

भेटमा संघकी कार्यकारी अध्यक्ष रबिना थापाले मन्त्री पौडेलसमक्ष संघका तर्फबाट भइरहेका सामाजिक, परोपकारी कार्यसहित आर्थिक सामाजिक र सांस्कृतिक क्षेत्रमा संघले गरेको योगदानबारे मन्त्री पौडेललाई जानकारी गराएकी थिइन ।

यस्तै, संघका अध्यक्ष डा. बद्री केसीले गैरआवासीय नेपाली सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकमा संघले दिएका सुझावहरूलाई सम्बोधन गरी कानून ल्याउनको लागि पहल गर्न अनुरोध गरे । अध्यक्ष केसीले नेपाल सरकारद्वारा जारी गरिएको नेपाली परिचयपत्र लिएका गैरआवासीय नेपालीहरूलाई स्वदेश भित्र हवाई यात्रा गर्दा विदेशी नागरिक सरह व्यवहार गर्ने गरेको भन्दै नेपाली नागरिक सरहको समान हवाई यात्रा, हवाई भाडा लगायतको व्यवस्था गर्नुपर्नेमा पनि ध्यानाकर्षण गराए ।

संघका अध्यक्ष कुल आचार्यले गैरआवासीय नेपाली नागरिकता प्राप्त गर्न कठिनाई हुने थाइल्याण्ड, म्यानमार, मलेसिया, फिजी लगायतका देशहरूमा पुस्तौंदेखि बसोबास गरी आएका नेपाली मूलका सबैलाई सहज रुपमा नेपालसँग जोड्न तथा सामाजिक, सांस्कृतिक र आर्थिक अधिकारसहितको गैरआवासीय नेपाली परिचयपत्र प्रदान गर्ने सम्बन्धी व्यवस्था ऐनमा संशोधन गर्न मन्त्री पौडेलको ध्यानाकर्षण गराए ।

परराष्ट्रमन्त्री पौडेलले गैरआवासीय नेपालीहरूले नेपालका लागि गरेको योगदान प्रशंसनीय भएको भन्दै त्यसका लागि धन्यवाद व्यक्त गरिन् । उनले कानूनी र नीतिगत विषयमा मन्त्रालयले मात्रै नभई अन्तर मन्त्रालयगत सहकार्य, समन्वय र क्याबिनेटको भूमिका समेत महत्वपूर्ण हुने भएकोले आवश्यक अध्ययन, परामर्श र समन्वय गरेर संघले उठाएका मुद्दालाई सम्बोधन गर्ने प्रतिबद्धता जनाइन् ।

दूताबास र नियोग नभएका स्थानमा नयाँ दूतावास वा नियोग राख्ने वा हाल सञ्चालनमा रहेका दूतावासलाई चुस्त दुरुस्त र प्रभावकारी बनाउने भन्नेमा सरकारले छलफल गरेर मात्रै निर्णय गर्ने मन्त्री पौडेलको भनाई थियो । मानार्थ प्रतिनिधि नियुक्त गर्दा संघको सुझाव लिने विषय अत्यन्त सकारात्मक भएकोले त्यस सम्बन्धमा आफूले पनि पहल गर्ने उनको भनाई थियो ।

भेटका अवसरमा संघका अन्तर्राष्ट्रिय संयोजक भीम उदास, संघका महिला सचिव राधिका गुरुङ, प्रवक्ता सोम सापकोटा युवा संयोजक अब्दुल वासिद, क्षेत्रीय उपसंयोजक, (मध्यपूर्व) अमित चाम्लिङ राई, पूर्व उपाध्यक्ष अर्जुनकुमार श्रेष्ठ, एनसीसी टर्कीका अध्यक्ष उज्जल कुमार घिसिङ, लगायतको उपस्थिति रहेको थियो ।

भेटका अवसरमा संघका संस्थापक अन्तर्राष्ट्रिय संयोजक भीम उदास, संघका उपाध्यक्ष आरके शर्मा, महिला सचिव राधिका गुरुङ, प्रवक्ता सोम सापकोटा, युवा संयोजक अब्दुल वाशिद, क्षेत्रीय उपसंयोजक, (मध्यपूर्व) अमित चाम्लिङ राई, एनसीसी रसियाका अध्यक्ष शिवमणि भुर्तेल, एनसीसी टर्कीका अध्यक्ष उज्जल कुमार घिसिङ, सञ्चारकर्मी लगायतको उपस्थिति रहेको थियो ।



### स्वदेश र विदेशमा रहेका स्वास्थ्य विज्ञबीच समन्वयको वातावरण मिलाउन आग्रह

गैरआवासीय नेपाली संघले स्वदेश र विदेशमा रहेका स्वास्थ्य विज्ञबीच ज्ञान सीप र अनुभव आदानप्रदानको वातावरण निर्माणका लागि नेपाल सरकारसँग आग्रह गरेको छ । संघका अध्यक्ष डा बद्री केसीको नेतृत्वमा संघका प्रतिनिधिमण्डलले स्वास्थ्य तथा जनसंख्या मन्त्री पदम गिरीलाई भेटेर उक्त आग्रह गरेको हो ।

भेटमा संघका अध्यक्ष डा केसीले नेपालमैत्री स्वास्थ्य नीति तर्जुमा गर्न स्वदेश र विदेशमा रहेका स्वास्थ्य विज्ञलाई एकै स्थानमा ल्याउन जरुरी भएको बताए । नेपालबाट अरबौं रुपैया स्वास्थ्य सेवा तथा सामाग्रीका लागि बाहिरिने गरेकोले नेपालमै अत्याधुनिक स्वास्थ्य संयन्त्र, सेवा र प्रविधि स्थापित गरी विदेशबाट समेत नेपालमा उपचारका लागि आउन सक्ने वातावरण निर्माण गरेर नेपाललाई स्वास्थ्य हब बनाउन सरकारले पहल गर्नुपर्ने र त्यसमा संघले पनि सहकार्य गर्ने अध्यक्ष डा केसीले बताए ।

संघका संस्थापक अध्यक्ष डा उपेन्द्र महतोले स्वास्थ्य क्षेत्रमा रहेको ठूलो अभाव पूर्न गैरआवासीय नेपालीहरूले अवसर खोजिरहेको बताए । स्वास्थ्य क्षेत्रमा लगानी गरी नेपाललाई स्वास्थ्य हब बनाउन सक्ने उनको भनाई थियो । मानव स्वास्थ्य जस्तो गम्भीर विषयमा सरकारले कुनै सम्झौता गर्न नहुने भन्दै डा महतोले सरकारले स्वास्थ्य क्षेत्रका विज्ञहरूसँग सहकार्य गरेर अघि बढे स्वास्थ्य क्षेत्रका असंगतिका थुप्रै क्षिद्रहरू पुर्न सकिने धारणा राखे ।

भेटमा मन्त्री गिरीले गैरआवासीय नेपालीहरूको ज्ञान, सीप, क्षमता र अनुभवलाई प्राथमिकताका साथ नेपालको स्वास्थ्य क्षेत्रमा प्रयोग गर्न सरकारले पहल गर्ने प्रतिबद्धता व्यक्त गरे । उनले भने, 'स्वास्थ्य क्षेत्रको बृहत विकासका लागि सरकार तपाईहरूसँग सहकार्य गर्न तयार छ, विशेषतः विकट क्षेत्रका विपन्न जनताका लागि गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच विस्तारका लागि गैरआवासीय नेपालीको भूमिका अझ अहम हुन सक्छ, हामी निरन्तर छलफलमा रहनेछौं र पक्कै हातेमालो गर्नेछौं ।'

भेटमा संघका पूर्वउपाध्याक्ष अर्जुन कुमार श्रेष्ठ, संघका सचिव गोविन्द गौतम, अन्तर्राष्ट्रिय समन्वय परिषद् सदस्य रामेश्वर गौतम (रसिया), राष्ट्रिय समन्वय परिषद् (एनसीसी) का पूर्वअध्यक्ष दिनानाथ राजभण्डारी लगायतको उपस्थिति रहेको थियो ।


सुरक्षित र भरपर्दो वैदेशिक रोजगारीका लागि हामीलाई सम्झनुहोस ।



SOS Manpower Service Pvt. Ltd.
GPO Box # 3565, Dhapashi, Kathmandu, Nepal
Tel: 1-4365986 to 89 & 4366137/8
E: sosierra@wlink.com.np, Web: www.sosgroup.com.np



# आफु पढेको विद्यालयमा
# **एनआरएनए अध्यक्ष कुँवर** सम्मानित





गैरआवासीय नेपाली संघका अध्यक्ष विनोद कुँवरलाई उनले अध्ययन शुरु गरेको श्री बालमन्दिर आधारभूत विद्यालयले सम्मान गरेको छ।

बेनी नगरपालिका-४ डाँडाखेत म्याग्दीमा अवस्थित उक्त विद्यालयको ६३औं वार्षिकोत्सव, शिलालेख अनावरण तथा सहयोगदाता सम्मान कार्यक्रममा अध्यक्ष कुँवरलाई सम्मान गरिएको हो। बेनी-४ डाँडाखेतमा जन्मिएका कुँवरले विद्यालय भवन निमार्ण तथा जग्गा खरिदका लागि आर्थिक सहयोग गरेवापत विद्यालयले सम्मान गरेको हो।

२०७३ सालमा उक्त विद्यालयमा विद्युत सर्ट भएर आगलागी हुँदा भवनसहित अधिकांश कागजात जलेर नष्ट भएपछि कुँवरसहित विदेशमा रहेका स्थानीयहरू र कोरियन नागरिकले सहयोग गरेर जग्गा खरिदसहित भवन निमार्ण भएको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष सुमन बाँनियाले जानकारी दिए।

सो अवसरमा गण्डकी प्रदेशकी सभासद बिमला गौचन, एनआरएनए अध्यक्ष विनोद कुँवर, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष सुमन बानिया र प्रधानाध्यापक रामप्रसाद पौडेलले नवनिर्मित भवनको शिलालेख अनावरण गरेका छन्।

कार्यक्रममा बोल्दै अध्यक्ष कुँवरले उक्त विद्यालयमा एक कक्षादेखि ३ कक्षासम्म अध्ययन गरेको र सपनामा पनि यही विद्यालय बारम्बार आइरहने बताए। उनले भने -'म यसै गाउँमा जन्मे, यही पढे र आज समाजलाई मात्रै नभई विश्वभर छरिएर रहेका नेपालीहरूको साझा संस्था एनआरएनएको नेतृत्व गरिरहेको छु।'

अध्यक्ष कुँवर भने- 'यो विद्यालय जल्यो भन्ने सुन्दा म एकदमै निराश भए, यसपछि हामीले विदेशमा आर्जन गरेको रकमबाट केहि अंश छुटयाएर कसरी फेरि यो स्कुललाई पूर्णता दिन सकिन्छ भनेर जुट्यौ, विदेशमै भएपनि सबैले भुमिका खेलेर पक्की भवन निर्माण गर्न सफल भयौ।'

अध्यक्ष कुँवरले भवन मात्र बनाएर होइन अव कसरी गुणस्तरीय शिक्षा दिन सकिन्छ र योग्य विद्यार्थी बनाउन सकिन्छ भन्नेमा लाग्न सबैलाई आग्रह गरे। उनले विदेशबाट गुणस्तरीय शिक्षाका लागि सहयोग जुटाउने प्रतिवद्धता पनि जनाएका छन्।

'नयाँ योजना बनाउनुहोस्, बरु कृषि शिक्षा राख्नुहोस् कृषिको भिजन बनाउनुहोस्, अरु स्कुलले भन्दा नयाँ किसिमले शिक्षा दिने एउटा नियम बनाउनुहोस्, त्यसमा हामीले कोरियाबाटै शिक्षक ल्याएर सिकाउने बातावरण बनाउछौ' कुँवरले भने। अध्यक्ष कुँवरले सधै विदेशको सपना मात्र देख्नु राम्रो नभएको बताएका छन्। उनी भन्छन् -'हामी अध्ययनको लागि विदेश जान सक्छौ तर पलायन हुन मिल्दैन, यसले देशमा दक्ष जनशक्तिको अभाव हुन्छ।'

एनआरएनए मार्फत विश्वमा रहेका नेपालीहरूको नेतृत्व गर्दै गर्दा आफुले कोरियामा आर्जन गरेको सीप र पूँजीलाई फर्काएर नेपालमा लगानी गरिरहेको कुँवरले बताए।

कार्यक्रममा सभासद गौचनले यही विद्यालयमा अध्ययन गरेर विश्वमा चिनिएर एनआरएनएको नेतृत्व गरेका कुँवरको प्रसंसा गरिन्। विद्यालय बनाउन र आर्थिक सहयोग गर्ने सबैलाई धन्यवाद व्यक्त गर्दै सभासद गौचनले विद्यालयको सहयोगका लागि आफुले पनि पहल गर्ने प्रतिवद्धता जनाइन्।

कार्यक्रममा विद्यालय निमार्णमा आर्थिक सहयोग गर्ने सहयोगीहरूलाई सम्मान गरिएको थियो।



# एनआरएनए प्रवक्ता सापकोटा र आइसीसी सदस्य क्षेत्री 'टुरिजम गुडविल एम्बेसडर' नियुक्त






गैरआवासीय नेपाली संघ (एनआरएनए)का प्रवक्ता सोम सापकोटा र आइसीसी सदस्य एनबी क्षेत्री 'टुरिजम गुडविल एम्बेसडर' नियुक्त भएका छन्। सापकोटा बेलायतको वेल्सका लागि र क्षेत्री मलेसियाका लागि टुरिजम गुडविल एम्बेसडरमा नियुक्त भएका हुन्।

सापकोटालाई पर्यटन सचिब सुरेश अधिकारीले बेलायतको वेल्सका लागि टुरिजम गुडविल एम्बेसडरको नियुक्ति पत्र हस्तान्तरण गरेका थिए। मलेसियामै रहेका कारण क्षेत्रीको नियुक्तिपत्र भने पठाइएको थियो। लामो समयदेखि गैरआवासीय नेपाली अभियानसँगै देश तथा बिदेशमा नेपालको पर्यटन क्षेत्र प्रवर्द्धनमा उल्लेख्य भूमिका खेलेको भन्दै सापकोटा र क्षेत्रीलाई टुरिजम गुडविल एम्बेसडरमा चार बर्षका लागि नियुक्त गरिएको पर्यटन मन्त्रालयले जनाएको छ।

पर्यटन सचिब अधिकारीले लामो समयदेखी पर्यटन क्षेत्रमा योगदान पुऱ्याउदै आएका सापकोटा र क्षेत्रीलाई टुरिजम गुडविल एम्बेसडरमा नियुक्त गरिएसँगै नेपालको पर्यटन क्षेत्र थप लाभान्वित हुने आशा राखेको बताए।

टुरिजम गुडविल एम्बेसडरमा नियुक्त भएकोमा खुसी व्यक्त गर्दै सापकोटा र क्षेत्रीले राज्यले आफूहरू माथि बिस्वास गरेर दिएको जिम्मेवारीलाई मूलुकको हित र प्रबासी नेपालीहरूको साथ लिदै सजकताका साथ निभाउने प्रतिबद्धता ब्यक्त गरे।

सन २००७ देखी सन २००९ सम्म एनआरएनएको पर्यटन प्रबर्द्धन कमिटीको सदस्य भएर काम गरेका सापकोटाले सन २०१३ देखी सन २०१५ सम्म यसै कमिटीको उप संयोजक भएर काम गरिसकेका छन। यस्तै सन २०१६ देखी सन २०१८ सम्म डेनमार्कका लागि र सन २०१९ देखि २०२१ सम्म माल्टाका लागि नेपाल टुरिजम बोर्डको मानार्थ जनप्रतिनिधिको रूपमा नियुक्त भएर पनि सापकोटाले आफ्नो कार्यदक्षता सावित गरिसकेका छन। सापकोटा हाल एनआरएनएको प्रबक्ता एवं पर्यटन प्रर्बधन समितिका संयोजकसमेत रहेका छन्।

यस्तै सन २००५ देखी मलेसियालाई कर्मथलो बनाइरहेका क्षेत्रीले मलेसियामा एनएचएस भ्याकेसन ट्राभल्स एन्ड टुर्स, नाफ्टर प्रेस्टो क्याफे, नाफ्टर ग्लोवल रिसोर्सेज लगायतका व्यवसाय संचालन गरिरहेका छन। एनआरएनए पर्यटन प्रबद्धन कमिटीको सदस्य समेत रहेका क्षेत्रीले मलेसियाली नागरिकलाई नेपाल भ्रमणमा पठाउँनको लागी बिभिन्न कार्यक्रम शुरु गर्ने बताए।

# राजदूत ढकालद्वारा युएनडब्लुटिओ समक्ष ओहदाको प्रमाणपत्र पेश

स्पेनका लागि नेपालकी राजदूत डा. शर्मिला पराजुली ढकालले संयुक्त राष्ट्रसंघको विश्व पर्यटन संगठन (यु.एन.डब्लु.टि.ओ.)का महासचिवसमक्ष आफ्नो ओहदाको प्रमाणपत्र पेश गरेकी छिन।

स्पेनको राजधानी मड्रिडस्थित विश्व पर्यटन संगठनको मुख्यालय पुगेर राजदूत ढकालले संगठनका महासचिव जुरब पोलोलिखास्भीली समक्ष शिष्टाचार भेट गरेर आफ्नो ओहदाको प्रमाणपत्र पेश गरेकी हुन। सो अवसरमा राजदूत ढकालले विश्व पर्यटन संगठनप्रति नेपालको पूर्ण समर्थन जनाउँदै विश्व पर्यटनलाई ठोस आकार दिन संगठनले खेलेको भूमिकाको प्रशंशा गरिन।



साथै आगामी मार्च १५ देखि १७ तारिखसम्म संगठनले काठमाडौंमा क्षेत्रीय प्राविधिक कार्यशाला आयोजना गर्न लागेकोप्रति पनि राजदूत डा. ढकालले कृतज्ञता व्यक्त गरिन। विश्व पर्यटन संगठनका महासचिव पोलोलिखास्भीलीले नेपालसँगको हार्दिक सम्बन्धप्रति सन्तुष्टी जनाउँदै संगठनले नेपाललाई दिँदै आएको सहयोग जारी राख्ने आश्वाशन दिए।

सो अवसरमा नेपालको पर्यटन विकास र प्रवर्द्धनको सम्भावनाबारे छलफलसमेत भएको थियो। संयुक्त राष्ट्रसंघको विश्व पर्यटन संगठनमा हाल विश्वका १ सय ६० मुलुक पूर्ण सदस्य रहेका छन् भने नेपाल संस्थापक सदस्यमध्येको एक हो।


तपाई वैदेशिक रोजगारको
खोजीमा हुनुहुन्छ ?
आफ्नो सीप र क्षमता
अनुसारको काम र
राम्रो तलब सुविधाको वैदेशिक
रोजगारीका लागि
हामीलाई सम्झनुहोस् ।
दर्ता नं. ५८८/०६२/६३
न्यू पाथिभरा
प्लेसमेन्ट सर्भिस प्रा.लि.
काठमाडौं, नेपाल


सुरक्षित र भरपर्दो
वैदेशिक रोजगारीका
लागि हामीलाई सम्झनुहोस् ।
iMR
इन्टरनेशनल
मेनपावर रिक्रुटमेन्ट प्रा.लि.
ग्वार्को, ललितपुर, फोन नं. ०१-५२०४३४६/४७/४८
E-mail: info@imrsolution.com,
admin@imrsolution.com

## राष्ट्रिय वाणिज्य बैंकको ५८औं वार्षिकोत्सव

# बैंक तथा वित्तीय संस्थाहरूले उत्पादनमूलक क्षेत्रमा लगानी गर्नुपर्छ : अर्थमन्त्री



उपप्रधान तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले बैंक तथा वित्तीय संस्थाहरूले उत्पादनमूलक क्षेत्रमा लगानी गरी आर्थिक विकासमा थप योगदान गर्नुपर्ने बताएका छन । राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको ५८ औं वार्षिकोत्सव समारोहमा बोल्दै उपप्रधान तथा अर्थमन्त्री पौडेलले अर्थतन्त्रमा रहेको चुनौती समाधान गर्न बैंकहरू लाग्नुपर्नेमा त्यसमा राष्ट्रिय वाणिज्य बैंकको भूमिका सकारात्मक रहनुपर्ने धारणा राखे । उनले बैंकले आगामी दिनमा नाफामा भन्दा पनि गुणस्तरीय सेवामा प्रतिस्पर्धा गरी अन्य बैंकको तुलनामा अग्रणी हुनुपर्ने बताए ।

कार्यक्रममा उपप्रधान तथा अर्थमन्त्री पौडेलले बैंकको परिष्कृत गरिएको मोवाइल बैंकिङ्ग सेवा 'आरबिबि डिजिटल संसार एप्स्'को पनि शुभारम्भ गरेका थिए भने बैंकको ५८ औं वार्षिककोत्सवको अवसरमा प्रकाशन गरिएको विशेषाङ्क 'स्मारिका उपहार-२०७९' विमोचन गरेका थिए । कार्यक्रममा पूर्वकर्मचारी सम्मान, उत्कृष्ठ शाखा कार्यालय, सर्वोत्कृष्ठ/उत्कृष्ठ बैंक सेवा पुरस्कार घोषणा गरिएको थियो ।

नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले नेपाल राष्ट्र बैंकले लिने नीति समग्र अर्थतन्त्रको विकासको लागि हुने र राष्ट्र बैंकले ल्याउने नीति अग्रणी रुपमा राष्ट्रिय वाणिज्य बैंकले कार्यन्वयन गर्ने गरेको बताए । उनले अहिले नीजि क्षेत्रका बैंकहरूको मर्जरले लिएको गतिले बैंकहरूको आकार बढीरहेको अवस्थामा आवश्यक परेमा तीनवटा सरकारी बैंक मिलेर मर्जको लागि आपसमा कुरा गर्न सकिने बताए ।

बैंक संचालक समितिका अध्यक्ष डा.बलराम पाठकले नेपाल सरकारले लिएका अर्थतन्त्र सबलीकरण सम्बन्धी नीतिहरूको सफलतापूर्वक कार्यान्वयन गर्न, नियमनकारी निकायहरूको निर्देशन पालना गर्न र सुशासनका माध्यमबाट संस्थागत कार्यदक्षतामा सुधार ल्याई बैंकिङसेवा प्रवाहलाई थप प्रतिस्पर्धात्मक एवं उत्तरदायीपूर्ण बनाउन भूमिका निर्वाह गर्ने ध्येयका साथ बैंकलाई आगामी दिनमा अगाडि बढाउने बताए ।

बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले बैंकको वर्तमान स्थिति र समग्र योजनाको बारेमा जानकारी गराउदै बैंकका सम्पुर्ण प्रक्रियाहरू, कार्यविधि एवं पद्धतिहरूलाई सूधार गरी बैंकलाई हरेक पक्षबाट सूदृढ बनाउने बताए । उनले बैंकको ग्राहक सेवामा पनि अझ सूधार ल्याउने र सरकारी स्वामित्वका संस्थाहरूप्रतिको जनमानसमा रहेको नकारात्मक छवि र सरकारी पाराको आरोपलाई हदैसम्म हटाई बैंकलाई हरेक पक्षबाट सूदृढ, सबल र ग्राहकमैत्री बनाउने योजना रहेको बताए । उनले २०७९ पुस मसान्तसम्म बैंकले २ खर्ब ८२ अर्ब रुपैया निक्षेप संकलन गरी २ खर्ब ४१ अर्ब रुपैंया कर्जा लगानी गरेको बताए ।

कार्यक्रममा बैंकमा क्रियाशिल तीन वटै ट्रेड युनियनका अध्यक्षहरू क्रमशः रा.वा.बैंक कर्मचारी संघ नेपालका अध्यक्ष लक्ष्मीप्रसाद पाण्डेय, नेपाल वित्तीय संस्था कर्मचारी संघ, रा.वा.बैंकका अध्यक्ष ईश्वरबहादुर सिंह, नेपाल राष्ट्रिय कर्मचारी संगठन, रा.वा. बैंकका अध्यक्ष दिपेन्द्र कार्की, रा.वा.बैंक पूर्व कर्मचारी संघका अध्यक्ष दिनेशविक्रम थापाले शुभकामना मन्तब्य व्यक्त गरेका थिए ।

आज भन्दा ५८ वर्ष अघि २०२२ साल माघ १० गते मुलुकको आर्थिक क्षेत्रको विकासमा टेवा पुऱ्याउने उद्धेश्यका साथ स्थापना भएको यो बैंकसँग कारोवार गर्ने कूल ग्राहकको संख्या करिब ३८ लाख पूगेको र भौगोलिक उपस्थितिको हिसाबले सातै प्रदेशका ७७ वटै जिल्लामा शाखा कार्यालयहरू संचालनमा रहेको बैंकले जनाएको छ । डिजिटल बैंकिङ्ग क्षेत्रमा समेत बैंकले उल्लेखनीय फड्को मारेको र हालसम्म करिब ७ लाख एटिएम प्रयोगकर्ता, करिब १६ लाख मोबाईल बैंकिङ्ग प्रयोगकर्ता, २० हजार इन्टरनेट बैंकिङ्ग प्रयोगकर्ता तथा १० हजार बिएलबी प्रयोगकर्ता रहेका बैंकले जानकारी दिएको छ ।

५८ औं वार्षिकोत्सवको अवसरमा बैंकले रक्तदान कार्यक्रम तथा प्रभातफेरी कार्यक्रम पनि गरेको थियो । रक्तदान कार्यक्रममा देशैभरिबाट ४३० जना रक्तदाताहरूले रक्तदान गरेको बैंकले जनाएको छ ।






# माछापुच्छ्रे बैंक र स्मार्टच्वाइस टेक्नोलोजिजबीच सम्झौता

नेपाल राष्ट्र बैंकबाट भुक्तानी प्रणाली सञ्चालकको अनुमति प्राप्त स्मार्टच्वाइस टेक्नोलोजिज (एससिटी) तथा माछापुच्छ्रे बैंकबीच एससिटी युपिआई डेबिट कार्ड सेवा सञ्चालनको लागि सम्झौता भएको छ।

सम्झौता पत्रमा स्मार्टच्वाइस टेक्नोलोजिजका तर्फबाट प्रमुख कार्यकारी अधिकृत नारायण प्रकाश भुजु र माछापुच्छ्रे बैंकका तर्फबाट प्रमुख डिजिटल बैंकिङ अधिकृत माधव सुवेदीले हस्ताक्षर गरेका हुन्।

बिगत २० वर्षदेखि डिजिटल भुक्तानीमा गुणस्तरिय सेवा दिँदै आएको स्मार्टच्वाइस टेक्नोलोजिज र माछापुच्छ्रे बैंकबीच भएको यस सम्झौताले समग्र नेपालको डिजिटल भुक्तानीको क्षेत्रमा टेवा पुग्ने आशा गरिएको कम्पनीले बताएको छ।

यस सम्झौतापछि माछापुच्छ्रे बैंकका ग्राहकहरूले एससिटी युपिआई डेबिट कार्डको आधुनिक, सुरक्षित, गुणस्तरीय तथा भरपर्दो सुविधा प्राप्त गर्न सक्नेछन्। साथै, एससिटी युपिआई सञ्जालको प्रयोगबाट ग्राहकले नेपाल तथा भारतभित्र एटिएम, पोस, इकमर्श जस्ता सेवा सजिलै लिन सक्ने कम्पनीले बताएको छ।






# मुलुककै ठूलो बैंक बन्यो ग्लोबल आइएमई

ग्लोबल आइएमई बैंक लिमिटेड र बैंक अफ काठमाण्डू लिमिटेडले मर्जरपछि ग्लोबल आइएमई बैंक लिमिटेडको नामबाट एकीकृत कारोबार सुरु गरेका छन् । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले दुई बैंकको मर्जरपछि एकीकृत कारोबारको शुभारम्भ गरेका हुन ।

एकीकृत कारोबार शुभारम्भ समारोहलाई सम्बोधन गर्दै प्रधानमन्त्री दाहालले बैंकहरू ठूलो हुँदा ठूलाठूला परियोजनामा लगानी जुटाउन सहयोग पुग्ने बताए । 'बैंक मर्जर असाधारण काम हो, यो प्रसंशा योग्य छ । बैंक ठूला हुँदा ठूलाठूला परियोजनामा लगानी जुटाउन सहयोग पुग्नेछ । ठूला बैंकले मुलुकको दूरदराजसम्म नबिनतम बैंकिङ्ग सेवा र वित्तीय साक्षरता अभिवृद्धि गर्न काम गर्न जरुरी छ,' उनले भने ।

प्रधानमन्त्री दाहालले वर्तमान सरकार अर्थतन्त्र सुधारमा केन्द्रित रहेको र निजी क्षेत्रसँग सहकार्य गरेर अगाडि बढ्ने बताएका छन । 'वर्तमान सरकार मुलुकको अर्थतन्त्र सुधार गर्न प्रतिवद्ध छ । हामीले हाम्रो पहिलो क्याबिनेट बैठकबाट नै मुलुकको अर्थतन्त्र सुधार गर्ने लक्ष्यका साथ काम सुरु गरेका छौं,' उनले भने ।

नेपाल सरकारका मुख्य सचिब शंकरदास बैरागीले बैंकहरूको ठूलो मर्जरले वित्तीय क्षेत्रको स्थायित्वमा ठूलो योगदान पुऱ्याउन सक्ने बताउदै नेपाल सरकार निजी क्षेत्रलाई साथमा लिएर र निजी क्षेत्रको मनोबल बढाएर अगाडि बढ्ने बताए ।

नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले बैंक तथा वित्तीय संस्थाहरूको मर्जरले बैंक तथा वित्तीय संस्थाहरू ठूला र सबल बन्दै जाँदा वित्तीय मध्यस्थता लागत कम हुँदै जाने बताए । उनले मर्जरले बैंकहरू ठूला बन्दै जाँदा बैंकहरूले स्वनियमनमा बस्नुपर्ने पनि बताए ।

ग्लोबल आइएमई बैंकका अध्यक्ष चन्द्रप्रसाद ढकालले नेपाली बैंकिङ्ग क्षेत्रका लागि यो दिन एउटा ऐतिहासिक दिन रहेको बताउँदै यस मर्जरसँगै अधिकांश वित्तीय सूचकहरूमा ग्लोबल आइएमई बैंक नेपालको नम्बर वान बैंक बनेको बताए ।

अध्यक्ष ढकालले नेपाल राष्ट्र बैंकले मर्जरको नीति घोषणा गरेपछि ग्लोबल आइएमई बैंकले त्यसलाई पछ्याउँदै अघि बढेको र सरकार तथा नेपाल राष्ट्र बैंकको मर्जर नीतिलाई कार्यान्वयनमा ल्याउने लिडर रहेको बताए ।

नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष शेखर गोल्छाले मर्जरले बैंक सबल बन्ने र सबल बैंकले अर्थतन्त्र सबल बनाउन सहयोग पुग्ने बताए । नेपाल उद्योग परिसंघका अध्यक्ष विष्णु अग्रवालले ग्लोबल आइएमई बैंकलाई सफल मर्जरको लागि शुभकामना व्यक्त गर्दै ग्लोबल आइएमई बैंकको नेतृत्वमा व्याजदर घटाउन पहल गर्न आग्रहसमेत गरे ।

बैंक अफ काठमाण्डूका अध्यक्ष प्रकाश श्रेष्ठले बैंकको पूँजीगत आधार विस्तार गर्दै क्षमता विकास गर्न मर्जरमा गएको बताए । उनले बैंकिङ्ग क्षेत्रप्रति आम जनताको विश्वास बढ्दै गएको बताउँदै यसले मुलुकको अर्थतन्त्रमा सुधार ल्याउन सकारात्मक भूमिका रहने बताए ।

बैंक अफ काठमाण्डूका संचालक तथा संयुक्त मर्जर कमिटिका संयोजक राधेश पन्तले मर्जरको पहिलो सम्झौता भएको ६ महिनाभित्र मर्जर सम्पन्न भएको बताए । दुवै बैंकका आआफ्नै विशेषता रहेको बताउँदै उनले मर्जरपछि बैंकको व्यवसायको लागत कम हुने बताए ।

उनले ग्लोबल आइएमई बैंक लिमिटेड र बैंक अफ काठमाण्डू लिमिटेडले मर्जरपछि ग्लोबल आइएमई बैंक लिमिटेडको नामबाट एकीकृत कारोबार शुभारम्भ समारोहमा उपस्थित सम्पूर्ण विशिष्ट पाहुनाहरूलाई धन्यवाद व्यक्त गरेका छन् ।

नयाँ बैंकको सञ्चालक समितिमा ग्लोबल आइएमई बैकको तर्फबाट अध्यक्ष चन्द्रप्रसाद ढकालसहित ५ जना र बैंक अफ काठमाण्डूको तर्फबाट २ जना रहनेछन । त्यसैगरी बैंकको प्रमुख कार्यकारी अधिकृतको रुपमा ग्लोबल आइएमई बैंकका प्रमुख कार्यकारी अधिकृत रत्नराज बज्राचार्य रहनेछन ।

२१ वटा बैंक तथा वित्तीय संस्थाहरू गाभिएर बनेको ग्लोबल आइएमई बैंक लिमिटेडमा ५ वटा वाणिज्य बैंक, १० वटा विकास बैंक तथा ६ वटा फाइनान्स कम्पनी समाहित भएका छन् ।

मर्जर पश्चात् बैंकको कुल सम्पत्ति ५ खर्ब ५ अर्ब रुपैयाँ, कुल पूँजी ५७ अर्ब रुपैयाँ, चुक्ता पूँजी ३५.७७ अर्ब रुपैयाँ, कुल निक्षेप ४ खर्ब १२ अर्ब रुपैयाँ, कुल कर्जा ३ खर्ब ७७ अर्ब रुपैयाँ भएको छ । मर्जरपछि बन्ने नयाँ बैंक कुल पूँजी, चुक्ता पूँजी, शाखा सञ्जाल तथा व्यवसायको आकारको हिसाबले नेपालको सबै भन्दा ठूलो बैंक बनेको छ ।

दुई बैंकहरूको मर्जर पश्चात् कुल ३६५ शाखा कार्यालय, ३६७ एटिएम, २८६ शाखा रहित बैंकिङ्ग सेवा, ६१ विस्तारित शाखा कार्यालयहरू, ३ वटा विदेशस्थित सम्पर्क कार्यालयहरू, ४० लाख भन्दा बढि ग्राहकहरू सहित अन्य धेरै वित्तीय परिसुचकहरूमा ग्लोबल आइएमई बैंक लिमिटेड मुलुकको सबैभन्दा ठूलो बैंक हुनेछ ।

# साना तथा मझौला **व्यवसायीका पीरमार्का बुझिदिन** सरकार समक्ष आग्रह




साना तथा मझौला व्यवसायीहरूको छाता संगठन राष्ट्रिय व्यापार संघले आफ्नो १८ औं वार्षिक साधारणसभा भव्यताका साथ सम्पन्न गरेको छ। विना विभागिय मन्त्री राजेन्द्रकुमार राईको प्रमुख आतिथ्यतामा सम्पन्न साधारणसभाको अध्यक्षता संघका अध्यक्ष सरोजकुमार श्रेष्ठले गरेका थिए।

साधारणसभाको उदघाटन गर्दै मन्त्री राईले व्यवसायीहरूको हकहितको लागि संघले गरेको अतुलनीय कार्यको प्रशंसा गर्दै १८ औं वार्षिक साधारणसभाको शुभकामना व्यक्त गरे। नयाँ सरकारले व्यवसायीका समस्याहरूलाई हल गर्ने प्रतिबद्धता जनाउँदै मन्त्री राईले व्यवसायीहरूले तिरेको करबाट नै राज्यको अर्थतन्त्रमा ठूलो टेवा पुगेकोले व्यवसायीका समस्या समाधानसँगै उक्त करको सही सदुपयोग गर्न पनि आफु जोडबलका साथ लाग्ने बताए।

संघका अध्यक्ष सरोजकुमार श्रेष्ठले संघले व्यवसायीका हकहित र समस्या समाधानका लागि धेरै कामहरू गर्न सफल भएको बताउँदै विभिन्न प्राकृतिक विपत्तिहरूमा उद्धार तथा राहत, सामाजिक कामहरू, रक्तदान लगायत विभिन्न सचेतना फैलाउने कार्यहरू पनि निरन्तर गर्दै आइरहेको जानकारी दिए। यस्तै अध्यक्ष श्रेष्ठले बैंक तथा वित्तिय संस्थाले एकतर्फी व्याज बढाउँदा व्यवसायीहरू मारमा परेको भन्दै यसलाई तत्काल घटाउन सरकारसँग माग गर्दै बेलाबेलामा नाका बन्द हुँदा व्यवसायीहरूले समस्या भोग्नुपरेको बताए।

नेपाल चेम्बर अफ कमर्शका उपाध्यक्ष दिपक मलहोत्राले अस्थिर सरकारका कारण नेपालको अर्थतन्त्रले गती लिन नसकेको बताए। 'बैंकबाट चर्को व्याज लिएर व्यापार गर्नसक्ने अवस्था छैन, यसमा सरकारले विशेष ध्यान दिनुपर्छ,' उनले भने। जबसम्म व्याजदर घट्दैन तबसम्म व्यापार गर्न नसक्ने उनको भनाइ छ।

राष्ट्रिय व्यापार संघले सरकार र निजी क्षेत्रबीच पुलको काम गर्दै आएको बताउँदै आन्तरिक राजश्व कार्यालय न्यूरोडका प्रमुख शशी भट्टले बजारमा चोरी पैठारी बढेको भन्दै यसलाई नियन्त्रण गर्न सरकारले अनुगमनको कामलाई कडाइ गरेको बताए। उनले कानूनी दायरामा रहेर व्यापार व्यवसाय गर्न पनि सबै व्यवसायीहरूलाई आग्रह गरे।

कार्यक्रममा बोल्दै नेपाल हिमालय सीमापार वाणिज्य संघका अध्यक्ष अशोककुमार श्रेष्ठले बैंक तथा वित्तिय संस्थाले व्याजदर चर्को बनाउँदा व्यवसायीहरू मर्कामा परेको भन्दै सरकारले साना तथा मझौला व्यवसायीलाई सस्तो व्याजदरमा पैसा उपलब्ध गराउन सकेमात्र काम गर्न सकिने जानकारी दिए।

हस्तकला संघ बागमती प्रदेशका अध्यक्ष होमनाथ उपाध्यायले भूकम्प, नाकाबन्दी र कोरोनाका कारण थला परेको नेपालको अर्थतन्त्रलाई पुर्नउत्थान गर्न नयाँ सरकारले नयाँ कार्यक्रम अगाडि सार्नुपर्ने बताए।

कार्यक्रममा संघका संस्थापक अध्यक्ष रमेशचन्द्र बहादुर श्रेष्ठ, पूर्वअध्यक्ष नयनबहादुर पण्डित क्षेत्री, उपाध्यक्ष रामचन्द्र पराजुली, सल्लाहकार प्रज्वलमान शाक्य र कृष्ण पराजुलीलगायतले व्यवसायीहरूले भोग्दै आएका समस्याहरूका बारेमा मन्त्री राईको ध्यानाकर्षण गराउँदै चाँडै समस्या समाधान गरिदिन आग्रह समेत गरेका थिए। कार्यक्रमको संचालन संघका महासचिव बैकुण्ठ दाहालले गरेका थिए।

राष्ट्रिय व्यापार संघ २०६१ सालमा स्थापना भई व्यवसायीहरूका हकहितका लागि सरकार समक्ष आवाज उठाउँदै आइरहेको छ। आगामी दिनहरूमा पनि व्यवसायीहरूका पीर मर्का तथा समस्या समाधानमा लाग्दै सामाजिक कार्यलाई पनि निरन्तरता दिँदै जाने प्रतिबद्धता संघको रहेको छ।

# नेपाल टेलिकमले ल्यायो **'विन्टर अफर'**

नेपाल टेलिकमले 'विन्टर अफर' ल्याएको छ। कम्पनीले पहिला उपलब्ध गराइरहेको 'अटम अफर'लाई ग्राहकको रुचिअनुसार परिमार्जन गरी थप आकर्षक बनाएर 'विन्टर अफर' उपलब्ध गराएको जनाएको छ।

विन्टर अफरमा कम्पनीले उपलब्ध गराइरहेको सजिलो प्रिपेड कम्बो अफरलाई निरन्तरता दिइएको टेलिकमले जनाएको छ। यसमा कम्पनीका प्रिपेड मोबाइलका ग्राहकलाई रु एक सय ९९ देखि रु छ सय ९९ सम्मका सुलभ दरका २८ दिनसम्म प्रयोग गर्न सकिने डाटा, भ्वाइस र सन्देशका विभिन्न प्याक उपलब्ध छन्।




यस अफरअन्तर्गत रु छ सय ९९ मा २८ दिनका लागि कूल २८ जिबी डाटा (दैनिक एक जिबी), दैनिक एक सय मिनेट कुराकानी गर्ने र दैनिक सय सन्देश पठाउन सकिने सुविधा उपलब्ध रहेको टेलिकमद्वारा जारी विज्ञप्तीमा उल्लेख छ। यीबाहेक पहिलादेखि नै उपलब्ध अफरलाई निरन्तरता दिइएको छ।

अफर प्राप्त गर्नका लागि ग्राहकले *1415# डायल गर्नुपर्नेछ। कम्पनीको 'नेपाल टेलिकम' एपबाट यससम्बन्धी जानकारी लिन तथा सेवा खरिद गर्न सकिनेछ। त्यस्तैकम्पनीको वेबसाइट www.ntc.net.np मार्फत विस्तृत जानकारी प्राप्त गर्न सकिनेछ।

# नेपाल इन्भेष्टमेन्ट मेगा बैंकले थाल्यो संयुक्त कारोबार




नेपाल इन्भेष्टमेण्ट बैंक र मेगा बैंक नेपाल लिमिटेड एक भएर बनेको 'नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड' ले संयुक्त कारोबार सुरु गरेको छ । 'समृद्धिका पथमा सँगै अघि बढ्दै' नाराका साथ नेपाल इन्भेष्टमेण्ट बैंकका अध्यक्ष पृथ्वीबहादुर पाँडे र मेगा बैंक नेपालका अध्यक्ष भोजबहादुर शाहले संयुक्त रुपमा एकीकृत कारोबार शुभारम्भ गरेका हुन् ।

दुई बैंकबीच सेयर स्वाप अनुपात १०० :९० रहेको छ । मर्जरपछि बनेको नयाँ बैंकको अध्यक्षमा साबिक नेपाल इन्भेष्टमेण्ट बैंककै अध्यक्ष पृथ्वीबहादुर पाँडे र प्रमुख कार्यकारी अधिकृतमा ज्योतिप्रकाश पाण्डे रहेका छन् ।

नयाँ सञ्चालक समितिमा दुवै बैंकको सञ्चालकहरूको प्रतिनिधित्व रहने गरी नेपाल इन्भेष्टमेण्ट बैंकका तर्फबाट प्रजन्य राजभण्डारी, कविकुमार टिब्रेवाला र मेगा बैंकका तर्फबाट गोपाल खनाल, मदनकुमार आचार्य र मुक्तिराम पाण्डे रहेका छन् । त्यसैगरी साविक नेपाल इन्भेष्टमेण्ट बैंकमा स्वतन्त्र सञ्चालकका रुपमा रहेको मञ्जु बस्नेत नै अब बन्ने सञ्चालक समितिमा पनि स्वतन्त्र सञ्चालक रहने छिन् ।

संयुक्त कारोबारको शुभारम्भ गर्दै अध्यक्ष पाँडेले नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड देशकै ठूला वाणिज्य बैंकहरूमध्येको एक हुँदै सम्पूर्ण वित्तीय सूचकमा अग्रता हासिल गर्न सक्षम हुनेछ भन्ने विश्वास व्यक्त गरे । दुई बैंकबीचको मर्जरले मर्जर नीतिलाई थप उत्साह प्रदान गरी अन्य बैंकहरूलाई समेत मर्जरका लागि प्रेरित गरेको उनको भनाइ थियो ।

यस्तै, कार्यक्रममा बोल्दै मेगा बैंकका अध्यक्ष भोजबहादुर शाहले यो मर्जर देशका बैंकिङ क्षेत्र र अर्थतन्त्रका लागि सुखद् र सकारात्मक कदम भएको बताए । मर्जरपछि दुवै बैंकको नाम र काम अनुसारको गरिमालाई उच्च कायम राख्न दुवै बैंकमा रहेका असल परम्परा, संस्कार, ग्राहकहरूको सेवा, कर्मचारी व्यवस्थापनजस्ता सकारात्मक पक्षहरूलाई अंगिकार गर्नुका साथै सेयरधनीहरूको प्रतिफलमा न्यायोचित वृद्धि र निरन्तरता दिँदै जाने विश्वास उनले व्यक्त गरे ।

मर्जरपश्चात बैंकको कुल चुक्तापुँजी रु ३४.१२ अर्ब, कुल पुँजी रु ५८ अर्बभन्दा बढी र कुल सम्पत्ति रु ४ खर्ब ७१ अर्ब, कुल निक्षेप रु ३६०.२ अर्ब तथा कर्जा लगानी रु ३२९.०६ अर्ब गरी कुल ३० लाख ग्राहकलाई सेवा प्रदान गर्दै नेपाल इन्भेष्टमेण्ट मेगा बैंक देशकै ठूलो वाणिज्य बैंकमध्येको एक अग्रणी बैंक बनेको छ ।

त्यसैगरी मर्जरपछि बैंकको शाखा संख्या २९६ पुगेको छ भने एक्सटेन्सन काउन्टर ५९, शाखारहित बैंकिङ सेवा १०९ तथा एटीएम सञ्जाल २७९ पुगेको छ । निकटतम भविष्यमा थप शाखा सञ्जाल विस्तार गरी देशका ७७ वटै जिल्लालाई समेटेर हरेक नेपालीलाई वित्तीय पहुँच सुनिश्चित गरिने प्रतिबद्धता बैंकले जनाएको छ ।

---

# हिमालयन बैंकको निःशुल्क आँखा परीक्षण तथा रक्तदान कार्यक्रम

हिमालयन बैंक लिमिटेडले ३० औं वार्षिकोत्सवको अवसरमा निःशुल्क आँखा परीक्षण शिविर र रक्तदान कार्यक्रम सम्पन्न गरेको छ । बैंकले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत उक्त कार्यक्रम सञ्चालन गरेको जनाएको छ ।

बैंकले नेत्रधाम फाउण्डेसनको सहकार्यमा माछापुच्छ्रे गाउँपालिका-१ स्थित माछापुच्छ्रे स्वास्थ्य चौकी, दुसे कास्कीमा निःशुल्क आँखा परीक्षण शिविर र बैंकको कर्मचारी संगठनको समन्वयमा केन्द्रीय कार्यालय कमलादीमा रक्तदान कार्यक्रम सम्पन्न गरेको हो ।




डा. सन्यम बजिमय र उनको टोलीको नेतृत्व, नेत्रधाम फाउण्डेसनको सहकार्य तथा बैंकको आर्थिक सहयोगमा गत माघ ४ गतेदेखि माघ ६ गते निःशुल्क आँखा परीक्षण शिविर सम्पन्न भएको हो ।

उक्त तीन दिने शिविरमा माछापुच्छ्रे गाउँपालिकाका ३९० जनाले निःशुल्क आँखा परीक्षण गराएका छन् भने २६ जनाले निःशुल्क मोतीबिन्दु र जलबिन्दुको शल्यक्रिया गराई लाभ लिएको बैंकको भनाइ छ ।

यसैगरी बैंकले कर्मचारी संगठनको समन्वयमा गत माघ ७ गते कमलादीस्थित केन्द्रीय कार्यालयमा सम्पन्न गरेको रक्तदान कार्यक्रममा उपत्यकाभित्र र बाहिर गरी २०० जनाभन्दा बढी कर्मचारीहरूको उपस्थिति थियो भने करिब १०० जनाले रक्तदान गरी सहभागिता जनाएको बैंकले बताएको छ ।


Taste of korea Now in nepal
SAN SOJU
산소주
Serve Chilled
ALC - 17.12% v/v
300 ML
SAN SOJU
SAN SOJU
Spirit that Sparkles

# को छ गाउँमा ?

आमाको कुरा सुनेर वाल्ल पऱ्यो ऊ। बिहान ऊ गाउँ घुमेर आएपछि आमाका छेउमा बस्यो। अर्कोहप्ता चौरासी पुजा भएकाले किनमेल गर्न बच्चुराम निकै हतारिएको छ। 'आमा पर्सि मात्र कार्ड आउने भयो। धेरैलाई त सुपारी र ल्वाङ दिएरै निम्तो गर्नुपर्ला है ?' उसले भन्यो।



युवराज नयाँघरे

अचेल को छ र गाउँमा ?

बच्चुरामले कसैलाई भेटेन। खुबै खोज्यो - आफ्नै उमेरका साथीहरू, नातेदार, इष्टमित्र, दौंतरी कसैलाई पनि भेट्नै सकेन।

दश वर्ष हङकङ बसेर ऊ आफ्नी आमाको चौरासी पूजामा गाउँ आएको छ। चौरासी पूजाको तयारीमा उसले गाउँभरिका तन्नेरीहरू खोज्न थालेको एक हप्ता भयो।

कोही पनि भेट्न सकेको छैन।

'आमा त्यो असाध्यै राम्रो टपरा गास्ने थिइन् नि- द्रुपदा। कता छे नि त्यो नानी ? डाक्न पाए पनि हुन्थ्यो नि ?'

बच्चुरामले सोध्यो।

पल्लो कोठामा बसेर टिभी हेरिरहेकी आमाले भनिन्- 'छैन नि त्यो केटी। खाडी पसेको पनि निकै वर्ष पो भयो त।'

'टपरी गाँस्न, दुना गाँस्न साह्रै छिटो हात चलाउने गर्थी।'

आमाले बोलेको सुनिरह्यो उसले।

बेलुकी सुत्ने बेलामा बच्चुरामले आमालाई नै सोध्यो -'आमा, आमा मेरा कुरा सुन्नु त।'

'भन न केटा।'

'अन्तरे दाइ थिए नि- सान्है राम्रो चिउरा कुट्ने। कटुवाल दाइ थिए नि पुछारमा घर हुने। बोलाउन पाए हुने।'

उसले तातोपानी सुर्काएर भन्यो।

'म भोली बिहान जाउँ त बोलाउन ? घर देखेको छु नि आमा !'

बच्चुरामले आमातिर हेर्दै भन्यो।

एकछिनपछि आमा भित्रबाट बाहिर आइन्। उसको छेउमा बसिन्। गिलासमा तातो दुध ल्याएकी थिइन्। त्यही सुरुप्प-सुरुप्प पार्न थालिन्।

उसले फेरि त्यही कुरा दाहोऱ्यायो- 'अन्तरे दाइ बोलाउन जाउँ त आमा म ?'

आमाले हातको गिलास भुइँमा राख्दै भनिन्- 'लाटै छस् तँ पनि। छैनन् नि अन्तरे बाबु।'

'तँ हङकङ गएको अर्को वर्ष कता हो मकाउ हो कि मकै भन्ने देशमा गएका आएकै छैनन् नि। उतैकी केटी बिहे गरे रे।'

'तीनजना केटाकेटी जन्माएर उतै हुटेल चलाएर बसेका छन् रे।'

'अन्तरेकी आमा मसँग सधै बिलौना गाउँछिन् बाबु' आमाले बच्चुरामलाई सबै कुरा भनिन्।

सुत्ने बेलामा उसले आमाको कोठामा यसो चिहायो। अनि बिस्तारै बोलायो पनि।

'आमा, ए आमा।'

सोफामा ढल्केकी आमा बिउँझेर बोलिन् -'निन्द्रा त छैन। तर यसो झकाएछु म त। दिउँसो घाममा निकै बेर सुतेकी थिए।'

'किन डाकिस् बाबु ?'

'केहि सोध्न खोजेको होस् ?'

आमाले चस्मा पुछेर भनिन्।

'आमा माला पनि थुप्रै चाहिएला चौरासीमा। फूल त पाइएला तर गाँस्ने च्याम्पेन मान्छे पो को होला ?' -बच्चुरामले भन्यो।

आमाले औंला पटपटी भाच्दै भनिन् -'त्यो कार्कीकी छोरी उमा थिई नि। राम्रा गास्थी माला त्यो माइली।'

आमाले अरु पनि थपिन् -'वल्लो गाउँ, पल्लो गाउँ, तल्लो गाउँ, माझ गाउँ जतै पनि माला गाँस्न ऊ पुग्थी। उसले गाँसेका मालाको बयान नगर्ने पनि कोही भएनन्।'

'चाइना गई भन्थे। कता पो पर्छ चाइना देश। धेरै वर्ष भो नि त्यो गएकी पनि। आठ वर्ष नाघ्यो जस्तो लाग्छ मलाइ त। गाउँमा त्यस्तो माला अचेल कस्ले गाँस्ला खै ?'

आमाको कुरा सुनेर वाल्ल पऱ्यो ऊ।

बिहान ऊ गाउँ घुमेर आएपछि आमाका छेउमा बस्यो। अर्कोहप्ता चौरासी पुजा भएकाले किनमेल गर्न बच्चुराम निकै हतारिएको छ।

'आमा पर्सि मात्र कार्ड आउने भयो। धेरैलाई त सुपारी र ल्वाङ दिएरै निम्तो गर्नुपर्ला है ?'

उसले भन्यो।

'पण्डित त हाम्रा पुरानै त हुन् होला नि ?'

'आमा, हुमानाथ गुरुलाई नै मुख्य पण्डित बनाउने हो नि, हैन त ?'

बच्चुरामले सोध्यो।

हतारिएर आमाले भनिन् -'हुन त हो केटा। तर

गुरु छैनन् नि । अमेरिका गएका छन् । उतै कमाइ पो गर्न थाले रे ।'

'गुरुलाई उहाँ भ्याई नभ्याई पो छ रे त ।'

'हुमानाथ पण्डितका कान्छा छोरा उतै गएका छन् । छोराले बाबुलाई लगेपछि गाउँमा राम्रा र असल पुरेतको खाँचै भयो नि बच्चु ।'

आमाले थपिन्- 'रेखी हाल्नसम्म पनि राम्रो भाँती पुऱ्याउने पण्डित छैनन् गाउँमा के पो गर्ने होला !'

दिउँसोतिर बाटैमा आमालाई भेट्यो उसले । ऊ खोलापारिका गाउँका मामालाई भेट्न गएको थियो । धेरैलाई मुखेन्जी निम्तो पनि गऱ्यो ।



आँगनमा जाँदै गर्दा आमालाई उसले सोध्यो -'बिन्द्रेकी आमा कता हुनुहुन्छ आमा ?'

'बिन्द्रे क्या । आँखा चिम्लिरहने भाइ थिए नि ।'

उसले आमालाई सम्झाएर भन्यो ।

'सेल पकाउन खप्पिस हुनुहुन्थ्यो बिन्द्रेकी आमा । उहाँलाई बोलाउनु पऱ्यो अलिक बेलैमा ।'

'खुबै सप्रेका सेल पकाउने उहाँको कला म देख्थें । हङकङ बस्दा पनि ति आमाका हातको सेल मैले खुबै सम्झिएँ । मोटा, ठूला, दाउन मिलेका र काँडेदार सेलको सम्झना निकै आउँथ्यो ।'

सबै कुरा सुनेपछि आमा बोलिन् ।

'बाबु उनी त अष्ट्रेलिया गएको पनि निकै वर्ष भो ।'

'बिन्द्रेकी बैनी उता पढ्न गएकी छ रे । उसैले आमालाई बोलाईछ । अनि छोरी भेट्न गएकी बुढी उतै बसिन् ।'

आमाले अरु कुरा पनि थपिन् -'परारैतिर हो कि बिन्द्रेकी सानिमासँग भेट भएथ्यो । उनी त अष्ट्रेलियामा नै सेल तरकारी पकाएर बेच्छिन् रे । सानिमाले भनेकी मलाई ।'

'उनको खुबै ख्याल आउँछ मलाई । यो पालि पनि खल्लै हुने भो, सेल पकाउने गाउँमा उनी नै थिइन् ।'

दिउँसोतिर बच्चुराम र आमा ढिकीमा बेसार कुट्दै थिए । नाङ्लोमा हालेर आमाले बेसार निफननाफन गरेको हेरिरह्यो ।

'आमा, पल्लो गाउँमा दाहाल्नी माइजु हुनुहुन्थ्यो नि । उहाँलाई सबैले भान्सेनी बज्यै भन्थे । हाम्रो भान्सा पनि चौरासीका दिन उहाँलाई नै सुम्पनु पर्ला ।'

बच्चुरामले भन्यो र पिँढीतिर गएर बस्यो ।

आमा कपाल कोरिरहेकी थिइन् । बाँसको काइँयोमा थुप्रिएको कपाल आमाले गुजुल्टो पारिन् । अनि थु-थु पारिन् ।

बल्ल बोल्न भ्याइन् उनी ।

'ए तँलाई त पुराना मान्छे मात्रै याद आउँदो रहेछ । दाहाल्नी भाउजु छोराछोरीसँगै क्यानडा गएर बसेकी छन् । पोहोर आइन् पाँच वर्षपछि । आएर पन्ध्र दिन बसिन् ।'

'भिसा बिग्रिन्छ भनेर गइहालिन् नि बाबु ।'

'दाहाल्नी यहाँ भएकी भए भान्सा सम्हालिदिन्थिन् । के गर्नु मान्छे नै भेट्न गाह्रो । कसो पो गर्नु होला ।'

आमा फतफताइरहेको सुनिरह्यो उसले ।

साँझमा इनारतिर गएर हातमुख धोएर घरभित्र पस्दै गर्दा उसले आमालाई बोलायो । निकै खेप बोलायो - चालचुल कतैबाट पनि आएन ।

बारीबाट आमा आउँदा झस्कियो ।

'साँझमा कहाँ हराउँनु भएको तपाई त ?'

उसले भन्यो ।

'लुगा सिउने पुराना बालीघरे टेलर मास्टर थिए । दुई-चार जोर लुगा छेक्न भनेर गएकी ।'

'ती पनि बाहिर गएछन् । छोराले कतारमा बोलायो रे, छोराको कतारमै राम्रै फेन्सी पसल छ रे । छोरालाई सघाउन मास्टर पनि उतै गएका छन् रे ।'

'हरे, लुगा सिउन पो काँ जानु ।' आमाको अनुहार झनै अँध्यारो भयो- साँझ जस्तै ।

'गाउँ रित्तिएकै हो त ?' आमाका कुरा सुनेर बच्चुरामले प्रश्न गऱ्यो आफैंलाई ।


सुरक्षित र भरपर्दो

वैदेशिक रोजगारीका लागि

हामीलाई सम्झनुहोस ।

Govt. Reg No. 406/060/61



The River Overseas Pvt. Ltd.

Battisputali, KTM, Nepal, Ph: 01-4462431, 4462432

E-mail : theriver@wlink.com.np, www.theriveroverseas.com

# उसले के भनेको यस्तो ?

उसले भनेजस्तै म सोचिरहेँ– त्यसो हो भने इमानदारीता चाहिँ कहाँ छ त ? राजनीतिमा इमानदारिता र नैतिकता छिराउन कति समय लाग्ला, कति सहज होला ? राजनीति र नेता सम्मानित भएको नेपाल देख्न कति समय लाग्ला ? कहिले पाइएला ?



शम्भु सुस्केरा

भो चिन्ता नगर भाइ तैंले पाएको भोट जिउँदा मान्छेको हो । यो विषयमा मैले प्रसङ्ग नै ननिकाली उसले यसो भन्यो ।

कुरा सुनेर म गलल हासेँ ।

उसले फेरि भन्यो 'किन हाँसेको तँलाई भोट हाल्ने मान्छे साँच्चैका जिउँदा थिए ।'

हुन त हो । हामीजस्तो गैह्र राजनीतिक, नयाँ र स्वतन्त्र व्यक्तिलाई भोट हाल्ने व्यक्तिको सोच क्रान्तिकारी नै हो । परिवर्तनकारी हो र आफ्ना दलप्रतिको विद्रोह पनि हो । त्यसैले तिनलाई जिउँदा मान्छे भन्न मिल्छ । तर जो तिनै पुराना, सडेको विचार र गनाएको आचरण बोकेर आएका छन् तिनलाई भोट हाल्ने मान्छेलाई त के जिउँदा भन्नु । मैले सहमति जनाएँ ।

भरखरै म हाँसे जसरी अहिले ऊ हाँस्यो हलल र बोल्यो त्यो त हो । तर कुरो अर्कै छ के यहाँ ।

के छ अर्कै मैले सोधेँ ।

कम्तिमा तँलाई साँच्चै मरेका मान्छेले भोट हालेनन् भनेको के ।

म फेरि हासेँ र सोधेँ । कुन सिनेमामा छ र त्यस्तो मरेका मान्छेले चुनावमा मतदान गरेको दृष्य ?

के को सिनेमामा हुन्थ्यो अस्ति भरखरको चुनावको कुरा गरेको । तँ चुनाव लडेको बेलाको कुरा के ।

भो नचाहिने कुरा नगर । मरेका मान्छेले पनि कहिँ भोट हाल्छ । मैले पत्याइनँ ।

त्यही भएर त उसले चुनाव जितेको रे नत्र त तैंले नै जित्थिस् रे ।

कसरी था पाइस् यस्ता नचाहिने कुरा ? मैले अलिक हल्का रुपमा लिएँ । मरेको मान्छे जाग्ने र गतिविधि गर्ने कुरा त कथा कहानीमा हुनसक्छ । सिनेमा, सिरियलमा हुन सक्छ । तर वास्तविक संसारमा कसरी संभव छ र यस्तो कुरा ।

नचाहिने कुरामा के बोलिरहनु भन्ने सोचेँ र म उसँग छुटेर बाटो लाग्न खोजेँ ।

उसले मेरो पाखुरा तान्दै रोक्यो र भन्यो एकछिन पख न केटा तँलाई म यी नाथेहरूको कर्तुत सुनाउँछु ।

यसरी पाखुरैमा समातेर तान्दा रिस पनि उठ्यो । फेरि तत्काल संयम भएँ । हुनैपर्ने रहेछ । जति रिसायो उति आफैँलाई घाटा । जति संयम उति लाभ । यसै भन्छन् मान्छे ।

म उभिएँ । र सोधेँ के कर्तुत ? मरेका मान्छेले भोट हालेको कुरा ?

हो त नि । यो सब निर्वाचन आयोगको मिलेमतो हो । उहिले कहिले मरिसकेका मान्छेको नाम हटाउनुपर्दैन त ।

आफ्नो नाम मतदाता नामावलीमा छ भन्ने थाहा पाएर ती मरेका मान्छे पनि भोट हाल्न आएछन् । मैले खिस्याएँ उसलाई ।

तेरो टाउको । मरेका मान्छे त कसरी आउँथे र तिनका नाममा अरुले भोट हाले भनेको नि । झर्किदै जवाफ दियो उसले ।

त्यो कुरा त मैले अस्ति थाहा पाएको नि । सुनेको कुरा भनेँ उसलाई ।

ए ! थाहा छ तँलाई ? अनि किन चुपचाप बसेको नि ?

अनि म के गरौँ त ? न सुनिने प्रमाण, न देखिने प्रमाण ?

तिनरकै मान्छेले मलाई भनेका हुन् केको प्रमाण चाहियो अरु ? बुथमा कयौँ त्यस्ता मान्छे थिए रे । तिनको नाममा अरुले नै भोट हालेछन् ।

फेरि २४ सय मत त्यस्तो हुँदैमा मैले कसरी हार्थे । जित्नेको र मेरो मतको अन्तर त निकै पो छ त ।

मरेका मान्छेको नाममा भोट लिने मान्छे पनि कहिँ जिउँदो हुन्छ त ? विशुद्ध जिउँदा मान्छेको भोट पाएको जिउँदो मान्छेको जित नभएर कसको जित हुन्छ त ?

ती जितेर पनि मरेका तँ हारेर पनि बाँचेको ।

मलाई यस्तो कुरा यस अघि पनि धेरैले सुनाए । तर ती मतदान केन्द्रमा हाम्रो पो एजेण्ट थिएनन् अरु पार्टीका त थिए नि । एउटा दलले त्यस्तो बेइमान

गरेको अरु दलका एजेण्टले हेरेर बस्लान् त। मैले त पत्याइन।

पैसाको मुख रातो भन्ने थाहा छैन तँलाई। उसले मलाई आश्वास्त पार्न खोज्यो।

त्यो त थाहा छ। तर आफूले विश्वास, आस्था र भरोसा गरेर कति वर्षदेखि समर्पित भएको पार्टीलाई धोका दिएर कोही मान्छे सय-हजारमा बिक्ला र ? मलाई अझै विश्वास लागेन।

सिकेकै त्यही छ त।




आजकालका युवाले राजनीति जानेको भनेकै त्यहाँबाट लाभ लिनु हो। मिलाएर खानु हो, भ्रष्टाचार गर्नु हो। कलेजबाट पिक्निक जाँदा त्यहिँबाट कमिशन चाख्नु हो। बिचरा तिनको के दोष सिकाउनेको पो दोष।

मलाई उसको तर्क सही लाग्यो। यही त जानेका छन् युवाले। तर मैले उसँग तर्क गरेँ जँड्याहा बाबुको छोरो साधु हुँदैनन् र ?

हुन्छन्। तर ती धेरै छैनन्। तिनै साधुको पनि धैर्य टुटिसकेको छ।

बहस अलिक बौद्धिक गर्न थाल्यो उसले।

म सुनिरहेँ, ऊ बोलिरह्यो।

जति साथ दिए पनि, जति पछि लागे पनि तिनका लागि केहि हुँदैन। जितेर गएपछि आफ्नैलाई हो पोस्ने, भ्रष्टाचार नै हो गर्ने। त्यही भएर मान्छेले चुनावकै बेला हो जति फाइदा लिन सक्छन लिने। धरातलीय तर्क थियो उसको।

कसको के भर त हगि। मलाई त बिक्लान् भन्ने लाग्दैनथ्यो। म साँच्चै चिन्तित भएँ।

नाथेहरू एउटा पार्टीको एजेण्ट बस्यो अर्कोको पैसो खायो अनि नहुने कुरा पनि हुन दियो। टोलटोलमा भ्रष्टहरू छन् अनि हामीचाहिँ माथिका नेताहरूलाई गाली गरेर बस्ने। आफू र अरु सबैसँग रिसायो ऊ एकसाथ।

भो हौ धेरै चिन्ता नगर विस्तारै सुधार्नुपर्छ यिनलाई। राजनीति र राजनीतिज्ञमा इमानदारी देखिए यी आफैँ ठिक ठाँउमा आउँछन्।

खै के आउलान् ? कति भलादमी पल्टिन्थ्यो हाम्रो किरन, त्यसले अघिल्लो चुनावको मतगणनामा झ्याम्म खाएछ।

'मत गणनामा चाहिँ कसरी खायो ? जति मत छ त्यति गन्ने त हो' मैले जिज्ञासा राखे।

भोट गन्ने कर्मचारी र अरु पार्टीका प्रतिनिधि आफ्नो बनाएपछि सबथोक हुँदो रहेछ त्याँ पनि।

एक दुई त्यस्ता बेइमान र लोभी होलान् तर सबका सब त नहोलान् नि। म झन चकित भएँ उसका थप कुराले।

प्रतिनिधि खटाउने मूल मान्छे नै किनेपछि उसले कस्ता मान्छे खटाउँछ आफैँ सोच्नु न ? उसले बलियो तर्क पेश गर्यो।

उसले भनेजस्तै म सोचिरहेँ- त्यसो हो भने इमानदारीता चाहिँ कहाँ छ त ? राजनीतिमा इमानदारिता र नैतिकता छिराउन कति समय लाग्ला, कति सहज होला ? राजनीति र नेता सम्मानित भएको नेपाल देख्न कति समय लाग्ला ? कहिले पाइएला ?

सोचेँ भनेको विस्तारै बरबराएँछु।

उसले सुनिरहेको रहेछ। जसरी तँ आइस् नि त्यसैगरी म असल छु, इमानदार छु भन्नेहरू अगाडि आएका दिन त्यो समय पनि टुप्लुक्क आउने छ। तर राम्रा मान्छे अरु नै आउन् भनेर एकातिर आशा गर्ने अर्कोतिर गाली र निराशा रोपेर बस्ने हो भने को आइदेला आफूले सोचेजस्तो राम्रो मान्छे।





# ‘नातिकाजी राष्ट्रिय संगीत सम्मान तथा पुरस्कार’ प्रदान

नातिकाजी स्मृति समाजले नातिकाजीको सम्झनामा स्थापित विभिन्न पुरस्कार तथा सम्मान प्रदान गरेको छ । राष्ट्रपतिको कार्यालय महाराजगञ्जमा आयोजित ‘नातिकाजी राष्ट्रिय सङ्गीत सम्मान तथा पुरस्कार वितरण समारोह-२०७८’ मा राष्ट्रपति विद्यादेवी भण्डारीले नेपाली गीत सङ्गीतको क्षेत्रमा विशिष्ट योगदान पुऱ्याउने स्रष्टा सर्जकलाई सम्मान तथा पुरस्कार वितरण गरेकी थिइन् ।

राष्ट्रपति भण्डारीद्वारा रंगपत्रकारद्वय डब्बु क्षेत्री र कुबेर गिरी ‘नातिकाजी राष्ट्रिय कला पत्रकारिता पुरस्कार-२०७८’बाट सम्मानित भएका छन् । यस्तै मनबहादुर मुखिया, दीप तुलाधर, दीपा नारायण झा, प्रदीपराज पाण्डे, फणिन्द्र राई, विके राना, कन्हैया सिंह परियार, शुभ मुकारुङ र अमर बान्तुलाई ‘नातिकाजी राष्ट्रिय विशिष्ट सङ्गीत सम्मान-२०७८’ प्रदान गरिएको थियो ।

एकनारायण भण्डारी, कालीप्रसाद बास्कोटा, राज सिग्देल र माण्डवी त्रिपाठीलाई ‘नातिकाजी राष्ट्रिय सङ्गीत पुरस्कार-२०७८’ प्रदान गरिएको थियो भने देवेन गिरी, दीपक शर्मा, कृष्ण काफ्ले र अस्मिता अधिकारीलाई ‘नातिकाजी राष्ट्रिय प्रतिभा पुरस्कार-२०७८’ तथा सङ्गीत गुरु चन्दनकुमार श्रेष्ठलाई ‘नातिकाजी राष्ट्रिय शास्त्रीय सङ्गीत पुरस्कार-२०७८’, लोक गायिका देवी घर्तीलाई ‘नातिकाजी राष्ट्रिय लोक सङ्गीत पुरस्कार’ र रविन कार्की ढलीलाई ‘नातिकाजी राष्ट्रिय सङ्गीत संयोजक तथा वाद्य पुरस्कार’ दिइयो ।

नातिकाजी स्मृति समाजका अध्यक्ष शम्भुजीत बास्कोटाले नेपाली सङ्गीतको मौलिक सिर्जनाका क्षेत्रमा नातिकाजीको अतुलनीय योगदानको रहेको चर्चा गरे ।


## चैनपुर नगरपालिकाको अनुरोध

- आफ्नो आम्दानीको वैधता सुनिश्चित गरौं ।
- स्थायी लेखा नम्बर लिएर मात्र कारोबार गरौं ।
- वस्तु वा सेवा खरिद गर्दा बिल लिने-दिने बानी गरौं ।
- कर तिरी नगर विकास कार्यमा सहभागी बनौं ।
- समयमै कर तिरी जरिवानाबाट बचौं ।
- करको चर्चा घरघरमा गरौं ।
- हामीले तिरेको कर हाम्रै लागि ।

चैनपुर नगरपालिका
संखुवासभा




# पहिलो अन्तर्राष्ट्रिय नेपाली ‘रियालिटी शो’ अमेरिकाबाट सुरु

विश्वभर छरिएर रहेका गायन र नृत्यका नेपाली प्रतिभाको प्रतिस्पर्धा गराइने पहिलो अन्तर्राष्ट्रिय ‘रियालिटी शो’ मेरो भ्वाइस युनिभर्स र मेरो डान्स युनिभर्स अमेरिकाको ओहायोबाट सुरु भएको छ। इन्ट्रा-नेसनल वेलफेयर एण्ड सपोर्ट फाउण्डेसन अफ अमेरिकाको आयोजनामा हुने यी दुवै शोको संसारभरका लागि पहिलो अडिसनको फाउण्डेशनका अध्यक्ष डिल्ली अधिकारीले अमेरिकाको ओहायो राज्यको कोलम्बस सहरमा उदघाटन गरेका हुन।

अमेरिका र क्यानडाका विभिन्न सहरबाट कोलम्बसमा भेला भएका प्रतिस्पर्धी, उनीहरूका आफन्त र स्थानीय नेपालीभाषी समुदायको उपस्थितिमा उदघाटन भएका दुवै शोको पहिलो अडिसन पनि सम्पन्न भएको छ।

अमेरिका र क्यानाडाका गरी गायनमा एक सय ८७ र नृत्यमा ७६ प्रतिस्पर्धीले सहभागिताका लागि आवेदन दिएका थिए। नेपालको पहिलो अन्तर्राष्ट्रियस्तरको यो पहिलो अडिसनमध्ये गायन विधामा सर्वाधिक अंक ल्याउने १५ प्रतियोगी ‘साइट्लेस अडिसन’का लागि छनोट भएका छन्। उनीहरूबीच काठमाडौंमा प्रतिस्पर्धा हुनेछ। नृत्यका लागि भने अमेरिकाको पेन्सिलभेनिया राज्यको ह्यारिसवर्ग सहरमा फेब्रुअरी ५ मा अर्को अडिसन हुने र सो अडिसनबाट टप १२ छनोट गरी नेपालको साइटलेस अडिसनका लागि पठाइने आयोजक संस्था फाउण्डेनका अध्यक्ष अधिकारीले जानकारी दिए।

मेरो भ्वाइस युनिभर्समा अमेरिकाबाट छानिने १५ उत्कृष्ट प्रतियोगीमा ओहायो राज्यको सिनसिनाटी सहरका टेक दुधराज, टेक्सासबाट मोनरथ तिवारी, कोलम्बसबाट तारा तिवारी, ओहायो पटसकलाबाट सागर सुवेदी, क्लिभल्याण्डबाट मोनी दियाली, पेन्सिलभेनियाबाट जीवन गुरुङ, केन्टकीबाट मन्जु लामा, केन्टकीकै राजेश सुब्बा, न्यू ह्याम्सायरबाट मनिष हुमागाईं, केन्टकीबाट प्रनिम राई, आहायोबाट टेक ढुङ्गेल, एक्रोनबाट किस्सन भुजेल, इरी पेन्सिलभेनियाबाट नैन मगर, भर्मण्ट मोन मगर र योर्क सिटीबाट सिद्धान्त आले छानिएका छन्।

अमेरिका र क्यानडाको लागि भ्वाइसमा सङ्गीतकार तथा गायक केशव पौडेल, गायिका नलिना चित्रकार र गायक अर्जुन रसाइली तथा नृत्यका लागि नायक दिलीप रायमाझी, नृत्य प्रशिक्षक शङ्कर विसी र नृत्य प्रशिक्षक नरमान राई निर्णायक मण्डलमा थिए।

उदघाटनका अवसरमा अध्यक्ष अधिकारीले विश्वभर छरिएर रहेका नेपालीभाषी समुदायका गायन र नृत्य क्षेत्रका उत्कृष्ट प्रतिभा पहिचान गर्नका लागि विश्वस्तरीय प्रथम अन्तर्राष्ट्रिय दुईवटा रियालिटी शोहरू ‘मेरो भ्वाइस युनिभर्स’ र ‘मेरो डान्स युनिभर्स’ सुरु गर्दा आफूलाई गर्व लागेको बताए। नेपालभित्र र संसारको जुनसुकै कुनामा बसेका भए पनि नेपाली कला, संस्कृतिप्रति अगाध आस्था र विश्वास राख्ने हरेक नेपालीले आफू रहेकै स्थानमा विश्वभर परिचय बनाउन यी शोहरूले उपयुक्त अवसर दिने उनले बताए।

अध्यक्ष अधिकारीका अनुसार, दुवै शोमा प्रथम हुनेलाई जनही एक करोड रकम पुरस्कार दिइने छ। उनले यति ठूलो धनराशि पुरस्कार भएको नेपाली रियालिटी शो यो नै पहिलो भएको पनि जानकारी दिए।

फाउण्डेसनले दुवै प्रतियोगिताका लागि प्रतियोगी नेपाली मूलको हुनु अनिवार्य रहेको र प्रतियोगी नेपालीभाषी हुनुपर्ने, प्रतियोगीको उमेर १८ वर्ष पुगेको हुनुपर्ने, अडिसनको समयमा अडिसनस्थलमा नै प्रतियोगीको उमेर खुलेको आधिकारिक परिचयपत्र देखाउनु पर्ने, दुवै प्रतियोगिताका प्रत्येक इपिसोड नेपाली संस्कृति र राष्ट्रिय भावनाको प्रस्तुतिबाट सुरुआत गरिने र प्रत्येक इपिसोडमा नेपाली कला र सांस्कृतिक क्षेत्रका बरिष्ठ व्यक्तित्व एवं कलाकारको सम्मान गरिने पनि जानकारी दिएको छ।

अडिसनबाट छनोटमा परी अमेरिका, क्यानडा, युरोप, थाइल्याण्ड, अष्ट्रेलिया, संयुक्त अरब इमिरेट्सको दुबई र भारतबाट प्रस्तुतिका लागि नेपाल जान पाउने सबै प्रतियोगीको यात्रा खर्च फाउण्डेशनले नै भुक्तानी दिने र टप ४० भित्र पर्ने प्रतियोगीका लागि खाना र होटल खर्चको व्यवस्था गरिने तथा नेपाल र भारतबाहेकका अरु देशबाट प्रतियोगिताका लागि नेपाल जाने प्रतिस्पर्धीका लागि आवासको व्यवस्था पनि गरिने आयोजकले जनाएका छन्।

# मिस नेपाल २०२३ का लागि आवेदन खुला

मिस नेपाल २०२३ का लागि आवेदन खुला गरिएको छ। द हिडन ट्रेजरले पत्रकार सम्मेलनमार्फत नयाँ संस्करणका लागि आवेदन खुला गरेको जनाएको हो।

प्रतियोगितामा सहभागी हुन इच्छुकले आगामी चैत १ गतेसम्म मिस नेपालको वेबसाइटमार्फत निःशुल्क आवेदन दिन सक्नेछन् । यो प्रतियोगितामा यसअघि जस्तै मिस नेपाल वर्ल्ड, मिस नेपाल अर्थ र मिस नेपाल इन्टरनेशनल गरी तीन मुख्य विजेताहरू हुने आयोजकले जनाएको छ।

नयाँ संस्करणको प्रतियोगितामा सातै प्रदेशबाट प्रत्यक्ष अडिसन हुने भएको छ। पत्रकार सम्मेलनमा प्रतियोगितालाई फराकिलो बनाउँदै सातै प्रदेशमा अडिसन आयोजना गरिने र स्थानिय प्रतिस्पर्धीलाई समेट्ने तयारी गरिएको द हिडेन ट्रेजरका अध्यक्ष दिवाकर राजकर्णिकारले बताए। काठमाडौं अडिसन आगामी चैत ४ गते तथा इटहरी, वीरगन्ज, पोखरा, नेपालगन्ज, सुर्खेत र धनगढीलगायतमा क्षेत्रीय अडिसन आवेदन संकलन गरिएलगतै गरिने अध्यक्ष राजकर्णिकारले जानकारी दिए।





**वसन्त वित्यासी थापा**
अध्यक्ष, गीतकार संघ नेपाल

# गीतसंगीत र गीतकारको हकहितमा काम गर्नेछु

• हरिराम पौडेल

चर्चित गीतकार वसन्त बित्यासी थापा गीतकार संघ नेपालको अध्यक्षमा निर्वाचित भएका छन्। गीतकार संघ नेपालको तेह्रौं साधारणसभा तथा छैटौं अधिवेशनबाट थापाको नेतृत्वमा ११ सदस्यीय नयाँ कार्यसमिति चयन भएको हो। गीतकार संघ नेपालको स्थापना संगै विभिन्न पदीय भूमिकामा रहेका थापाले यसअघिको कार्यकालमा उपाध्यक्षको जिम्मेवारी सम्हालेका थिए। छैटौं अधिवेशनबाट उनी संघको अध्यक्षमा निर्विरोध निर्वाचित भएका हुन्।

संघको अधिवेशनबाट थापाको अध्यक्षतामा ११ सदस्यीय कार्यसमिति गठन गरिएको छ। जसको उपाध्यक्षमा रमेश कोईराला, महासचिवमा टिका राई (शिव), सचिवमा शितल कादम्बिनी र कोषाध्यक्षमा चेतन खतिवडा चयन भएका छन् भने सदस्यहरूमा कमल पौडेल, जीवन मुकारुङ, सुरेन्द्र थपलिया, राधा पाण्डे गिरी, तिब्बत बहादुर दर्लामी र भगवती रोक्का (भूमिका) चयन भएका छन्।

> अग्रज तथा अनुज गीतकारहरुले म माथि ठुलो भरोसा राखेर गीतकार संघ नेपालको अध्यक्ष जस्तो गरिमामय जिम्मेवारी सुम्पनुभएको छ, म संस्थाको गरिमालाई अझ उच्च बनाउन हरपल लाग्ने प्रतिवद्धता व्यक्त गर्दछु।

संघ गीतकारहरूको हक हितका लागि स्थापना गरिएको संस्था हो।

संघको अन्य पदमा निर्विरोध भए पनि उपाध्यक्ष र महासचिवमा भने निर्वाचन भएको थियो। उपाध्यक्षमा रमेश कोइरालाले प्रत्यासी विपिन किरणलाई र महासचिवमा टीका राई (शिव)ले प्रतिद्वन्द्वी महेश आचार्यलाई पराजित गर्दै निर्वाचित भएका हुन्।

प्रा.डा. कृष्णहरि बरालको नेतृत्वमा स्थापना भएको गीतकार संघ नेपालको अध्यक्षमा योगेन्द्रमणी दाहालले (दुई कार्यकाल), चूडामणी देवकोटाले (दुई कार्यकाल), शुभ मुकारुङले एक कार्यकाल नेतृत्व गरिसकेका छन्।

चर्चित गीतकार वसन्त वित्यासी थापाको जन्म तनहुँ जिल्लाको मनपाङ्ग गा.वि.स वार्ड नं. ९ मा पिता मिन बहादुर मश्राङ्गी मगर र माता बिनिसरा मश्राङ्गी मगरबाट विक्रम सम्वत २०२७ चैत्र १५ गते भएको हो। उनका हाल सम्म ६ दर्जन भन्दा बढि गीत रेकर्ड भइसकेका छन्।

गीतकार वसन्त वित्यासी थापाले कक्षा ३ सम्मको अध्ययन स्थानीय सरस्वती प्रा.वि.हर्कपुर, तनहुँबाट पुरा गरे भने कक्षा ४ देखि प्रवेशिका सम्मको अध्ययन तनहुँको थर्पुस्थित मीन माध्यामिक विद्यालयबाट पुरा गरे। विद्यालयको पढाई सकेर उच्च शिक्षा अध्ययनको लागी उनी पोखरा पुगे। पोखराको पृथ्वी नारायण क्याम्पसबाट प्रविणता प्रमाण तह उत्तीर्ण गरेर उनी काठमाण्डौ प्रवेश गरे। काठमाण्डौ प्रवेशसँगै उनको संगीतिक जीवन पनि सुरु भयो र रत्न राज्य क्याम्पसबाट स्नातक सम्मको अध्ययन पनि पुरा गरे।

उनले संगीत, पर्यटन र समाजसेवालाई आफ्नो पेशा बनाए। पछिल्लो समयमा भने उनी पर्यटनलाई छोडेर संगीतलाई नै आफ्नो पेशाको रुपमा अंगाल्दै आएका छन् भने बचेका समयमा सामाजिक कार्यहरूमा पनि उनी उत्तिकै सक्रिय रहन्छन्। समाजसेवाका कार्यहरूमा आफूलाई व्यस्त राख्दा छुट्टै खालको अनुभूति मिल्ने बताउने गीतकार वसन्त वित्यासी थापाका विभिन्न सांगीतिक कृतिहरू बजारमा आइसकेका छन्।

उनका अविरल गीति एल्वम २०४९, ठुलानी गीति एल्वम २०५७, गहना गीति एल्वम २०५९, मित्रता गीति एल्वम २०६० बजारमा आइसकेका छन भने २०४० देखि

२०५९ सम्मका गीतहरूको विशेष संगालो 'दशक' भण्डै एक दशक अगाडि बजारमा आएको हो । उनले सांगीतिक प्रस्तुतिको सिलसिलामा हङकङ, भारत, चीनलगायतमा मुलुकको भ्रमण गरेका छन् भने स्वदेशका विभिन्न जिल्लाहरूमा पनि उनले संगितिक भ्रमण गरेका छन् ।

एस.एल.सी परीक्षा दिएसँगै गीति लेखनमा सक्रिय रहेका बसन्तले त्यसपछिका दिन गीत संगीतकै सेवामा समर्पित गरे । द बेष्ट टोन म्युजिक कम्पनी खोलेर आधुनिक, लोकदोहोरी, भाषाभाषी, भजन तथा फिल्मी गीतका क्यासेटहरूको बजार प्रवद्धन र विक्री वितरण गरेर गीत संगीतको श्रीवृद्धिमा योगदान दिएका वित्यासी जीवनका आरोह-अवरोहमा भोगेका अनुभव र अनुभूतिलाई सर्लक्क गीतमा उतार्न सक्ने क्षमतावान गीतकार हुन भन्ने वास्तविकता उनले लेखेका गीतहरूले पुष्टि गर्दछन् ।

भाषा, साहित्य, कला, संस्कृति र गीत-संगीत भनेको देशको पहिचान हो भन्ने विश्वास राख्ने गीतकार वसन्त वित्यासी थापाले गीतकार संघ नेपालको अलवा अन्य विभिन्न सांगीतिक तथा जनजातिका संघसंस्थाहरूमा पनि आवद्ध रहेर गीत संगीतको सेवा गर्दै आएका छन् । आदिवासी गीतकार समाजको उनी संस्थापक कोषाध्यक्ष हुन् भने उक्त संस्थाको अध्यक्षको भूमिकामा समेत उनले सेवा गरिसकेका छन्, आदिवासी जनजाति श्रष्टा कलाकार संघको पनि उनी संस्थापक कोषाध्यक्ष हुन् ।

रित्तो सडकमा, नजरको दोषी बनि, पहिलो भेटको, भिज्यो है भिज्यो, कसको आँखा लाग्यो बरै, विन्ति, हिँड्दा कहिले ठेस लाग्छ आदि उनका चर्चित गीतहरू हुन् । वरिष्ठ संगीतकार राजु सिंहको दर्विलो साथले यो क्षेत्रमा अगाडि बढ्न सकेको बताउने वित्यासीले केहि चलचित्रहरूमा समेत गीत लेखेका छन् । साथै उनका गीतहरूमा आनन्द कार्की, सुनिता सुब्बा, लोचन भट्टराई, रिमा गुरुङ होडा, रामकृष्ण ढकाल, देवराज आलेमगर, तारा श्रीष, यम बराल, पुन्यम प्रधान, जोन, नविन के. भट्टराई, सविता खरेल, पुनम गुरुङ आदिले समधुर स्वर दिएका छन् भने विजय सिंह मुनाल, राजु सिंह, सचिन सिंह, सुरेश अधिकारी, महेश खड्का, अशोक राई, कल्याण सिंह, निराश मगर आदिले संगीतवद्ध गरेका छन् ।

परिवारका तीन दिदीबहिनी र चार दाजुभाई मध्येका साहिला वित्यासीका श्रीमती रुपा तथा एक सुपुत्र महिम रहेका छन् । गीतकार संघ नेपालको अध्यक्षमा निर्वाचित भएसँगै गीत संगीतको क्षेत्रमा सेवा गर्ने गहन जिम्मेवारी थपिएको महशुष गरेका थापाले आफ्नो कार्यकालमा गीतकार संघ नेपालको छवि उच्च राख्न तथा गीत, संगीत तथा गीतकारको हकहितमा हरतरहले लागिपर्ने बताएका छन् ।

उनी भन्छन्- 'अग्रज तथा अनुज गीतकारहरूले म माथि ठुलो भरोसा राखेर गीतकार संघ नेपालको अध्यक्ष जस्तो गरिमामय जिम्मेवारी सुम्पनुभएको छ,  म आफ्नो ठाउँबाट यस संस्थाको गरिमालाई अझ उच्च बनाउन हरपल लाग्ने प्रतिवद्धता व्यक्त गर्दछु ।' अर्थ र रोजगार परिवार बसन्त वित्यासी थापा तथा उनको कार्यसमितिको सफलताको लागि हार्दिक शुभेच्छा व्यक्त गर्दछ ।

जे देखियो

# खुशी किन हराइरहेको छ ?

मन्दिरै मन्दिरको शहर काठमाडौंमा शुद्ध मन भएका मानिस भेटिन छाडेका छन् । शुद्ध आत्माले पुजा गर्नेहरूको मन धमिलो हुन थालेको छ । इमान्दारिताको खडेरी परिरहेको छ । इमान र इज्जत भेटिन छाडेका छन् । जतातत्तै बेथिति र नैराश्यताले मानिसहरू निरस देखिन थालेका छन् । खुशी हराएको शहर झैं लाग्न थालेको छ ।

केही मुठ्ठीभरका लागि स्वर्ग भएता पनि गरिखाने इमान्दार र परिश्रमीहरूका लागि अहिले निकै सकस पर्न थालेको छ । आफ्नै देशमा उद्यमशिल बन्छु र आफ्नै माटोमा केही गर्छु भन्नेहरू अपवाद बाहेक सबै निरास छन् । दिउसै राजधानीमा जलेका प्रेम प्रसादको कथाले धेरैको मुटु कमाइदिएको छ । आफ्नै मुलकमा केही गरौं भन्ने हुटहुटी बोकेका अनि आफ्नै देशमा काम गरेर खानु पर्छ भन्ने नजलेका धेरै प्रेम प्रसादहरूको पीडा कारुणिक छ ।



फणिन्द्र दाहाल

बैंकमा आफ्नो जायजेथा राखेर ऋण माग्दा पैसा छैन भन्छन, बल्ल बल्ल पैसा पाइहाले पनि महंगो ब्याज । अनि ब्याज तिर्न नसक्दाको ऐठन । उता सहकारीमा आफैले जम्मा गरेर राखेको पैसा चाहिएको बेला निकाल्न सकस । व्यापारीहरू घाटा खप्न नसकेर बेचैन । सरकारसँग दुरदर्शी नीति नहुँदा र सरकार सञ्चालकहरू आफ्ना नागरिकको समस्या भन्दा आफ्नै कुर्सी जोगाउने खेलमा लाग्दा जनता जहिल्यै बिचराका पात्र बनिरहेका छन् ।

ब्यापारीहरू सबै आन्दोलन गरिरहेका छन् । अधिकांश युवा बैदेशीक रोजगारको खोजीमा शैक्षिक परामर्शदाता र मेनपावरमा लाइन लागेका भेटिन्छन । आक्कल झुक्कल बाहिर भेटिएकाहरू पनि कोही ठगिएका त कोही ठग्नेहरू मात्र भेटिन्छन । बिचौलियाहरू मोटाइरहेका छन् भने सर्वसाधारणहरू पिल्सिएका पिल्सियै छन् । सरकारको बिश्वास मरिसकेको छ । मानिसका खुशी हराएका छन् ।

ठग्ने र ठगिनेहरूको शहरमा यतिधेरै बेथिती देखिँदा आशाका केही घेरा भने नदेखिएका होइनन् । जहाँ बेथिती तथा समस्याहरू हुन्छन् त्यहाँ नै सुधारको लागि बाटो खुल्छ । नेपालजस्तो सानो देशमा खुशी छर्न ठूलो छलाङ केही मार्नै पर्दैन । जनताका पक्षमा राज्यले आफ्नोपना मात्र देखाउन सके पनि नेपालीहरू आफै खुशी हुन्छन् । दुई छाक पेटभरी खाएर देशका लागि हाँसी-हाँसी काम गर्न नेपालीहरू आतुर छन् । मात्र जनताका पक्षमा सरकार लाग्नुपर्छ । जनताको मर्मलाई सरकारले नजिकबाट सम्वोधन गर्नुपर्छ । महाभुकम्प र कोरोना महामारीलाई त भुलेका नेपाली जनतालाई खुशीको अतिकति मुस्कान दिन अव सरकारले ढिला गर्न हुँदैन । राजनीतिक दल तथा सरकारले आफ्ना प्रतिवद्धता तथा कार्यक्रमहरू कार्यान्वयन गर्न सकेमा मात्र नेपालीहरूको मुहारमा मुस्कान छाउने थियो ।



# सार्वजनिक सम्पत्तिको संरक्षण गरौं

- सार्वजनिक सम्पत्तिको अतिक्रमण नगरौं ।
- सार्वजनिक सम्पत्ति स्याहार संभार गरी सार्वजनिक काममा प्रयोग गरौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गर्नु सबैको कर्तव्य हो ।
- सार्वजनिक सम्पत्तिको अतिक्रमण र हानिनोक्सानी कानुनी रुपमा दण्डनीय हुन्छ ।
- सार्वजनिक सम्पत्तिको अतिक्रमण वा हानिनोक्सानी हुँदा सम्बन्धित निकायमा जानकारी गराउनु नागरिकको कर्तव्य हो ।

**नेपाल सरकार**

**विज्ञापन बोर्ड**

Crystal Diagnostic
Screening for Clarity

CERTIFIED ISO 9001:2015 COMPANY

Trusted Solutions, Not Just Results

# Protect Your Health, Diagnose Earlier.

'A' grade pathology laboratory certified by NPHL, Government of Nepal

## OUR SERVICES

- Antigen Testing
- Biochemistry
- Cytology
- Flucytrometry
- Haematology
- Histopathology
- Immunochemistry
- Immunofluorescence
- Immunology
- Microbiology
- Molecular RT-PCR Test
- Molecular Diagnostics
- Various Allergy Testing
- Virology

Contact: 01-4561020/21/30
Mobile: 9802302157, 9802301020
Address: Sinamangal, Kathmandu
Visit Website: www.crystaldiagnosticlab.com

# विदेशबाट पठाएको रकम सिधै IME Pay मा प्राप्त गर्नुहोस्




IME Pay मा बिदेशबाट पठाएको
पैसा प्राप्त गर्दा पाउनुहोस रू. ५०।- बोनस ।

IME® International Money Express
*Fast, Reliable And Secure Remittance*

IME pay
GET IT ON Google Play
Download on the App Store
SCAN & DOWNLOAD


सबै नेपालीको
बचत खाता
'अविश्वसनीय
उच्चतम् ब्याजदर,
'अब बचत खातामै
सम्भव छ !
अब शुन्य मौज्दातमै खाता खोल्नुहोस्, साथै यदि तपाईको कुनै पनि बैंक/वित्तीय संस्थामा खाता छैन भने रु १०० बैंकले नै जम्मा गरिदिने।
अन्य धेरै सेवाहरुका साथै बचतमा उच्चतम् प्रतिफल प्राप्त गर्नुहोस्।
निशुल्क*:
मोबाइल बैकिङ्ग
इन्टरनेट बैकिङ्ग
डेबिट कार्ड
चेक बुक
Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक
GLOBAL CONNECT
Call Us : +977-1-5970600
globalconnect@gibl.com.np
'[ICRANP-IR] A' Rated
EUROMONEY
AWARDS FOR EXCELLENCE
2022
NEPAL
BEST BANK




a product of

HBL हिमालयन बैंक लिमिटेड Himalayan Bank Ltd.

www.himalayanbank.com/himalremit

टोल फ्रि १६ ६00 १११ 000

रेमिटान्स सेन्टर, कर्पोरेट अफिस, कमलादी, काठमाण्डौ

फोन: ००९७७-१-४२५०३५४

QR SCAN FOR MORE DETAILS.

Follow us on:

himalremit

@himalremit

@himalremit